सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ पुस २०८२, सोमबार (22 Dec 2025, Monday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

कार्यकारी जिम्मेवारीमा फर्किए रवि

चुनावमा भिड्न कांग्रेस-एमालेलाई चुनौती



आठ महिनापछि पार्टीको कार्यकारी भूमिका लिन रवि सोमबार पार्टी कार्यालय जाँदै । तस्बिर : **संजित परियार**

■ संसद् पुनर्स्थापना पक्षधरलाई प्रश्न र खबरदारी-

केही मानिसहरू संसद् पुनर्स्थापनाका लागि दौडधुप गर्न थालेका छन् रे । तपाईंहरूले कुन संसद् ब्युँताउन खोज्नुभएको ? दुईतिहाइको दम्भ राखेर नेपाली जनतालाई बेच्ने संसद् फेरि ब्युँताउन खोज्नुभएको ? जनताका मुद्दा बोल्दाबोल्दै माइक काट्ने संसद् फेरि ब्युँताउन खोज्नुभएको ? भ्रष्टाचारका काण्डमा छानबिन गर भनेर आवाज उठाउँदा छानबिन होइन, संख्याको बलमा सामसुम पार्न खोज्ने संसद् ब्युँताउन खोज्नुभएको ? चुनावसम्म मात्र होइन, त्यसपछि पनि बिर्सन नहुने एउटा कुरा बताउँछु- यिनीहरूले कलिला केटाकेटीको रगत पिएका छन्, यो हामी बिर्सन सक्दैनौं । तिनीहरू सबैको अनुहारमा केटाकेटीको रगतको छिटा परेको छ । खबरदार ! षड्यन्त्रको शृंखला अब बन्द गर्नुहोला, धेरै आँखा नचम्काउनुहोला ।

■ चुनाव बिथोल्न होइन, प्रतिस्पर्धा गर्न एमालेलाई चुनौती-

भागेका केही शक्ति निर्वाचन बिथोल्नका लागि आफैं घटना घटाउन लागिरहेका छन् । चारतिर घटना घटाइदिने, आफ्नै मान्छे खटाइदिने अनि वातावरण बिग्रियो, सरकारले सम्हाल्न सकेन भनेर मुन्टो निकाल्न खोज्दै छन् । मुन्टो निकाल्न पर्दैन, चुनावको वातावरण बिगार्न पर्दैन । पछाडि हट्ने काम नगर्नुहोस्, बहादुरीका साथ अगाडि आउनहोस् । पार्टीको चुनाव जितेजस्तै आमचुनाव पनि जिते भैगो । तर, चुनाव बिथोल्न पाइँदैन । बालबालिकाको रगतमाथि खेलाँची गर्न पाइँदैन ।

नयाँ पत्रिका

आठ महिनापछि पुनः कार्यकारी जिम्मेवारीमा फर्किएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले चुनाव बिथोल्ने षड्यन्त्र नगर्न बरु चुनावी मैदानमा आएर प्रतिस्पर्धा गर्न ठुला दललाई चुनौती दिएका छन् । जिम्मेवारीमा फर्केलगत्तै केन्द्रीय कार्यालय घन्टीघरबाट समर्थकलाई सम्बोधन गर्दै लामिछानेले न्यायको लडाइँ जारी रहेको पनि बताएका छन् ।

२२ चैतमा पुर्पक्षका लागि थुनामा परेपछि उपसभापति डिपी अर्याललाई कार्यवाहक सभापतिको जिम्मेवारी सुम्पेका लामिछाने न्यायिक आदेशपछि शुक्रबार थुनामुक्त भएका थिए । त्यसको दुई दिनमै आइतबार उनी औपचारिक रूपमा पार्टी नेतृत्वमा फर्किएका हुन् । लामिछानेलाई नेता-कार्यकर्ताले आइतबार केन्द्रीय कार्यालयमा बाजागाजासहित स्वागत गरेका थिए ।

'म पार्टीको जिम्मेवारीमा फर्केको छु । मैले न्याय पाउन बाँकी छ । न्यायमा लडिरहनेछु । मैले आफ्नो न्यायका लागि त लड्नु छँदै छ, तर त्योभन्दा धेरै सिंगो देशका लागि भएको अन्यायका लागि लड्नु महत्त्वपूर्ण छ । मलाई यहाँहरूको साथको आवश्यकता छ,' उनले भने ।

लामिछानेले नयाँ शक्तिहरू एक ठाउँमा आएर परिवर्तन गर्नुपर्छ भन्ने भावनालाई आफूले बुझेको बताए । 'पार्टीमा समावेश भएर हाम्रो अभियानलाई महाअभियान

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्री कार्कीसँग रविको भेट



चुनावको सुनिश्चितता जान्न खोजेका रविलाई प्रधानमन्त्रीको जवाफ-

चुनाव हुँदैन भन्ने द्विविधा नै नराखौं । मेरो दिमागमा दुइटा सिन आइरहेको छ । जुन दिन गोली चल्यो, स्कुलको पोसाकमा साथीहरू हिँडिरहेको वेला विद्यार्थी गोली लागेर ढलेर साथीको काखमा ज्यान गयो । त्यो दृश्य दिमागमा आउँछ । त्यसले जसरी पनि चुनाव गर्नुपर्छ भन्ने आँट आउँछ । दोस्रो दृश्य फागुन २१ को चुनाव सम्पन्न भएर हात धोएर घर जाने आउँछ । यो दुइटा दृश्य मात्रै छ मेरो दिमागमा, अरू केही छैन ।

काठमाडौं/ २५८ दिनपछि रास्वपा सभापतिकै भूमिकामा फर्किएका रवि लामिछानेले प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर तोकिएकै मितिमा चुनाव हुनुपर्ने ग्यारेन्टी खोजेका छन् । उपसभापतिद्वय डिपी अर्याल र स्वर्णिम वाग्ले तथा नेताहरू शिशिर खनाल र सोविता गौतमसहित आइतबार साँझ बालुवाटार पुगेका लामिछानेले निर्वाचनका लागि सरकारले गरिरहेको तयारीबारे चासो राखेका थिए । जवाफमा प्रधानमन्त्री

» पृष्ठ २ मा क्रमशः

देशलाई २२ भदौतिरै फर्काउने रणनीतिमा कांग्रेस-एमाले

सरकारले चुनावको तयारी गरिरहेको वेला दुई ठुला दल संसद् पुनर्स्थापनामार्फत जेन-जी आन्दोलनपूर्वकै विरासत र शक्ति सन्तुलन फर्काउने योजनामा, विघटित प्रतिनिधिसभाका बहुमत सांसदको हस्ताक्षरसहित पूरक रिटको तयारी

■ लोसपाको पनि साथ, तर अशोक राईले मानेनन् एमालेको अनुरोध

कांग्रेसलाई 'कन्भिन्स' गरेपछि एमाले उत्साहित

● **महेश बर्तौला**, निवर्तमान मुख्य सचेतक



कांग्रेसलाई आग्रह गरेपछि बहुमत पुऱ्याऔं भन्ने भयो । संसद्को पुनर्स्थापनाको पक्षमा एमालेका ७५ सहित १४१ मत पुगेको छ ।

देउवाको इसारामा कांग्रेस संस्थापन अदालत जाने हतारोमा

● **श्याम घिमिरे**, निवर्तमान प्रमुख सचेतक



कांग्रेसका ६६ सांसदको हस्ताक्षर पुगिसक्यो । अब सोमबार वकिललाई बुझाउँछौं र पूरक निवेदन लिएर सर्वोच्च जान्छौं ।

■ **तर, महामन्त्री गगन थापा पक्षधर र नेता डा. शेखर कोइरालाले गरेका छैनन् हस्ताक्षर**

कमलराज भट्ट/नयाँ पत्रिका

विघटित प्रतिनिधिसभाका प्रमुख दुई दल तथा जेन-जी आन्दोलनपूर्वको गठबन्धन सरकारका साझेदार कांग्रेस र एमाले संसद् पुनर्स्थापनाको मागसहित बहुमत निवर्तमान सांसदको हस्ताक्षर लिएर संयुक्त रूपमा सर्वोच्च अदालत जाने तयारीमा जुटेका छन् । अन्तरिम सरकारले २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि तयारी तीव्र पारिरहेका वेला

» पृष्ठ २ मा क्रमशः

चक्रपथको कलंकी-महाराजगन्ज खण्ड अस्तव्यस्त
सास्ती खेप्दै सर्वसाधारण



निर्माण सामग्रीमा कर छुट दिनुपर्ने अडान राख्दै चिनियाँ पक्षले काम रोकेपछि दुई वर्षदेखि अलपत्र छ कलंकी-महाराजगञ्ज सडकखण्ड

(विस्तृत पृष्ठ ३)

चिनियाँ अदालतमा एक अर्ब जमानत जफतको मुद्दामा नबिल बैंकको जित

माथिल्लो त्रिशूली थ्री-बी जलविद्युत्को ठेक्का सम्झौताबाट हटाइएको चिनियाँ निर्माण कम्पनीले काउन्टर ग्यारेन्टीबापतको ७.४५ मिलियन डलर भुक्तानी नदिन सिचुआनको तल्लो र माथिल्लो अदालतमा दायर गरेको मुद्दा हार्‍यो, नबिल बैंकले चाँडै भुक्तानी पाउने

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ संसद् पुनर्स्थापनामा किन र कसरी नजिकिए ओली-देउवा ?



जेन-जी आन्दोलनपछि विकसित राजनीतिक परिस्थितिबिच बनेको अन्तरिम सरकारले संसद् विघटन गर्दै २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्ने निर्णय गरेसँगै दलगत प्रतिक्रिया आउन थाले । एमालेले अन्तरिम सरकार, संसद् विघटन र निर्वाचन तीनै खारेज गर्दै संसद् पुनर्स्थापनालाई एकसूत्रीय एजेन्डा बनायो । कांग्रेसले संसद् विघटनलाई असंवैधानिक भने पनि निर्वाचनमा जाने निर्णय लिएको थियो । एमाले संसद् ब्युँताउन माग गर्दै रिट लिएर सर्वोच्च अदालत पुगेपछि राजनीतिक समर्थन जुटाउन थाल्यो । त्यसपछि १९ मंसिरमा ओली र देउवाबिच भेटवार्ता भयो, जहाँ बहुमत सांसदको हस्ताक्षरसहित रिट अदालत लैजाने सहमति बनेको उच्च स्रोतहरू बताउँछन् । त्यसको भोलिपल्ट कांग्रेसका आठ सांसदले पनि संसद् पुनर्स्थापनाको मागसहित सर्वोच्च अदालतमा रिट दायर गरे । साथै कांग्रेसभित्र थप सांसदको हस्ताक्षर संकलन अभियान चलाइयो । आइतबारसम्म ६६ सांसदले हस्ताक्षर गरिसकेका छन् । एमालेका ७५ सांसदको हस्ताक्षर छ । यससँगै विघटित प्रतिनिधिसभाका बहुमत सांसदको हस्ताक्षर जुटेको छ र सम्भवतः सोमबार संयुक्त रूपमा अदालत जाने तयारी छ । स्रोतका अनुसार संसद् पुनर्स्थापना भए प्रधानमन्त्रीमा देउवालाई समर्थन गर्ने प्रस्ताव ओलीले अघि सारेका छन् । यही प्रस्तावका कारण देउवा र उनको टिम ओलीको मार्गचित्रअनुसार अघि बढिरहेको विश्लेषण भइरहेको छ ।

राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेल भन्छन्-

कांग्रेस पनि ओलीमय हुँदै गयो



पहिला कांग्रेसले निर्वाचनमा जाने निर्णय गऱ्यो । तर, ओलीको संगतमा पुगेपछि कांग्रेस पनि क्रमशः ओलीमय बन्दै गयो र उनको बहकाउमा फस्यो । अब यहाँ अंकगणितसँग मुद्दाको कुनै सम्बन्ध नै छैन । 'विघटन असंवैधानिक हो' भने पनि कांग्रेसले पुनर्स्थापनाको स्पष्ट निर्णय गरेन । जेन-जी आन्दोलनपछि कांग्रेसभित्र परिवर्तन वा सुधार हुन्छ कि भन्ने आशा पलाएको थियो । तर, त्यो आशा पनि बिस्तारै धुमिल हुँदै गयो । महाधिवेशन नै षड्यन्त्रको सिकार भएजस्तो देखिन्छ । संसद् पुनर्स्थापना भइहाल्यो भने सजिलो नै हुन्छ भन्ठानेको देखिन्छ । गुमेको स्वर्ग पाउँदा किन नलिने भन्ने पनि होला । पुनर्स्थापना हुन्छ-हुँदैन थाहा छैन । तर, कांग्रेसले यसमा बरालिएर निर्वाचनलाई बेवास्ता गरेर निर्वाचनको वातावरण बिगाऱ्यो भने त्योभन्दा हास्यास्पद तर्क अरू के हुन्छ र ?

संविधानविद् पूर्णमान शाक्य भन्छन्-

सर्वोच्चमा अंकगणितको अर्थ नै छैन



अंकगणितीय हिसाब प्रतिनिधिसभामा चाहिने हो, सर्वोच्च अदालतमा होइन । सर्वोच्चमा यो गणितको अर्थ नै छैन । त्यसले दबाब सिर्जनाभन्दा पनि एउटा कम्फर्ट जोन क्रियट गर्छ । सर्वोच्चले पुनर्स्थापना गरे बहुमतको सरकार बन्छ वा वैकल्पिक सरकार बन्न सक्छ भनेर न्यायाधीशहरूलाई आश्वासन दिन खोजेको हुन सक्छ । तर, न्यायाधीश आश्वस्त हुन्छन् भन्ने ग्यारेन्टी छैन । त्यही दुईवटा दल मिलेर सरकार बन्छ भन्ने स्पष्ट छैन । अब प्रतिनिधिसभा विघटन संवैधानिक भए-नभएसँग यो अंकको कुनै सरोकार रहँदैन । सरोकारवालाले रिट पेटिसन ल्याएन भन्ने तर्क खण्डन गर्न यो प्रयास गरेजस्तो देखिन्छ ।

हुस्सु र कुहिरोले तराई मधेशमा बढ्यो जाडो, मारमा विपन्न

रौतहटमा **अशोक पहाडी**
विराटनगरमा **गणेश लम्साल**

■ मुसहरलाई जाडोमा 'घुर'को भर



दिनभरजसो नै हुस्सु र कुहिरो लागेर घाम लाग्न नपाउँदा तराई मधेशमा जाडो बढेको छ । पुसको कठ्याँग्रिँदो जाडोको मारमा विपन्न नागरिक परेका छन् । बिहानपख त शीत पनि खस्ने गरेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार पछिल्ला दिनमा कोशी, मधेश र सुदूरपश्चिमका तराईका जिल्लामा हुस्सु र कुहिरो लाग्ने गरेको छ । यी क्षेत्रका जिल्लामा केहीबेर घाम झुल्किए पनि दिनभरजसो हुस्सु लाग्ने गरेको छ ।

बागमती, गण्डकी र लुम्बिनीका तराईमा तुलनात्मक रूपमा कम कुहिरो रहे पनि हुस्सु भने छ । एक किलोमिटरभन्दा कम पारदर्शिता हुँदा कुहिरो र एकदेखि पाँच किलोमिटरसम्म पारदर्शिता हुँदा हुस्सु भनिन्छ ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार पछिल्ला तीन दिन तराईमा हुस्सु र कुहिरो धेरै रहे पनि सोमबार र मंगलबार केही कम हुने देखिन्छ ।

'पश्चिमी वायुको प्रभाव देखिएको छ । यसले

» पृष्ठ २ मा क्रमशः

माटोको चिसो भुइँमा पराल र बोरा ओछ्याएर सुत्नुपर्ने बाध्यताका गरिब मुसहरहरू आर्थिक विपन्नताले गर्दा हरेक वर्ष आउने कठ्याँग्रिँदो जाडोका लागि न्याना सिरक र कपडा जोहो गर्न सक्दैनन् । दैनिक ज्याला-मजदुरी गर्ने बाध्यता र कमाएको पैसा बचत नहुँदा हरेक वर्ष आउने शीतलहरको कठ्याँग्रिँदो जाडो उनीहरूका लागि निकै कष्टकर बन्ने गर्छ । यसैले, उनीहरूका लागि 'घुर' नै शरीरलाई न्यानो दिने सहारा हुन्छ ।

राष्ट्रिय मुसहर संघ कोशी प्रदेशका महासचिव धर्मेन्द्र ऋषिदेवका अनुसार बुढीगंगा- १, करैया बस्तीमा मात्र नभएर देशभर रहेका करिब १० लाख मुसहरको अवस्था दयनीय छ । न्यानो लुगाको अभावमा घुर तापेरै जाडो छल्न बाध्य मुसहर बस्तीमा शीतलहर चल्न थालेसँगै जाडोकै कारण वृद्धवृद्धा, अशक्त, रोगी र बालबालिकाको मृत्युसमेत हुन्छ । संघका महासचिव धर्मेन्द्र भन्छन्, 'हाम्रो मुसहर समुदाय राजनीतिक, सामाजिक सबै रूपले सबैभन्दा पछाडि छ । यसैले जाडोमा हरेक वर्ष उनीहरू कठ्याँग्रिन बाध्य हुन्छन् । तैपनि कुनै सरकारले न्यानो कपडा र खाद्यान्न सहयोग गर्दैन ।'



देशलाई...

पृष्ठ १ बाट क्रमशः

यी दुई दल भने संसद् पुनर्स्थापनामार्फत जेन-जी आन्दोलनअघि कायम रहेको राजनीतिक शक्ति सन्तुलन पुनः स्थापित गर्ने रणनीतिमा सक्रिय देखिएका छन् ।

विघटित प्रतिनिधिसभाका प्रमुख दुई दल तथा जेन-जी आन्दोलनपूर्वको गठबन्धन सरकारका साझेदार कांग्रेस-एमाले संसद् पुनर्स्थापनाको माग लिएर बहुमत निवर्तमान सांसदको हस्ताक्षरसहित संयुक्त रूपमा न्यायालय जाने भएका छन् । अन्तरिम सरकारले २१ फागुनको प्रतिनिधिसभा निर्वाचन तयारी गरिरहेका वेला संसद् पुनर्स्थापनामार्फत जेन-जी आन्दोलनपूर्वकै राजनीतिक शक्ति सन्तुलन फिर्ता गराउने तयारीमा लागेका हुन् ।

यसअघि एमाले संस्थागत रूपमा र कांग्रेसका आठजना निवर्तमान सांसद व्यक्तिगत रूपमा संसद् पुनर्स्थापनाको माग लिएर सर्वोच्च अदालत पुगिसकेका थिए । त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीबिच भएको भेटवार्ताले प्रक्रियालाई राजनीतिक रूपमा थप अगाडि बढाएको छ । भेटपछि दुवै दल बहुमत सांसदको हस्ताक्षर जुटाएर संयुक्त रूपमा अदालत जाने तयारीमा लागेका हुन् ।

एमाले संस्थागत र कांग्रेसका आठ निवर्तमान सांसद संसद् पुनर्स्थापनाको माग गर्दै यसअघि सर्वोच्च अदालत पुगिसकेका छन् । त्यसपछि कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी ओलीबिच भेटवार्ता भएलगत्तै दुवै दल बहुमत सांसदको हस्ताक्षरसहित सर्वोच्च जाने तयारीमा जुटेका थिए । दुवै दलका नेताले बहुमत सदस्यको हस्ताक्षर जुटेको र अब न्यायालय जाने प्रतिक्रिया दिएका छन् ।

दुवै दलका नेताहरूले आवश्यक बहुमत सदस्यको हस्ताक्षर जुटिसकेको दाबी गर्दै अब अन्तिम निर्णयका लागि न्यायालयको ढोका ढकढक्याउने बताएका छन् । यो कदमले राजनीतिक अन्योलता बढाउन सक्ने र निर्वाचनको वातावरण बिगार्न सक्ने विश्लेषकको बुझाइ छ । कानुनविद् भने अदालतमा अंकगणितले काम नगर्ने बताउँछन् ।

प्रतिनिधिसभा विघटन असंवैधानिक भन्दै पुनर्स्थापनाका लागि ९ मंसिरमा ७५ जना सांसदको हस्ताक्षर बुझाएको एमालेले कांग्रेस र अन्य दललाई पनि पुनर्स्थापनाको एजेन्डामा राजी गराउँदै बहुमत सांसदको हस्ताक्षर जुटाएको हो । एमालेको अभियानमा कांग्रेस संस्थापन पक्षको समर्थन छ । कांग्रेसको संस्थागत निर्णय भने २१ फागुनको निर्वाचनमा सहभागी हुनेछ ।

विघटित प्रतिनिधिसभामा एमालेका मुख्य सचेतक महेश बर्तौलाले कांग्रेससहित बहुमत सांसदको हस्ताक्षर जुटेको दाबी गरे । 'संस्थागत निर्णयका आधारमा हामी आफैँ सर्वोच्चमा रिट लिएर गयौँ, ७५ सांसदको हस्ताक्षर पनि बुझायौँ । लोकतन्त्र र संविधानको रक्षा एमालेको मात्र होइन, सिंगो राष्ट्रकै बन्नुपर्छ भनेर अन्य दलसँग समन्वय भइरहेको थियो,' बर्तौलाले भने, 'यसै क्रममा कांग्रेसलाई आग्रह गर्‍यौँ । उहाँहरू ८ जना रिट लिएर जानुभयो । त्यसो भए बहमत पुर्‍याऔँ भन्ने भयो । संसद्को पुनर्स्थापनाको पक्षमा कांग्रेससहित १४१ मत पुगेको छ ।'

बर्तौलाले लोसपा पनि पुनर्स्थापनाको पक्षमा उभिइसकेको र नागरिक उन्मुक्ति, जनमतलगायत अन्य दलसँग पनि संवाद भइरहेको बताए । 'उहाँहरूले जोडिन्छौँ, पुनर्स्थापनाको विकल्प छैन भन्नुभएको छ । दुई-तीन दिनमा १५० सांसदको हस्ताक्षर पुग्छ,' उनले भने । अस्थिरताको निकास संसद् पुनर्स्थापना, वैधानिक सरकार र त्यसपछि जेन-जीको मागअनुसार संविधान र कानुन संशोधन हो भन्नेमा सबैको एउटै धारणा रहेको बर्तौलाको दाबी छ ।

विघटित प्रतिनिधिसभामा कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले कांग्रेसका ६६ सांसदले पुनर्स्थापनाको पक्षमा हस्ताक्षर गरेको बताए । कांग्रेसका आठजना सांसदले यसअघि २१ मंसिरमा सर्वोच्चमा रिट दायर गरेका थिए । 'ती आठसहित कांग्रेसका ६६ सांसदको हस्ताक्षर पुगिसक्यो । अब सोमबार वकिललाई बुझाउँछौँ । हाम्रो तर्फबाट पूर्वमहान्यायाधिवक्ता खम्म खातीले लिड गरिरहनुभएको छ । उहाँहरूको मिलाएर पूरक निवेदन सर्वोच्चमा बुझाउँछौँ,' घिमिरेले भने । घिमिरेले जनमतका एकजना सांसदले हस्ताक्षर गर्ने आश्वस्त पारेको बताए । लोसपा, जसपा र नागरिक उन्मुक्ति पनि सकारात्मक रहेको उनको दाबी छ ।

प्रवक्ता प्रकाशशरण महतले हस्ताक्षरलाई देशमा अन्योलता नहोस् भनेर कांग्रेसले सोचिरहेको विकल्पको कदमका रूपमा व्याख्या गरे । 'कांग्रेसको आधिकारिक निर्णयमा संसद् विघटन असंवैधानिक रहेको, निर्वाचन भए भाग लिन्छौँ भन्ने छ । तर, सरकार नै निर्वाचनमा गम्भीर नदेखिएको अवस्थामा निर्वाचन भएन भने पुनर्स्थापनाको ढोका बन्द गर्नुहुँदैन भनेर साथीहरूले हस्ताक्षर गर्दै हुनुहुन्छ,' उनले भने, 'निर्वाचन हुने खण्डमा निर्वाचन नै प्राथमिकतामा छ । निर्वाचन नहुँदाको विकल्प मात्र हेरेको हो । निर्वाचन पनि नहुने र संसद् पनि नरहने हुनुभएन । निर्वाचन सार्न हुँदैन, गर्नैपर्छ । सरकारले सक्दैन भने संसद् पुनर्स्थापना हुनुपर्छ ।'

कांग्रेस नेता डा. शेखर कोइरालाले आफूले हस्ताक्षर नगरेको र निर्वाचन हुनुपर्ने पक्षमा रहेको बताए । हस्ताक्षर गर्ने निवर्तमान सांसदको व्यक्तिगत स्वतन्त्रता रहेको र आफूले त्यसको सम्मान गर्ने बताए । 'कांग्रेसको निर्णय २१ फागुनमा चुनाव गराऊ भन्ने छ । म त्यो निर्णयमा अडिग छु । अहिले जिल्लातिर जनताको बिचमा छु, हस्ताक्षरमा संलग्न छैन,' उनले भने, 'कांग्रेसमा मेरो कुनै गुट छैन । भित्रभित्रै के-के गर्छन्, त्यो मेरो सरोकारको विषय होइन । हस्ताक्षर गर्ने व्यक्तिको स्वतन्त्रता हो । जान चाहन्छन् भने जान्छन् । साथीहरूको आफ्नो स्वतन्त्रता प्रयोग गरेको कुरालाई सम्मान छ ।' उनले निर्वाचनको सुनिश्चितता गर्ने काम सरकारको भएको पनि बताए । 'चुनाव गराउँछु भनेर मात्र भएन, एस्योर गर्ने काम सरकारको हो,' उनले भने ।

कांग्रेसमा महामन्त्री गगन थापा पक्षधर सांसदले भने हस्ताक्षर गरेका छैनन् । कांग्रेस महामन्त्री थापा पक्षधर सांसद प्रतिमा गौतमले पार्टी निर्णय नरहेकाले हस्ताक्षर नगरिएको बताइन् । 'पार्टीले निर्णय गरेको भए पार्टीकै पक्षमा उभिनै पर्थ्यो । पार्टीले निर्णय गरेको छैन । साथीहरूको कुरा सांसदहरूको व्यक्तिगत अधिकारको हुन्छ भन्ने छ,' उनले भनिन्, 'असंवैधानिक भयो, ५ वर्षे कार्यकाल पूरा गर्न पाउनुपर्छ भन्नुभएको छ । तर, हामी ताजा जनादेशमै जानुपर्छ भनेर हस्ताक्षर गरेका छैनौँ । पार्टीले निर्णय नगरेकाले बाध्यकारी बनेनौँ ।'

एमालेले जेन-जी आन्दोलनपछि बनेको सुशीला कार्कीको सरकार असंवैधानिक भएको र असंवैधानिक सरकारले गरेको प्रतिनिधिसभा विघटन पनि असंवैधानिक भएको जिकिर गर्दै पुनर्स्थापनाको माग गरिरहेको छ । यसमा कांग्रेसको संस्थापन पक्ष पनि उभिएको छ । संसद् पुनर्स्थापना गरेर वैधानिक सरकार बनाउने र त्यो सरकारले जेन-जीको भावनाअनुसार संविधान र कानुन संशोधन गरेर सुशासन कायम गर्नुपर्ने धारणा दुवै दलको छ ।

विघटित प्रतिनिधिसभामा लोसपाका प्रमुख सचेतक रामप्रकाश चौधरीले आफूहरू पुनर्स्थापनाको पक्षमा रहेको बताए । 'हामी संसद् पुनर्स्थापनाको पक्षमा हो । कांग्रेससँग सोमबार भेटेर हस्ताक्षर बुझाउँछौँ,' उनले भने ।

जसपाका अध्यक्ष अशोक राईले संसद् पुनर्स्थापनाको पक्षमा उभिदिन एमालेका नेताहरूबाट अनुरोध आएको, तर आफूहरू रिट लिएर जाने पक्षमा नभएको बताए । 'एमालेका नेताहरूले फोन गरेका थिए । हस्ताक्षर बुझाउन सक्दैनौँ भन्यौँ,' उनले भने, 'यद्यपि, पुनर्स्थापित गरिदियो भने सडकमा पनि जाँदैनौँ, स्वीकार गर्छौँ ।'


संविधानविद् पूर्णमान शाक्य सर्वोच्चमा गणितले काम नगर्ने बताउँछन् । 'अंकगणितीय हिसाब प्रतिनिधिसभामा चाहिने हो, सर्वोच्च अदालतमा होइन । सर्वोच्चमा यो गणितको अर्थ नै छैन । त्यसले दबाब सिर्जनाभन्दा पनि एउटा कम्फर्ट जोन क्रियट गर्छ । सर्वोच्चले पुनर्स्थापना गरे बहुमतको सरकार बन्छ वा वैकल्पिक सरकार बन्न सक्छ भनेर न्यायाधीशहरूलाई आश्वासन दिन खोजेको हुन सक्छ,' उनले भने, 'तर, न्यायाधीश आश्वस्त हुन्छन् भन्ने ग्यारेन्टी छैन । त्यही दुइटा दल मिलेर सरकार बन्छ भन्ने स्पष्ट छैन । अब प्रतिनिधिसभा विघटन संवैधानिक भए- नभएसँग यो अंकको कुनै सरोकार रहँदैन । सरोकारवालाले रिट पेटिसन ल्याएन भन्ने तर्क खण्डन गर्न यो प्रयास गरेजस्तो देखिन्छ ।'

राजनीतिक विश्लेषक कृष्ण पोखरेल पनि कांग्रेस ओलीमय भएको र अंकगणितले सर्वोच्चमा काम नगर्ने विश्लेषण गर्छन् । 'पहिला कांग्रेसले एक प्रकारले निर्वाचनमा जाने निर्णय गर्‍यो । तर, ओलीको संगतमा पुगेपछि कांग्रेस पनि क्रमशः ओलीमय बन्दै गयो र उनको बहकाउमा फस्यो । अब यहाँ अंकगणितसँग मुद्दाको कुनै सम्बन्ध नै छैन,' उनी भन्छन्, 'पहिलोपटक मुद्दा अदालतमा पर्दा कांग्रेसका कुनै पनि सांसद उपस्थित भएनन् । प्रधानन्यायाधीशले इजलासमै 'सांसद नै आएका छैनन्' भनेर टिप्पणी गर्नुपर्‍यो । एमालेका सांसद गए, कांग्रेसका गएनन् । त्यसपछि ओलीले देउवालाई भेटे, तर कांग्रेसका तर्फबाट कुनै औपचारिक निर्णय सार्वजनिक भएन । पार्टीले 'विघटन असंवैधानिक हो' भन्ने निर्णय त गर्‍यो, तर संसद् पुनर्स्थापनाको स्पष्ट निर्णय गरेन । व्यवहारमा भने सभापतिले जे गरे, त्यही कांग्रेसको लाइन बन्यो ।'

उनका अनुसार जेन-जी आन्दोलनपछि कांग्रेसभित्र परिवर्तन वा सुधार हुन्छ कि भन्ने आशा पलाए पनि धुमिल हुँदै गएको छ । 'जेन-जी आन्दोलनपछि सुरुमा कांग्रेसभित्र परिवर्तन वा सुधार हुन्छ कि भन्ने आशा पलाएको थियो । तर, त्यो आशा पनि बिस्तारै धुमिल हुँदै गयो । महाधिवेशन नै षड्यन्त्रको सिकार भएकोजस्तो देखिन्छ । नियतवश समयमा हुन नदिने प्रयास भइरहेजस्तो अनुभूति हुन्छ । पार्टी पुनर्ताजगीतर्फ गएको कतै देखिएन,' उनले भने ।

पोखरेलका अनुसार कांग्रेसभित्र गुमेको स्वर्ग पाउँदा किन नलिने भन्ने मानसिकता विकास भएकोजस्तो देखिएको छ । 'अब संसद् पुनर्स्थापना भइहाल्यो भने त्योभन्दा सजिलो विकल्प के होला भन्ठानेको देखिन्छ । गुमेको स्वर्ग पाउँदा किन नलिने भन्ने पनि होला,' उनले भने, 'ठुलो दल भएकाले प्रधानमन्त्री हाम्रो दलले पाउनुपर्छ भनेर अदालतमा रिट दिएको पनि छ । यस्तोमा कसले टाउको दुखाउने ? बाहिर जेसुकै बबन्डर होस् न के मतलब । पुनर्स्थापना हुन्छ-हुँदैन थाहा छैन । तर, कांग्रेस यसमा बरालिएर निर्वाचनलाई बेवास्ता गरेर निर्वाचनको वातावरण बिगार्‍यो भने त्योभन्दा हास्यास्पद तर्क अरू के हुन्छ र ?'

पार्टीले हस्ताक्षर गर्ने निर्णय गरेको छैन, कसैले गरेको छ भने उसको व्यक्तिगत स्वतन्त्रता हो



डा. शेखर कोइराला, कांग्रेस नेता

कांग्रेसको निर्णय २१ फागुनमा चुनाव गराऊँ भन्ने छ । म त्यो निर्णयमा अडिग छु । अहिले जिल्लातिर जनताको बिचमा छु, हस्ताक्षरमा संलग्न छैन । कांग्रेसमा मेरो कुनै गुट छैन । भित्रभित्रै के-के गर्छन्, त्यो मेरो सरोकारको विषय होइन । हस्ताक्षर गर्ने व्यक्तिको स्वतन्त्रता हो । जान चाहन्छन् भने जान्छन् । साथीहरूको आफ्नो स्वतन्त्रता प्रयोग गरेको कुरालाई सम्मान छ । चुनाव गराउँछु भनेर मात्र भएन, एस्योर गर्ने काम सरकारको हो ।

चुनावमा भिड्न...

पृष्ठ १ बाट क्रमशः

बनाउन देश-विदेशमा भएका नेपाली एकजुट हुनुहुँदै छ । विभिन्न ठाउँबाट उदाउनुभएका नयाँ शक्तिहरू एक ठाउँमा आएर परिवर्तन गर्नुपर्छ भन्ने भावना पनि मैले बुझेको छु,' उनले भने, 'मैले कारागारबाट र आफ्ना राजनीतिक प्रतिवेदनबाट पनि भनेको थिएँ- परिवर्तनको यात्रामा एउटा पुस्तालाई न्याय दिने र इतिहास लेखिने कुरामा रास्वपा सँगै छ । विभिन्न भेटघाट निरन्तर चलिरहेका छन् । परिवर्तन संस्थागत बनोस्, स्थायी बनोस् र पछिसम्मका लागि परिवर्तन गर्न सक्ने पार्टी बनोस् भन्ने हाम्रो चाहना हो ।'

आफूलाई भए-भरका राज्य संयन्त्र एकजुट भएर एक्ल्याउन खोजेको भन्दै लामिछानेले जनताको तागतका अगाडि कसैको केही नचल्ने र मुलुकको संकटमा जिम्मेवारीपूर्वक अघि बढ्ने बताए । आजसम्म सत्य नहारेको भन्दै लामिछानेले जिल्लैपिच्छे मुद्दा लगाउँदा, कारागारमा जाँदा, मध्यरातमा गिरफ्तार गर्दा, कुनै धम्की आउँदा पनि सत्य नहार्ने विश्वास आफूले नछाडेको बताए । 'मसँग एक मुट्ठी सासबाहेक केही पनि बाँकी छैन । तर, मलाई के थाहा छ भने सत्यको साथ र सत्यको साहस भयो भने बाँकी केही चिज चाहिँदा पनि चाहिँदैन,' उनले भने ।

लामिछानेले प्रतिशोधविरुद्धको लडाइँमा साथ दिएका आमजनतालाई धन्यवाद दिए । 'विशेषगरी हस्ताक्षर अभियानमा अन्याय परेको कुरालाई अनुमोदन गरी ४० लाख जनताले एकै स्वरमा तपाईं एक्लो हुनुहुन्न भनेर मलाई भन्नुभयो, म त्यसका लागि ऋणी रहनेछु,' उनले भने ।

जिम्मेवारीमा फर्केसँगै लामिछानेको अध्यक्षतामा रास्वपा केन्द्रीय समिति बैठक बसेको छ । बैठकमा लामिछानेले आफ्नो अनुपस्थितिमा पार्टीलाई संगठित र अनुशासित रूपमा सम्हालेकोमा नेताहरूलाई धन्यवाद दिएका थिए । 'हामी अहिले उत्साहित हुन सक्छौँ, तर उत्सव मनाउने वेला होइन । अझै धेरै संघर्ष बाँकी छ र धेरै जिम्मेवारी बाँकी छ,' उनले भने । लामिछानेले पार्टीको विभिन्न जिम्मेवारीमा रहेका सबैलाई संयमित र अनुशासित हुन अनुरोध गरेका थिए ।

प्रवक्ता मनीष झाका अनुसार बैठकमा लामिछानेले आफूलाई नक्खु कारागारमा भेट्न आएका कार्यवाहक सभापति डिपी अर्यालले राखेको 'पार्टीको नेतृत्व कार्यवाहक दिएको जस्तै कारागारको बसाइ पनि कार्यवाहकलाई दिन मिल्दैन ? मिल्छ भने तपाईंको भागमा म भित्र बस्न तयार छु । देशलाई अहिले तपाईंको खाँचो छ । तपाईं बाहिर जानुस् त्यस्तो गर्न पाए म तयार छु' भनाइ पनि सुनाएका थिए ।

सभापति लामिछानेले रास्वपा छाडेका सुमना श्रेष्ठ र सन्तोष परियारलगायतलाई गुन लगाएको भन्दै शुभकामना दिए । 'यात्राका क्रममा हामीले सबै साथीभाइलाई समेट्न सकेनौँ होला । तर, उहाँहरूले दिनुभएको योगदानको म सधैँ स्मरण गरिरहनेछु । म धन्यवाद दिन चाहन्छु,' उनले भने, 'हामीलाई सिकाएर जानुभएको छ, धेरै उपलब्धिमा साथ दिनुभएको छ । उहाँहरूले दिनुभएको योगदान हाम्रो मनमा छ । हामीले धेरै गर्न सकेनौँ, उहाँहरूले धेरै गुन लगाएर जानुभएको छ ।'

संसद् पुनर्स्थापनाको षड्यन्त्र नगर्न चेतावनी, धेरै आँखा नचम्काउनुहोला

सभापति लामिछानेले संसद् पुनर्स्थापनाका लागि हस्ताक्षर अभियान चलाइरहेका कांग्रेस-एमालेलाई षड्यन्त्र नगर्न चेतावनी दिए । 'केही मानिसहरू संसद् पुनर्स्थापनाका लागि दौडधुप गर्न थालेका छन् रे । तपाईंहरूले कुन संसद् ब्युँताउन खोज्नुभएको ? दुईतिहाइको दम्भ राखेर नेपाली जनतालाई बेच्ने संसद् फेरि ब्युँताउन खोज्नुभएको ?' उनले प्रश्न उठाए, 'जनताका मुद्दा बोल्दाबोल्दै माइक काट्ने संसद् फेरि ब्युँताउन खोज्नुभएको ? भ्रष्टाचारका काण्डमा छानबिन गर भनेर आवाज उठाउँदा छानबिन होइन संख्याको बलमा सामसुम पार्न खोज्ने संसद् ब्युँताउन खोज्नुभएको ? '

लामिछानेले कांग्रेस-एमालेको दुईतिहाइले युवाहरूको रगतमा खेलेको नबिर्सिने पनि बताए । 'चुनावसम्म मात्र होइन, त्यसपछि पनि बिर्सन नहुने एउटा कुरा बताउँछु- यिनीहरूले कलिला केटाकेटीको रगत पिएका छन्, यो हामी बिर्सन सक्दैनौँ । यिनीहरूले ठुला कुरा गर्नु ठिक हुँदैन । म कटाक्षमा गएको छैन, तर खबरदारीको हिसाबले यो कुरा गर्नैपर्ने हुन्छ,' लामिछानेले भने, 'संयन्त्र, सरकार, मन्त्री, प्रधानमन्त्री को-को थिए ? उच्चस्तरीय संयन्त्र बनाएर त्यसलाई सघाउने को-को थिए ? तिनीहरू सबैको अनुहारमा केटाकेटीको रगतको छिटा परेको छ । खबरदार । षड्यन्त्रको शृंखला अब बन्द गर्नुहोला । धेरै आँखा नचम्काउनुहोला ।'

निर्वाचनको विकल्प छैन

सभापति लामिछानेले मुलुक कमजोर भएको वेलामा निर्वाचनमा जानुको विकल्प नभएको बताए । सँगै जेन-जी पुस्ताले गरेको अपेक्षा पूरा गर्नुको विकल्प नभएको उनको भनाइ थियो । 'हामीले सरकारलाई भनेका छौँ, जेन-जीको माग पूरा गर्ने, सुशासन कायम गर्ने र निर्वाचन गराउने सन्दर्भमा सरकारले म एक्लै छु भन्नुपर्दैन, रास्वपा खडा भएको छ । यसमा हाम्रो कुनै स्वार्थ छैन । जुन उद्देश्यका लागि जेन-जी भाइबहिनीले रगत बगाए तिनीहरूको सपना पूरा गर्नैपर्छ,' उनले भने ।

लामिछानेले एमालेको नामै नलिई उसले निर्वाचन बिथोल्ने प्रयास गरेको आरोप लगाए । साथै उनले चुनावमा भाग लिन पनि चुनौती दिए । 'भागेका केही शक्ति निर्वाचन बिथोल्नका लागि आफैँ घटना घटाउन लागिरहेका छन् । चारतिर घटना घटाइदिने, आफ्नै मान्छे खटाइदिने अनि वातावरण बिग्रियो, सरकारले सम्हाल्न सकेन भनेर मुन्टो निकाल्न खोज्दै छन्,' उनले भने, 'मुन्टो निकाल्न पर्दैन, चुनावको वातावरण बिगार्न पर्दैन । पछाडि हट्ने काम नगर्नुहोस्, बहादुरीका साथ अगाडि आउनहोस् । पार्टीको चुनाव जितेजस्तै आमचुनाव पनि जिते भैगो । तर, चुनाव बिथोल्न पाइँदैन । बालबालिकाको रगतमाथि खेलाँची गर्न पाइँदैन,' उनले भने ।

लामिछानेले प्रवासमा रहेका नेपाली नागरिकले मताधिकार पाउनुपर्ने पनि बताए । 'फेरि पनि प्रवासमा रहेका साथीहरूलाई धन्यवाद दिन चाहन्छु । हामी तपाईंको मतदाधिकारका लागि हिजो पनि लड्यौँ । आज पनि लडेका छौँ । तपाईंको नोट चल्ने, भोट नचल्ने भन्ने हुँदैन । तपाईंको भोट चलाउनका निमित्त हामी निरन्तर लागिपरेका छौँ । विदेशमा रहेका सबैले आफ्नो देशको नेतृत्व छान्न पाउनुपर्छ,' उनले भने ।

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

कार्कीले तोकिएकै मितिमा निर्वाचनमा होमिनका लागि ढुक्क भएर तयारी गर्न भनेकी छिन् ।

तीन घण्टा चलेको छलफलमा लामिछानेले प्रधानमन्त्रीसँग चार विषयमा जिज्ञासा राखेका थिए । जेन-जी आन्दोलनका घाइतेको अवस्था के छ ? जेन-जीसँग भएको सम्झौता कार्यान्वयनको प्रगति के छ ? भनेर जिज्ञासा राखेका थिए । त्यस्तै, आफूहरू चुनावमा लागिसकेको भन्दै उनले तोकिएकै समयमा चुनाव गराउन सरकार सतर्क हुनुपर्नेमा सचेत गराए ।

'हामी चुनावमा लागिसक्यौँ, समानुपातिकको उम्मेदवारहरूको सूची अन्तिम चरण छन्, भावी सांसदको अनुहार क्लियर भइसक्यो । यो संक्रमणकाल लम्बिनुहुँदैन, लम्बियो भने देशले अझै दुःख पाउँछ । चुनाव भयो भने मात्रै शान्ति हुन्छ,' लामिछानेले प्रधानमन्त्रीसँग भने, 'केही तत्त्वहरूले नयाँ बखेडा झिकेर परिस्थिति बिगार्न सक्छन्, चुनाव भाँड्न सक्छन् । सरकार सतर्क बनोस् ।'

जवाफमा प्रधानमन्त्रीले निर्वाचन नहोला भनेर द्विविधा नहुन आग्रह गरिन् । उनले भनिन्, 'चुनाव हुन्न कि भन्ने कुरामा कहीँ द्विविधा राख्न पर्दैन । मेरो दिमागमा दुईवटा सिन मात्रै आइरहेको छ । जुन दिन गोली चल्यो, स्कुलको पोसाकमा हिँडिरहेका विद्यार्थी गोली लागेर ढले, त्यो दृश्य दिमागमा आउँछ र जसरी पनि चुनाव गर्नुपर्छ भन्ने आँट आउँछ । त्यस्तै, फागुन २१ को चुनाव सम्पन्न भएर हात धोएर घर जाने दृश्य आउँछ । यो दुईवटा दृश्य मात्रै छ मेरो दिमागमा, अरू केही छैन ।'

चुनाव बिथोल्न सक्ने लामिछानेको चिन्तामा गृहमन्त्री ओमप्रकाश अर्यालले विचलित नहुन जवाफ दिएका छन् । 'हामीले भ्रष्टाचारी र आर्थिक अपराध गर्नेहरूमाथि जुन कारबाही अगाडि बढायौँ, त्यसबाट आत्तिएकाहरू विभिन्न बहाना र आवरणमा देखापरेका छन् । तर, हामी विचलित हुँदैनौँ,' उनले भने ।

रास्वपा नेतृ गौतमका अनुसार लामिछानेले जेन-जीसँग सरकारले गरेको सम्झौता कार्यान्वयनको अवस्था, २१ वर्ष पुगेको व्यक्तिले चुनाव लड्न पाउनुपर्ने जेन-जीको चासोलाई समेट्दै तोकिएकै मितिमा निर्वाचन गर्न के-के भइरहेको छ भनेर जिज्ञासा राखेका थिए । 'सरकार र जेन-जीबिच भएको सम्झौता कार्यान्वयनको अवस्था के छ ? सरकारले के काम गरिरहेको छ भनेर पनि कुरा उठायौँ । २१ वर्ष पुगेको व्यक्तिले चुनाव लड्न पाउने जेन-जीको चासोलाई कसरी समेट्न सकिएला ? भन्ने कुरा राख्यौँ । राष्ट्रिय संकट नआओस् भनेर चुनावका लागि हामीले गरेको तयारीबारे छलफल भयो,' उनले भनिन् । सञ्चारमन्त्री जगदीश खरेलले स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित चुनाव २१ फागुनमै गर्न सकिन्छ भनेर सरकारले निर्वाचन आयोग र सुरक्षा निकायको कामकारबाहीबारे रास्वपा टिमलाई जानकारी गराएको बताए ।

हुस्सु र कुहिरोले...

पृष्ठ १ बाट क्रमशः

गर्दा हावा चल्ने भएकाले हुस्सु र कुहिरो केही कम हुन्छ,' उनले भने, 'तर पानी नपरे पनि बादल लाग्ने भएकाले चिसो भने बढाउँछ ।' हुस्सु र कुहिरोले पारदर्शिता कम हुँदा तराई मधेशका विमानस्थलमा मध्याह्नसम्म नै उडान प्रभावित हुने गरेका छन् । आइतबार बिहान ८:४५ को तथ्यांकअनुसार पारदर्शिता धनगढी र नेपालगन्ज विमानस्थलमा दुई सय मिटरमा झरेको थियो । त्यस्तै, विराटनगर र चन्द्रगढीमा चार-चार सय तथा सिमरामा पाँच सय मिटरमा झरेको थियो । जनकपुरमा एक हजार चार सय र भैरहवामा दुई हजार मिटर पारदर्शिता थियो, जुन उडानका लागि पर्याप्त हो ।

हुस्सु र कुहिरोका कारण तापक्रम पनि घटिरहेको छ । आइतबार धनगढीमा न्यूनतम तापक्रम ७.२ डिग्री सेल्सियसमा झरेको छ, शनिबार ९ थियो । त्यस्तै, नेपालगन्ज र सिमराको न्यूनतम तापक्रम १०.६ डिग्री सेल्सियसमा झरेको छ । त्यस्तै, भैरहवा ११.९, विराटनगरमा १२, जनकपुरमा १२.६ र चन्द्रगढीमा १३ डिग्री मापन भएको छ । धनगढीका स्थानीय उद्धव अवस्थीले बाक्लो हुस्सुसँगै चिसो बढ्दा साँझबिहान हिँडडुल गर्न गाह्रो हुन थालेको बताए ।

चिसोले रौतहटका विपन्न परिवार प्रभावित

तीन दिनदेखि चिसो बढेपछि रौतहटमा गरिब तथा विपन्न समुदायका बासिन्दा मारमा परेका छन् । पर्याप्त ओढ्ने-ओछ्याउनेको अभावमा जाडोमा रात काट्न बाध्य छन् । बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरू सबैभन्दा बढी प्रभावित भएका छन् ।

चन्द्रपुर नगरपालिका-१०, चेतनगरको मुसहर बस्तीका बासिन्दा चन्द्र माझीका अनुसार जाडो बढेसँगै दैनिकी झनै कठिन बनेको छ । 'दैनिक ज्याला-मजदुरी गरेर घर चलाउँदै आएका हामीजस्ता गरिबहरू जाडोका कारण काममा जान सकिरहेका छैनौँ,' उनले भने, 'मजदुरी गर्न नसक्दा हातमुख जोड्नसमेत समस्या भएको छ ।'

सोही बस्तीकी ६० वर्षीया देवरतिया देवीको अवस्था पनि दयनीय छ । सानो फुसको घरमा बस्दै आएकी उनीसँग ओढ्ने-ओछ्याउने केही नभएकाले परालको चट्टाई ओछ्याएर र त्यसैलाई ओढेर सुत्न बाध्य भएको बताउँछिन् । 'जाडो छल्ने कुनै उपाय छैन, जे छ त्यहीले रात काट्नुपर्छ,' उनले गुनासो गरिन् ।

मुसहरलाई जाडोमा 'घुर'को भर

मोरङको बुढीगंगा गाउँपालिका- १, करैया टोलका कृष्ण ऋषिदेव जाडो बढ्न थालेसँगै बिहान झिसमिसेमै उठ्छन् । उठ्नासाथ उनी खोजबिन गरेर ल्याएको झ्यासपरालमा आगो सल्काउँछन् र ताप्न थाल्छन् । आगो बलेको थाहा भएपछि परिवारका अरू सदस्य पनि उठ्छन् र सामूहिक रूपमा आगो ताप्दै गफिन थाल्छन् ।

कृष्ण ऋषिदेव र उनको परिवार मात्र होइन, करैया टोलमा रहेका अतिविपन्न दलित समुदायका ५० घरपरिवार झ्यासपराल बालेर जाडो कटाउँछन् । हरेक दिन ज्याला-मजदुरी गरेर खानुपर्ने बाध्यतामा रहेका भूमिहीन ऋषिदेवहरूसँग जाडो छल्न सुत्दा ओढ्ने-ओछ्याउने र उठ्दा लगाउने न्याना लुगाको जोहो हुँदैन । हरेक दिन झ्यासपरालको आगो 'घुर' नै उनीहरूका लागि जाडो छल्ने न्यानो उपाय हो ।

हुन त 'घुर' ताप्नु तराई मधेशमा परम्परागत प्रचलन हो । यति मात्र होइन, जाडोमा न्यानोका लागि तापिने 'घुर'लाई सूचना केन्द्र पनि भनिन्छ । किनभने समुदायका सबैले परिवारको आकारअनुसार 'घुर'को न्यानो तापेर गाउँ टोलदेखि देश-विदेशमा भएका समसामयिक घटनाबारे चर्चा गर्छन् । तर, दलित समुदायभित्र अति गरिबमा पर्ने मुसहर समुदायका लागि भने 'घुर' ताप्ने चलन परम्परागत संस्कृति र सूचना केन्द्र नभएर केवल जाडोबाट जोगाउने न्यानो उपाय मात्रै हो ।

माटोको चिसो भुइँमा पराल र बोरा ओछ्याएर सुत्नुपर्ने बाध्यताका गरिब मुसहरहरू आर्थिक विपन्नताले गर्दा हरेक वर्ष आउने कठ्यांग्रिँदो जाडोका लागि न्याना सिरक र कपडा जोहो गर्न सक्दैनन् । दैनिक ज्याला-मजदुरी गर्ने बाध्यता र कमाएको पैसा बचत नहुँदा हरेक वर्ष आउने शीतलहरको कठ्यांग्रिँदो जाडो उनीहरूका लागि निकै कष्टकर बन्ने गर्छ । यसैले, उनीहरूका लागि 'घुर' नै शरीरलाई न्यानो दिने सहारा हुन्छ ।

अगुवा विनोद ऋषिदेवका अनुसार करैया टोलमा रहेका ५० घर मुसहर घरपरिवार सबै अति विपन्न छन् । प्रायजसोको घरमा न सिरक-डसना छन्, न लगाउने कपडा नै । एक-दुई घरमा मात्र खाट प्रयोग गरिन्छ ।

मायाखोला हाईड्रोपावर कम्पनी लिमिटेड
धुम्बाराहि, काठमाडौं फोन नं. ०१-४५३६३२५
Email: mayakhola.hpcl@gmail.com, Website: www.mkhpcl.com.np

नवौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/०७

यस कम्पनीको मिति २०८२/०९/०६ मा बसेको सञ्चालक समितिको सतहत्तरौं बैठकले गरेको निर्णय अनुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान
मिति : २०८२ पौष २८ गते,सोमबार (12 January 2026, Monday)
स्थान : धुम्र बाराह भेन्यु, धुम्बाराहि ।
समय : बिहान ११:०० बजे देखि ।

छलफलका विषयहरु :
(क) सामान्य प्रस्तावहरु
१) आ.व.२०८१/०८२ को सञ्चालक समितिको तर्फबाट पेश हुने अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे ।
२) आ.व २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने बारे ।
३) आगामी आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।
४) विविध ।
(ख) विशेष प्रस्तावहरु
१) यस कम्पनीले विभिन्न बैकहरुबाट लिएको कर्जा तिर्नको लागि हाल कायम चुक्ता पूंजिको १:१ अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्वन्धमा ।
२) कम्पनीको अधिकृत तथा जारी पूँजी बृद्धि गर्ने बारे ।
३) नियमावलीको नियम ७ मा हकप्रद शेयर सम्बन्धी व्यवस्था थप गर्ने बारे।
ग) विविध ।

साधारण सभा सम्बन्धि सामान्य जानकारी:
१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०९/१७ (तदनुसार २०२६/०१/०१) गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८२/०९/१६ (तदनुसार २०२५/१२/३१) गते सम्म कारोबार भई शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन् ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरीएको विवरण देखिने Demat Account Statement वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्षभित्र प्रवेश गर्न पाइने छैन ।
३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्राक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८२/०९/२५ गते बिहान ११ बजे भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन ।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन ।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।
८. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार सिटिजन्स क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क राख्न हुन समेत अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट : साधारण सभा सम्बन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाँटीमा समेत टाँस गरीने ब्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भईदिनु हुन पनि हार्दिक अनुरोध गर्दछु ।

सहिद स्मारक जनस्वास्थ्य सहकारी संस्था (लिमिटेड)
कलंकी १४, काठमाडौं
फोन नं. ०१-५२१८९२१, ५२१९३१५

उन्नाइसौं वार्षिक साधारण सभा बस्ने मिति परिवर्तन सम्बन्धी सूचना

प्रकाशित मिति : २०८२/०९/०७

यस सहिद स्मारक जनस्वास्थ्य सहकारी संस्था लिमिटेडको उन्नाइसौं (१९ औं) वार्षिक साधारण सभा मिति २०८२ पौष १२ गतेका लागि तोकिएकोमा विशेष कारणवश सञ्चालक समितिको मिति २०८२/०९/०२ को निर्णय अनुसार सो मिति परिवर्तन गरी मिति २०८२ पौष २६ गते सारिएको व्यहोरा सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई जानकारी गराइन्छ ।

साथै साधारण सभाको सभा हुने समय र स्थान तथा छलफलका विषयहरु मिति २०८२/०८/२४ गते नयाँपत्रिका दैनिकमा प्रकाशित सूचना बमोजिम नै हुनेछ ।

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal

Request for Proposal (RFP)

Invitation for Bids No: ANFA/RFP/18/082-083

Date of Publication: 22nd December 2025

1. The **All-Nepal Football Association** invites proposals from eligible bidders for the **Commercial Rights (Ticketing Right, Title Sponsorship Right, Marketing, Broadcasting & Digital Rights) of ANFA National League 2082.**
2. Eligible Bidders may obtain further information and inspect the documents at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur [Ph. no. 01-5201060 & Email: procurement@the-anfa.com]** and/or download the bidding documents through **ANFA Website www.the-anfa.com [more>downloads>general>RFP 18]**
3. Bidders submitting their bids, should deposit the cost of bidding document of **NRs. 1000.00** in the following Rajaswa (revenue) account as specified below:
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. All Sealed Bidding Documents must be submitted to the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or before **12.00 PM** on **23rd December 2025**. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:30 PM** on **23rd December 2025** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur.**
5. **ANFA** reserves the right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

चक्रपथको कलंकी–महाराजगन्ज खण्ड अस्तव्यस्त, सास्ती खेप्दै सर्वसाधारण

निर्माण सामग्रीमा कर छुट दिनुपर्ने अडान राख्दै चिनियाँ पक्षले अझै थालेन काम

शिवहरि घिमिरे/नयाँ पत्रिका

चक्रपथको महाराजगन्ज-कलंकी सडकखण्ड अस्तव्यस्त बनेको छ। चिनियाँ पक्षले सडक विस्तार गर्न नेपाल सरकारसँग प्रारम्भिक सम्झौता गरेको आठ वर्ष बित्दा पनि अझै कार्यान्वयन चरणको काम सुरु भएको छैन। चिनियाँ कम्पनी (सांघाई कन्स्ट्रक्सन ग्रुप) ले निर्माण सामग्रीमा कर छुट दिनुपर्ने अडान राख्दै कार्यान्वयन चरणको सम्झौता गर्न नआएको हो।

०७४ मा भएको दोस्रो खण्डको प्रारम्भिक सम्झौताअनुसार दुई वर्षअघि नै दायाँबायाँका संरचना हटाएर साइट खाली पारिएको थियो। तर, चिनियाँ पक्ष काम गर्न नआएपछि यो खण्ड हाल अस्तव्यस्त अवस्थामा छ। भएका अस्थायी प्रकारका अकासेपुल, सडकपेटी हटाएपछि यस क्षेत्रका सर्वसाधारणलाई ओहोरदोहोर र वारपारमा समेत सास्ती हुने गरेको छ। सवारीसाधनको अत्यन्तै चाप हुने यस सडकखण्डमा अत्यधिक ट्राफिक जाम हुने गरेको छ।

कालोपत्रलगायत सडक सुरक्षाका सबै संरचना निर्माणको काम चिनियाँ पक्षलाई दिने र दायाँबायाँ सर्भिस लेन तथा ढलको काम नेपाल पक्षले गर्ने भनी ०७४ मै नेपाल सरकार र चिनियाँ पक्षबिच प्रारम्भिक सम्झौता भएको थियो। तर, आठ वर्षसम्म पनि सडकखण्ड विस्तारको काम थालेको छैन।

वसुन्धारादेखि महाराजगन्जसम्म भने सडक विभाग आफैंले कालोपत्रेको काम गरिरहेको छ। तर, चिनियाँ पक्षले काम गर्ने भनेको ८.२ किमि सडक भद्रगोल अवस्थामा छ। उपत्यकाभित्र सबैभन्दा बढी सवारीसाधनको चाप हुने यस खण्डमा समयमै काम सुरु नगर्दा सडक प्रयोगकर्ता आजित छन्। हाल चिनियाँ कम्पनीले निर्माणको क्रममा ल्याइने निर्माण सामग्रीका स्थानीय कर नलाग्ने निर्णय गर्न एक वर्षअघिदेखि नै नेपाल सरकारलाई अनुरोध गर्दै आइरहेको छ। स्थानीय कर थपिँदा निर्माण कार्य र लागत खर्चिलो हुने भएकाले चिनियाँ पक्षले स्थानीय कर छुट माग गरेको हो।

तर, उक्त विषयमा नेपाल सरकारले चासो नदिँदा एक वर्षदेखि यो निर्णय अझै टुंगिएको छैन। सोमबार अर्थ मन्त्रालयले बल्ल स्थानीय कर छुट गर्ने भनेर निर्णय गरेको छ, तर उक्त निर्णयले मात्रै पुग्दैन। अब मन्त्रिपरिषद्ले निर्णय गरेर चिनियाँ पक्षलाई पत्र पठाएपछि अन्तिम अर्थात् कार्यान्वयन चरणको सम्झौताका लागि चिनियाँ पक्ष नेपाल आउनेछ।

सडक विभाग विकास सहायता कार्यान्वयन महाशाखाका प्रमुख अर्जुनप्रसाद अर्यालले चिनियाँ पक्ष काम गर्न तयार रहेको र उसले पछिल्लोपटक कर छुटको निर्णय माग गरेको बताए। उनका अनुसार नेपाल सरकारले स्थानीय कर छुट हुने निर्णय गरेपछि बल्ल चिनियाँ पक्षले ठेकेदार कम्पनी छनोट गर्नेछ। 'चिनियाँ पक्ष काम गर्न आउन तयार छ, तर सडकखण्डको फाइनल डिजाइनसमेत गरेर पठाएको अवस्था छ, अब कार्यान्वयन चरणको सम्झौता हुन बाँकी हो, कार्यान्वयन चरणको सम्झौता भनेको काम हुने सम्झौता हो, यो सम्झौतापछि छिटो काम हुन्छ,' उनले भने, 'निर्माण अवधि कति राख्ने भन्नेबारेमा पनि अन्तिम सम्झौतामा हुनेछ।'

दुई वर्षअघि चिनियाँ पक्षले तयार पारेको डिजाइन गलत भएको भन्दै नेपाली पक्षले विरोध गरेको थियो। डिजाइनमा हरियाली नराखिएको, अकासेपुल दुईवटा मात्रै राखिएको, फुटपाथलगायत सडक सुरक्षाका पूर्वाधार कमजोर भएको भन्दै डिजाइन परिवर्तन गर्न चिनियाँ पक्षलाई भनिएको थियो। पछिल्लो समय चिनियाँ पक्षले नेपाल सरकारले भनेअनुसारको डिजाइनसमेत तयार पारेको छ। डिजाइनअनुसार दोस्रो खण्ड पनि पहिलो खण्डजस्तै आठ लेनको बनाउने डिजाइन चिनियाँ पक्षले गरिसकेको छ। यस खण्डमा मुख्य लेनको बिचमा तीन मिटरको खाली ठाउँ राखिनेछ। खाली ठाउँको दायाँ-बायाँ चार-चार लेनको मुख्य सडक हुनेछ। सडकको दायाँ-बायाँ तीन मिटरको फुटपाथ बनाइनेछ। फुटपाथको दायाँ-बायाँ चार-चार मिटरको ग्रिन बेल्ट (हरियाली क्षेत्र) पनि बनाइनेछ। अब कर छुट गर्ने निर्णय भएपछि चिनियाँ पक्षले यथाशीघ्र काम थाल्नेछ। कर छुटका लागि मन्त्रिपरिषद्को समेत निर्णय चाहिने भएकाले त्यसका लागि सडक विभागले आवश्यक कागजात प्रधानमन्त्री कार्यालयमा पठाएको छ। एक वर्षअघि नै चिनियाँ पक्षले कर छुटको माग गरे पनि बल्ल प्रक्रिया अघि बढेको हो।



दुई वर्षदेखि अलपत्र कलंकी-महाराजगञ्ज सडकखण्ड। तस्बिर : सतिश पोखरेल/नयाँ पत्रिका

● **अर्जुनप्रसाद अर्याल**, प्रमुख, सडक विभाग विकास सहायता कार्यान्वयन महाशाखा



चिनियाँ पक्ष काम गर्न आउन तयार छ, तर सडकखण्डको फाइनल डिजाइनसमेत गरेर पठाएको अवस्था छ, अब कार्यान्वयन चरणको सम्झौता हुन बाँकी हो, कार्यान्वयन चरणको सम्झौता भनेको काम हुने सम्झौता हो, यो सम्झौतापछि छिटो काम हुन्छ। निर्माण अवधि कति राख्ने भन्नेबारेमा पनि अन्तिम सम्झौतामा हुनेछ।

● **आशिका पोखरेल**, प्रमुख, काठमाडौं चक्रपथ सुधार आयोजना



सम्झौता गर्न आवश्यक काम भइरहेको छ, अर्थ मन्त्रालयले सोमबार मात्रै कर छुटका लागि निर्णय गरेको छ, त्यो निर्णय मन्त्रिपरिषद्मा पुगेर फेरि निर्णय भएपछि चिनियाँ पक्षले काम गर्न आउने भनेको छ। सडकमा अन्य अवरोधहरू हटाउने र साइट खाली गर्ने काम एक वर्षअघि नै सकिएको हो।

काठमाडौं चक्रपथ सुधार आयोजनाकी प्रमुख आशिका पोखरेलले चिनियाँ पक्षले काम गर्न नेपाल पक्षसँग कर छुटको निर्णय पर्खिएको बताइन्।

आठ वर्षदेखि अलपत्र छ योजना

सात वर्षअघि काठमाडौं चक्रपथको पहिलो खण्ड कोटेश्वर-कलंकीको निर्माण सकिएको थियो। पहिलो खण्डजस्तै चीनको आर्थिक तथा प्राविधिक सहयोगमा बनाउने दोस्रो खण्डको योजना सुरु हुन सकेको छैन। आठ वर्षअघि ४ माघ ०७४ मा ८.२ किलोमिटर लामो यो खण्डको विस्तार दुई वर्षभित्र सक्ने गरी नेपाल र चीनबिच प्रारम्भिक सम्झौता भएको थियो। ०७५ असारमा कोटेश्वर कलंकी खण्डको काम सकिए पनि अन्य खण्डको काम भने अन्योल छ।

दुई वर्षअघि नै साइट क्लियरेन्स गरे पनि चिनियाँ पक्षले काम गर्ने तयारी गरेको छैन। कोटेश्वर-कलंकी खण्ड सकाएलगत्तै सन् २०१९ डिसेम्बरमा कोभिड-१९ सुरु भएपछि चीनले चक्रपथ विस्तारको काम रोकेको थियो। त्यसको दुई वर्षपछि ०७८ मा चिनियाँ प्राविधिक टोलीले चक्रपथको दोस्रो खण्डको स्थलगत अनुगमन गरेको थियो। त्यसै, कात्तिक ०७९ मा एक चिनियाँ विशेष प्रतिनिधिको अनौपचारिक अध्ययन गरेको थियो भने ०७९ मंसिरमा चिनियाँ प्रतिनिधिमण्डलले स्थलगत अवलोकन गरेका थिए। पछिल्लोपटक ०८० चैतमामा चीनबाट लेटर अफ एक्सचेन्जको मस्यौदा प्राप्त भएको थियो। तर, त्यसयता चिनियाँ पक्षले कर छुटको निर्णय माग गरे पनि नेपाल सरकारले पठाउन सकेको छैन।

कांग्रेसले खुकुलो बनायो क्रियाशील सदस्यता वितरण


नवीकरण छुट भएकालाई केन्द्रीय कार्यालयले सिधै क्रियाशील सदस्यता दिने



काठमाडौं/ कांग्रेसले क्रियाशील सदस्यता वितरणलाई झन् खुकुलो बनाउने निर्णय गरेको छ। वडा, क्षेत्र, जिल्लालगायतमा क्रियाशील नवीकरण छुट भएकालाई केन्द्रीय कार्यालयले सिधै क्रियाशील सदस्यता दिने निर्णय भएको छ। महामन्त्री गगन थापा संयोजक रहेको क्रियाशील सदस्यता व्यवस्थापन समितिको आइतबार बसेको बैठकले क्रियाशील सदस्यता लिन छुट भएकालाई केन्द्रबाट सिधै दिन सक्ने निर्णय गरेको सदस्य प्रकाश स्नेहीले बताए। 'क्रियाशील सदस्यता नवीकरण छुट भएका, तर कांग्रेसका सिद्धान्त र आस्थामा प्रतिबद्धलाई क्रियाशील सदस्यता नवीकरण गरिदिने निर्णय भएको छ,' उनले भने, 'योग्यता र मापदण्ड पुगेका सबैलाई क्रियाशील सदस्यता दिन्छौं।'

अनुशासन समितिले कारबाहीको टुंगो नलगाएकाको हकमा पनि क्रियाशील सदस्यता नवीकरण गर्ने निर्णय भएको उनले जानकारी दिए। जेन-जी आन्दोलनअघि जिल्लाहरूमा २५ प्रतिशत क्रियाशील सदस्यता फाराम क्रमसंख्यासहित पठाएको र कतिपय जिल्लामा फाराम आगजनीमा परेको पाइएकाले ती जिल्लाका क्षेत्रीय कार्यसमितिमा पुरानो फाराम खारेज गरी गरी नयाँ फाराम पठाउने निर्णय पनि भएको छ। विदेशस्थित जनसम्पर्क समितिमा कसैको क्रियाशील सदस्यता नवीकरण रोकिएको भए सिधै केन्द्रीय कार्यालयमा आवेदन दिए अनलाइनबाटै क्रियाशील नवीकरण गरिदिनेसमेत निर्णय भएको छ। यसका लागि बेवसाइट बनाउने र सोमबारदेखि नै काम सुरु गरिने स्नेहीले जानकारी दिए।

● **प्रकाश स्नेही**, सदस्य कांग्रेस क्रियाशील सदस्यता व्यवस्थापन समिति



क्रियाशील सदस्यता नवीकरण छुट भएका, तर कांग्रेसका सिद्धान्त र आस्थामा प्रतिबद्धलाई क्रियाशील सदस्यता नवीकरण गरिदिने निर्णय भएको छ। योग्यता र मापदण्ड पुगेका सबैलाई क्रियाशील सदस्यता दिन्छौं।

केन्द्रीय समितिको निर्णयअनुसार ८ पुसभित्र नयाँ क्रियाशील सदस्यता वितरणको काम सक्ने उल्लेख छ। जिल्लास्तरीय प्रारम्भिक छानबिन समिति गठन गर्ने, समितिले १२ पुसभित्र केन्द्रलाई प्रतिवेदन बुझाउने र पुनरावेदनको काम १४ पुससम्म सक्ने तालिका छ। १४ पुसमै केन्द्रीय सभापतिलाई सदस्यताको अन्तिम सूची बुझाउनुपर्ने भनिएको छ।

यस्तै, १५ पुसभित्र विदेशस्थित जनसम्पर्क समितिको अधिवेशन, १६ गते वडा, १७ गते पालिका, १९ गते प्रदेशसभा निर्वाचन क्षेत्र र २१ तथा २२ गते जिल्ला अधिवेशन गर्ने तालिका छ। २३ र २४ पुसमा प्रदेश अधिवेशन सकेर २६ देखि २८ पुससम्म काठमाडौंमा १५औं महाधिवेशन गर्ने निर्णय भएको थियो। तर क्रियाशील सदस्यता वितरण विवादले पहिलेको कार्यतालिकामा असर पर्ने देखिएको छ।

संक्षेप

अंश नदिएको भन्दै हजुरआमाको हत्या

कास्की/ अंश नदिएको भन्दै पोखरामा धारिलो हतियार प्रहार गरी नातिले हजुरआमाको हत्या गरेका छन्। पोखरा महानगरपालिका- ३१ बाँसपानी बस्ने ७५ वर्षीया दालकुमारी परियारलाई २२ वर्षीय नाति आशिष परियारले हत्या गरेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले जानकारी दिए। उनका अनुसार हत्यापछि आशिष हजुरआमाको कानसमेत काटी लगाएको गरगहना लुटी फरार भएका थिए। वृद्ध महिलाको हत्यासँगै लगाएको गहनासमेत लुटेर फरार भएको सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय कास्की र इलाका प्रहरी कार्यालय सिसुवाबाट खटिएको संयुक्त प्रहरी टोलीले आशिषलाई पक्राउ गरेको हो।

मधेश प्रदेश सभामुखमा यादव निर्वाचित

जनकपुरधाम/ मधेशको सभाभुखमा सत्तागठबन्धनका उम्मेदवार रामअशिष यादव निर्वाचित भएका छन्। आइतबार भएको निर्वाचनमा ७२ सांसदले यादवको पक्षमा मत दिएका थिए। प्रदेश सभामा उपस्थित ९६ मध्ये विपक्षमा २४ जनाले मतदान गरे। उपसभामुख बबिता राउत इसरले बहुमत सदस्यले कांग्रेस उपनेता वीरेन्द्रप्रसाद सिंहको प्रस्तावमा मतदान गरेकाले यादव सभामुखमा निर्वाचित भएको घोषणा गरेकी थिइन्। पहिलो प्रस्तावमै बहुमत सदस्यले पक्षमा मतदान गरेकाले एमालेका त्रिलोकीप्रसाद चौधरीको उम्मेदवारीलाई निर्णयार्थ प्रस्तुत गर्नुपर्ने नभएको जानकारी गराइन्। धनुषा २ (२)बाट निर्वाचित यादव जसपा नेपालका प्रमुख सचेतक थिए।

वडाध्यक्षसहित सातजनालाई दुईदेखि आठ वर्ष कैद

मकवानपुर/ किर्ते नागरिकता प्रमाणपत्र बनाएको र झुटो विवरण पेस गरी जग्गा नामसारी गरेको कसुरमा जिल्ला अदालत मकवानपुरले वडाध्यक्षसहित सातजनालाई दोषी ठहर गर्दै दुईदेखि आठ वर्षसम्म कैद सजाय सुनाएको छ। जिल्ला न्यायाधीश पूर्णिमा कोइरालाको एकल इजलासले आइतबार बकैया गाउँपालिका- ४ का वडाध्यक्ष राजन दंगाल, वडासचिव अनिशा श्रेष्ठ, सोमबहादुर न्यासुर, सानुमान थिङ र जमानसिंह भ्लोनलाई जनही दुई वर्ष कैद र २० हजार रुपैयाँ जरिवानाको फैसला गरेको हो। अदालतले बकैया गाउँपालिका- ४ कै पूर्णबहादुर भ्लोन र रामबहादुर न्यासुरलाई आठ वर्ष कैद र एक लाख ३० हजार रुपैयाँ जरिवाना गर्ने फैसला सुनाएको छ। जिल्ला अदालत मकवानपुरका सूचना अधिकारी नागरिकतासम्बन्धी कसुरतर्फ पाँच वर्ष कैद र एक लाख रुपैयाँ जरिवाना तथा पञ्जीकरणसम्बन्धी कसुरतर्फ तीन वर्ष कैद र ३० हजार रुपैयाँ जरिवाना तोकिएको हो।

विभिन्न मुद्दामा फरार तीन प्रतिवादी पक्राउ

सल्यान/ प्रहरीले विभिन्न मुद्दामा फरार तीन प्रतिवादीलाई पक्राउ गरेको छ। सल्यान जिल्ला अदालतले फरक-फरक मुद्दामा कसुरदार प्रमाणित भई कैद र जरिवाना तोकिएका प्रतिवादीलाई आइतबार विभिन्न स्थानबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सल्यानले जानकारी दिएको छ। पक्राउ पर्नेमा सवारी ज्यान मुद्दाका शारदा नगरपालिका- १० का ३२ वर्षीय मेघराज कँवर, हाडनाता करणी मुद्दाका दार्मा गाउँपालिका- १ का ३८ वर्षीय चक्रबहादुर खड्का र हाडनाता करणीकै दार्मा गाउँपालिका- १ की ३९ वर्षीया विमला खड्का रहेको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी देवराज भट्टराईले जानकारी दिए।

जेन-जीलाई पत्रकारितामा ल्याउन सुझाव

काठमाडौं/ जेन-जी पुस्तालाई पनि पत्रकारिता पेसामा आकर्षण गर्नुपर्ने विज्ञहरूले सुझाव दिएका छन्। नेपाल पत्रकार महासंघ ललितपुरले आयोजना गरेको दुईदिने मिडिया साक्षरतासम्बन्धी तालिम तथा अभिमुखीकरणका सहभागी प्रशिक्षकले पत्रकारितामा नयाँ पुस्ताको सहभागिता कम हुँदै गएको भन्दै जेन-जीलाई आकर्षित गर्नुपर्ने बताए। गोदावरी नगरपालिकाको सहयोगमा आयोजना गरिएको अभिमुखीकरणमा पत्रकारितामा नवप्रवेशी, पत्रकारिता विषय अध्ययनरत विद्यार्थी र जिल्लामा रिपोर्टिङ गर्नेहरू सहभागी थिए। स्थानीय पत्रकारिता, पत्रकारितमा एआईको प्रयोगलगायत आधारभूत पक्षबारे प्रशिक्षकहरूले तालिम दिएका थिए।

मुख्यमन्त्री बानियाँले चेपाङलाई बनाइदिए घर

मकवानपुर/ मकवानपुरको कैलाश गाउँपालिका- ४ धुसरका चेपाङदम्पती लालबहादुर र सानुमायालाई हिउँदमा कठ्याङ्ग्रिने चिसो र बर्खामा पानी चुहिने चिन्ताले पिरोल्थ्यो। अब उनीहरूको चिन्ता हराएको छ। ऐलानी जग्गामा बनाएको छाप्रोमा गुजारा गर्दै आएका उनीहरूले आइतबार पक्की घर पाएका छन्। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले करिब आठ लाख रुपैयाँ लागतमा जस्तापाताले छाएको तीन पक्की कोठा र एक शौचालयसमेत रहेको घर निर्माण गरिदिएका हुन्। मुख्यमन्त्री बानियाँले आइतबार घर लालबहादुर र सानुमायालाई हस्तान्तरण गरे। जीर्ण र असुरक्षित घरमा बस्दै आएका ५० वर्षीय लालकुमार र सानुमाया चेपाङ अब सुरक्षित घरमा सरेका छन्। सानै उमेरमा हात जलेपछि आंशिक अपांगता भएकी सानुमायादम्पतीका कुनै सन्तान छैनन्।

कञ्चनपुर कारागारमा झडप प्रकरण

छानबिनका लागि सहायक सिडिओको नेतृत्वमा समिति गठन

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुर कारागारमा लाखौंमा भान्सा बिक्री-वितरण हुने गरेको तथ्य खुलेको छ। सरकारबाट प्रदान गरिने नगदमा घोटालादेखि मदिरा, लागुऔषध बेचबिखन, कन्डमका साथै भान्सासमेत बिक्री हुने गरेको तथ्य बाहिर आएको हो।

गत शुक्रबार कारागारभित्र नाइके प्रकाश मल्ल समूह भर्सेस अन्य कैदीबन्दीबिच झडप भएपछि अधिकांश कैदीबन्दीले अन्य सेवा-सुविधामा अनियमितताका साथै भान्सासमेत बिक्री हुने गरेको रहस्य खोलेका हुन्। कारागार पुग्ने सञ्चारकर्मी, प्रशासन, सुरक्षा निकायका अधिकारीसमक्ष कैदीबन्दीले कारागारभित्र भान्सासमेत बिक्री हुने गरेको दुखेसो पोखेका छन्। सजाय काटेर घर जाने कैदीबन्दीले पाएको भान्सासमेत नयाँलाई चार-पाँच लाख रुपैयाँमा बिक्री गर्दै आएका छन्। स्रोत वितरण, उपभोग एवं कमाउ धन्दाकै कारण कारागारमा विद्रोह गरेर झडपसम्मको अवस्था उत्पन्न हुने गरेको छ।

आइतबार कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालसहित प्रशासन एवं सुरक्षा निकायका पदाधिकारीले स्थलगत अनुगमन गरेका छन्। प्रमुख जिल्ला अधिकारी ढकालले शुक्रबारको घटना छानबिनका लागि सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति बनाएको बताए। उनका अनुसार जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक (डिएसपी) सागर बोहरा सदस्य र सदस्यसचिव प्रशासकीय अधिकृत धर्मराज उपाध्याय छन्। छानबिन समितिलाई सात दिनको म्याद दिइएको छ।

छानबिन समितिको प्रतिवेदनअनुरूप अनुसन्धान अघि बढाइने ढकालले बताए।



'विवाद नभई केही आउँदैन, मादक पदार्थ भित्र जान्छ भन्ने विषय पनि सुनियो,' उनले भने, 'मादक पदार्थ सेवन गर्ने विषयमा शून्य सहनशीलता हुन्छ।' सेवासुविधा पारदर्शिताको विषय अघि सारेर नाइके चौकीदार र अन्य कैदीबन्दीबिच झडप हुँदा आठ कैदीबन्दी घाइते भएका थिए। घाइते कैदीबन्दी किरणबहादुर सिंह, करन कुँवर, दिनेश कुँवर, राजेन्द्र सुनार, रोशन शाही, मदन गिरीको महाकाली अस्पतालमा उपचार भइरहेको छ। सन्दीप भण्डारी, जनक खड्का उपचारपछि कारागार फर्किएका छन्।

प्रकाश मल्ल नेतृत्वको नाइके चौकीदारमाथि अन्य कैदीबन्दीले सरकारले दिने दुई सिजनको कपडाको रकम दुरुपयोग गरेको, रासनमा पनि विभेद गरेको, कारागारभित्रै मदिरा, लागुऔषधजस्ता गैरकानुनी कारोबार गरेको, घरबाट आउने सामानसमेत पूरै हातमा नपुग्ने गरेको, आफूनिकटलाई मात्रै सेवासुविधा दिएको जस्ता आरोप लगाएर नाराबाजी गरेका थिए।

तीन महिनाको उपचारपछि स्वदेश फर्कंदै खनालपत्नी चित्रकार



काठमाडौं/ पूर्वप्रधानमन्त्री झलनाथ खनालकी धर्मपत्नी रविलक्ष्मी चित्रकार तीन महिनासम्म भारतको नयाँदिल्लीस्थित एपोलो अस्पतालमा उपचारपछि सोमबार स्वदेश फर्कने भएकी छिन्। जेन-जी आन्दोलनका क्रममा घरमा भएको आगलागीमा गम्भीर घाइते भई जीवन-मरणको अवस्थाबाट गुज्रिएकी चित्रकारको स्वास्थ्य अवस्था सुधारोन्मुख भएपछि उनलाई नेपाल फर्काउन लागिएको हो।

गत २४ भदौमा खनालदम्पती निवासमा भएको आगलागीमा चित्रकारको शरीरको करिब १५-१७ प्रतिशत भाग जलेको थियो। विशेषगरी देब्रे हातमा गम्भीर चोट लागेपछि संक्रमण फैलिँदै जाँदा अवस्था जटिल बनेको थियो। सुरुमा कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचार भए पनि फोक्सोमा निमोनियाको संक्रमण बढ्दै गएपछि चिकित्सकको सल्लाहमा उनलाई एयर एम्बुलेन्समार्फत दिल्लीस्थित एपोलो अस्पताल लगिएको थियो। एपोलो अस्पतालमा भर्ना भएपछि लामो समय आइसियूमा राखेर उपचार गरिएको थियो। संक्रमण नियन्त्रणमा ल्याउन चिकित्सकहरूले कडा प्रयास गर्नुपरेको र अन्ततः संक्रमण फैलिन नदिन कुमभन्दा मुनिको देब्रे हात शल्यक्रिया गरेर काट्नुपरेको थियो। त्यसपछि क्रमशः अवस्था सुधार हुँदै गएपछि उनलाई आइसियूबाट जनरल वार्डमा सारिएको थियो। पछिल्ला केही सातादेखि उनी अस्पतालबाहिर बसेर नियमित फलोअप र उपचार गराउँदै आएकी थिइन्। खनालका अनुसार अहिले चित्रकार पूर्ण रूपमा पहिलेकै जस्तो तन्दुरुस्त नभए पनि जीवनरक्षा भएको छ।

प्रहरीले अब नाकामा किटमार्फत लागुऔषध जाँच गर्ने

धनगढीमा **तेजराज भट्ट**

प्रहरीले लागुऔषध नियन्त्रण गर्न सीमानाकाहरूमा किटमार्फत शंकास्पद व्यक्तिमा लागुऔषध प्रयोगको अवस्थाबारे परीक्षण गर्ने भएको छ। प्रयोगकर्ताले सीमावर्ती भारतीय बजार पुगी लागुऔषध प्रयोग गर्ने र बोकेरसमेत आउने गरेको पाइएपछि नाकामा ओहोरदोहोर गर्ने शंकास्पद व्यक्तिको नमुना लिएर किटमार्फत परीक्षण गर्न लागिएको हो।

सुदूरपश्चिममा लागुऔषध प्रयोगको अवस्था भयावह रूपमा फैलिरहेको छ। प्रहरीको तथ्यांकअनुसार गत मंसिरमा मात्र प्रदेशभरि लागुऔषध मुद्दामा ८८ जना पक्राउ परेका छन्। प्रहरीले लागुऔषधसम्बन्धी ५६ वटा मुद्दा दर्ता गरेको छ। प्रहरीले एक महिनामै सुदूरपश्चिमबाट साढे २७ किलो चरेस, सवा एक किलो गाँजा र ११८ ग्राम खैरो हेरोइन बरामद गरेको छ।

सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमबहादुर रानाले लागुऔषध नियन्त्रण गर्न किटमार्फत नाकाहरूमा स्वास्थ्य जाँच गर्ने तयारी भइरहेको बताए। 'किटको व्यवस्थापनका लागि प्रदेश सरकार र स्थानीय तहहरूसँग समन्वय गरिरहेका छौं,' उनले भने, 'छिट्टै परीक्षण सुरु गर्ने तयारी छ।' उनले यहाँ हुने आपराधिक घटनामा कुनै न कुनै रूपमा लागुऔषध जोडिएको पाइने गरेको बताए।

प्रहरीले चलाउने कारबाहीले मात्र लागुऔषध नियन्त्रण गर्न सम्भव नदेखिएको उल्लेख गर्दै प्रहरी नायब महानिरीक्षक रानाले नागरिकलाई समेत लागुऔषध नियन्त्रणमा जोड्ने गरी कार्यक्रम सञ्चालन गर्न लागिएको बताए।





डिआइजी, **ओमबहादुर राना**, सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख भन्छन्- लागुऔषध नियन्त्रण गर्न किटमार्फत नाकाहरूमा स्वास्थ्य जाँच गर्ने तयारी भइरहेको छ। कटको व्यवस्थापनका लागि प्रदेश सरकार र स्थानीय तहहरूसँग समन्वय गरिरहेका छौं।

'लागुऔषध नियन्त्रण गर्न प्रहरीको 'काउन्टर'ले मात्र पुगेन। अब प्रहरी र नागरिक मिलेर लागुऔषध नियन्त्रणमा लाग्ने गरी कार्ययोजना बनाएर लागू गर्दै छौं,' रानाले भने, 'लागुऔषध तस्करलाई कारबाही र प्रयोगकर्तालाई व्यवस्थापन गरेर जाने योजना छ।'

प्रहरी तथ्यांकअनुसार सुदूरपश्चिमका कारागारमा रहेका कैदीबन्दीमध्ये २९ प्रतिशत लागुऔषध मुद्दाका छन्। कात्तिकमा मात्र लागुऔषधसम्बन्धी ५२ वटा मुद्दामा ८७ जनालाई पक्राउ गरिएको प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिए। कात्तिकमा प्रदेशभरिबाट २५६ ग्राम खैरो हेरोइन, पौने तीन किलो चरेस र ६५५ ग्राम गाँजा बरामद गरिएको उनले बताए। प्रहरी उपरीक्षक गौतमका अनुसार पक्राउ पर्नेमध्ये अधिकांश युवा छन्।

खैरो हेरोइनलगायत लागुऔषध सीमावर्ती भारतीय बजारबाट तस्करी गरेर ल्याउने गरिएको पाइन्छ। भारतसँगको लामो सिमाना जोडिएका कैलाली, कञ्चनपुरमा लागुऔषध प्रयोगको अवस्था भयावह छ। खुला सिमानाका कारण भारतबाट हुने आयातलाई रोक्न चुनौतीपूर्ण रहेको प्रहरी उपरीक्षक गौतमले बताए।

प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक रानाले जेन-जी आन्दोलनका क्रममा फरार रहेका कैदीबन्दीलाई पक्राउ गर्न प्रहरीले विशेष रूपमा काम गरिरहेको बताए। कतिपय कैदीबन्दी भारत गएको बुझिएको उल्लेख गर्दै उनले फरार कैदीबन्दी नियन्त्रण गर्न भारतीय सुरक्षा अधिकारीसँग पनि समन्वय भइरहेको जानकारी दिए। आन्दोलनका वेला सुदूरपश्चिका विभिन्न कारागारबाट फरार भएका ३६५ जना कैदीबन्दी फर्केका छैनन्।

निकासका लागि ताजा जनादेश

अब पुरानो संसद्‌ले काम चल्दैन, यसले जनताको विश्वास जित्न पनि सक्दैन



● अग्नि सापकोटा

अग्रलेख

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को प्रदेशस्तरीय 'पार्टी एकता सन्देश सभा' प्रभावकारी ढंगले सम्पन्न भएका छन्। गत १२ मंसिरमा धनगढीबाट सुरु भएर ५ पुसमा काठमाडौंसम्म आइपुग्दा यसले सबै प्रदेश, स्वदेश र विदेशमा समेत बहुआयामिक सन्देश दिएको छ। देश अहिले संकटग्रस्त अवस्थामा छ। यो संकटभित्र समाधान छ र त्यसको स्पष्ट मार्गचित्र नेकपासित छ भन्ने सन्देश जनतामा राम्रोसित प्रवाहित भएको छ।

जेन-जी आन्दोलनपछि जनता अन्योल, छटपटी र उकुसमुकुसमा थिए। देश अराजकतातिर जाने हो कि भन्ने चिन्ता थियो। सन्देशसभामार्फत नेकपाले जनतालाई आश्वस्त मात्र पारेको छैन, विश्वासमा पनि लिएको छ। जनताको अभूतपूर्व उत्साह र लहर पैदा भएको छ। अहिलेको एक मात्र विकल्प निर्वाचन नै हो भन्ने सन्देश दिएको छ। ताजा जनादेशमा जानुको विकल्प छैन। पुरानै संसद् पुनर्स्थापना गरेर यसैमा गोलचक्कर मारेर जाँदा देश थप संकटमा पर्छ। निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा सबै दलको समर्थनमा राष्ट्रपति रामचन्द्र पौडेलले संविधानलाई पनि जगेर्ना गर्ने र निकास पनि दिने भनेर निर्वाचनको वातावरण बनाउन पहलकदमी लिनुभयो। त्यसअनुसार अन्तरिम सरकार बन्यो। त्यसैले पनि अब सबै चुनावको वातावरण बनाउनतिर लाग्नुपर्छ। जब पार्टीहरूले दृढतापूर्वक चुनावमा जाने प्रतिबद्धता व्यक्त गर्छन्, अरू सबै पक्ष पनि सकारात्मक हुँदै जान्छन्।

अहिले राष्ट्र अभूतपूर्व संकटमा छ। राष्ट्रिय स्वतन्त्रता र स्वाधीनता खतरामा छ। जनताको अधिकार खोसिन सक्ने जोखिम छ। यी सबै समस्या समाधानका लागि पनि चुनावमा जानैपर्छ। राजनीतिक दलहरूले चुनावको वातावरण बनाउन सकेनन् भने देश भूराजनीतिक भूमरीमा पनि पर्छ। त्यसकारण संविधान, लोकतन्त्र, गणतन्त्रको रक्षा, विकास र समुन्नतिका लागि पनि निर्वाचन अपरिहार्य छ।


■ पुनर्स्थापना विकल्प होइन

संसद् कुनै पनि देशको सर्वोच्च जनप्रतिनिधिमूलक थलो हो। संसद् लोकतन्त्रको मेरुदण्ड पनि हो। सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि संसद् निकै महत्त्वपूर्ण थलो हो। यही संसद् निकम्मा भएको हुनाले पनि देशमा यति ठुलो संकट पैदा भयो। संसद्‌बाट सिंगो राष्ट्रको आवाज मुखरित हुनुपर्ने हो। तर, संसद्‌मा विचार, सिद्धान्त, राजनीतिक छलफल, बहस, नीति, दृष्टिकोणमा कहिल्यै छलफल भएन। खालि आरोप-प्रत्यारोपमा समय बित्यो। त्यही निकम्मापनले गर्दा पनि जनतामा, विशेषगरी युवामा, गम्भीर खालको निराशा पैदा भयो। त्यसैबाट असन्तुष्टि र आक्रोश उत्पन्न भयो। त्यसकारण अब पुरानो संसद्‌ले काम चल्दैन। यो पुरानो संसद्‌ले अब जनताको विश्वास जित्न पनि सक्दैन। जेन-जी आन्दोलनपछि जनतामा नयाँ चेतना जागृत भएको छ। नयाँ चेतनाको विवेकमा खडा भएर नागरिकले मतदान गर्नेछन्। त्यसरी आएको संसद्‌ले मात्र जेन-जीका माग सम्बोधन गर्न सक्छ। साथै, मुलुका थुप्रै समस्या समाधान पनि गर्न सक्छ।

हाल चामत्कारिक ढंगले प्रविधिको विकास भइरहेको छ। ती सबैलाई सम्बोधन गर्ने गरी जानुपर्छ। मुख्यतः नवयुवाहरूको भावनालाई समेटेर, उनीहरूलाई पनि निर्वाचनमा सहभागी गराएर अगाडि बढ्नुपर्छ। संसद् पुनर्स्थापना हुँदा जेन-जी युवाको प्रतिनिधित्व हुँदैन। पुरानाहरू नै फर्किने हुन्। अब संसद्‌मा युवाको प्रतिनिधित्व अनिवार्य छ। युवाको प्रतिनिधित्व नभई देशले निकास पाउँदैन। युवालाई निर्वाचनमा भाग लिन सबैभन्दा बढी उत्प्रेरित गर्नुपर्छ। र, सबै पार्टीले ४० वर्षमुनिका युवालाई (चाहे प्रत्यक्षमा होस् वा समानुपातिकमा होस्) टिकट दिनुपर्छ। उनीहरूलाई पार्टी संगठनमा पनि संगठित र प्रशिक्षित गर्नुपर्छ। युवाका नयाँ चेतना, योग्यता र क्षमतालाई पार्टी निर्माण, विकास, विस्तार र देशको उन्नतिमा सदुपयोग गर्नुपर्छ। राजनीतिक दलका नेताको लामो अनुभव र नवयुवाको ऊर्जा 'स्पिरिट'लाई कायम राखी अगाडि बढ्नुपर्ने आवश्यकता छ।

■ संकटसँगै अवसर

वास्तवमा जेन-जीहरूको मुख्य माग भ्रष्टाचार नियन्त्रण र सुशासन हो। त्यसका लागि जल्दाबल्दा युवा र अरू पनि नयाँ ढंगले परीक्षामा जानुपर्छ। नयाँ वातावरण, नयाँ परिवेशमा जेन-जी आन्दोलनले ठुलो धक्का दिएको छ। एक हिसाबले भन्ने हो भने यो संकट हो। तर, संकटभन्दा पनि अवसर नै बढी छ। भनिन्छ नि, जहाँ संकट हुन्छ, त्यहाँ समाधान पनि सँगै हुन्छ। त्यसकारण यो अवस्था पार्टीका नेताका लागि एउटा अवसर पनि हो। त्यसका लागि सबै पार्टीमा शुद्धीकरण र रूपान्तरण हुनुपर्छ। पार्टीमा मात्रै होइन, राज्यमै रूपान्तरण हुनुपर्छ। त्यति मात्रै नभई आन्दोलनको पनि रूपान्तरण हुनुपर्छ। अब परम्परागत आन्दोलन, परम्परागत जनपरिचालनले मात्र पुग्दैन। जेन-जी



आन्दोलनले २४ घण्टामै उलटफेर गऱ्यो। जनतासँग, विशेषगरी युवासँग, कति धेरै तागत छ भन्ने हामीले प्रत्यक्ष देख्यौं। त्यसबाट पनि हामीले शिक्षा लिनुपर्छ।

इतिहासले पाठ सिकाउँछ। तर, इतिहासले पाठ सिक्न बाध्य गर्दैन। यदि, हामीले पाठ सिकेनौं भने नराम्रोसँग बजारिन्छौं। त्यसकारण यसबाट शिक्षा लिएर हामी अगाडि बढ्नुपर्छ। जनता नै इतिहासका निर्माता हुन्, सञ्चालक हुन्। त्यसकारण जनतालाई निर्णय गर्न मौका दिनुपर्छ। जनताको फैसला नै अन्तिम हुन्छ। राष्ट्रपतिले एकप्रकारले पहल लिनुभयो र अहिले कमसेकम संविधान 'कोमा'मै भए पनि जीवित छ। अब संविधानलाई कोमाबाट निकाल्नुपर्छ। त्यसका लागि जनतामै जानुपर्छ। ताजा जनादेशअनुसार संविधान, व्यवस्था र लोकतन्त्रलाई उन्नत बनाउनुपर्छ। जबजब संकट पर्छ, त्यतित्यति वेला जनतामा जानुपर्छ। २१ फागुनको निर्वाचनपछि नयाँ परिस्थिति बन्नेछ, सुशासन कायम हुनेछ, भ्रष्टाचार अन्त्य हुनेछ र देश नयाँ शिराबाट अगाडि बढ्नेछ भन्ने आशा, अपेक्षा जनताले गरेका छन्। हामीले यसलाई अनेक बहानाबाजी गरेर बरालिने वातावरण बनायौं भने देश ठुलो संकटमा फस्नेछ। देश, जनता, परिवर्तन र अग्रगमनका लागि अहिले एक मात्र विकल्प निर्वाचनमा हो भन्ने कुरा करोडौं जनतामाझ स्पष्ट रूपमा पुगेको छ।

> अहिलेको एक मात्र विकल्प निर्वाचन नै हो। ताजा जनादेशमा जानुको विकल्प छैन। पुरानै संसद् पुनर्स्थापना गरी यसैमा गोलचक्कर मारेर जाँदा देश थप संकटमा पर्छ।

हाम्रो पार्टी एकता सन्देशसभाको राष्ट्रिय रूपमा मात्रै होइन, राष्ट्रिय राजनीतिको घेरा तोडेर अन्तर्राष्ट्रिय जगत्‌मा समेत चर्चा-परिचर्चा भइरहेको छ। राष्ट्रियस्तरका साथै अन्तर्राष्ट्रिय जगत्‌ले पनि गम्भीरतापूर्वक हेरेको छ। निकै राम्रो वातावरण बनेको छ।

■ साझा राष्ट्रिय दृष्टिकोण

हाम्रो राष्ट्र, राष्ट्रियता, स्वाभिमान, आत्मनिर्णयको अधिकार खतरामा रहेकाले हामीले राष्ट्रिय एकता कायम गर्नुपर्छ। त्यसका लागि सबै राजनीतिक दलले साझा राष्ट्रिय दृष्टिकोण बनाउन जरुरी छ।

राष्ट्रिय सहमति कायम गर्दै विश्व दृष्टिकोण पनि बनाउन जरुरी छ। विगतमा कम्युनिस्ट पार्टीको गठबन्धन गर्दा मात्रै पनि जनताले फन्डै दुईतिहाइ बहुमत दिएका थिए। त्यसपछि हाम्रो पार्टी एकता पनि भयो। तर, पार्टी एकतालाई हामीले रक्षा गर्न सकेनौं। कहाँकहाँ कमजोरी भयो, त्यसको गम्भीर समीक्षा गरेर कम्युनिस्ट पार्टीको पुनर्गठन गर्नुपर्छ। अहिले १६ वटा दलबिच एकता भएको छ। तर, यतिले पुगेको छैन। अझै धेरै कम्युनिस्ट पार्टीहरू बाहिरै छन्। कम्युनिस्ट पार्टीको पुनर्गठन र बृहत् वामपन्थी मोर्चाका साथसाथै देशभक्तहरूको मोर्चा सिन बनाउनु आवश्यक छ। जहाँ पार्टीहरूसँगै संघसंस्था, संगठन र समूहहरू पनि हुन्छन्। सबैलाई संगठित गरी तीन करोड नेपाली जनतालाई एकताबद्ध गरेर मात्रै देशको रक्षा गर्न सकिन्छ। त्यसका लागि सबै पार्टीहरू आफ्ना संकीर्ण स्वार्थभन्दा माथि उठेर देश र देशको हितमा केन्द्रित हुँदै साझा दृष्टिकोणसाथ अगाडि बढ्नुपर्छ।

■ वैज्ञानिक समाजवाद

हाम्रो संविधानको प्रस्तावनामा लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद भनिएको छ। त्यसैगरी प्रारम्भिकीमा समाजवादउन्मुख राज्य व्यवस्था भनिएको छ। अहिले दुनियाँमा यो सानदार रूपमा प्रमाणित भइसकेको छ कि समाजवाद नै दुनियाँको सर्वोत्कृष्ट, सुसभ्य र सुसंस्कृति राज्य व्यवस्था हो। तर, समाजवाद जतिजति लोकप्रिय हुँदै गयो, सबैले समाजवाद भन्न थाले। हामीले भनेको समाजवाद 'वैज्ञानिक समाजवाद' हो। जहाँ न्याय, निष्पक्षता, समृद्धि, लोकतन्त्र, शिष्टता, सद्‌भाव, स्वतन्त्रता, समानता, कानुनी राज्य, देशभक्ति, समर्पण, इमानदारी, मित्रतासहितको नेपाली शैलीको समाजवाद हुन्छ। हाम्रो तात्कालिक कार्यनीति २१ फागुनको चुनाव नै हो। यो चुनावमा हामी सम्पूर्ण रूपले केन्द्रित भइरहेका छौं। पार्टी एकताको सन्देशका साथसाथै हामीले चुनावको पनि तयारी गरिरहेका छौं। हाम्रो रणनीतिक लक्ष्य भनेको वैज्ञानिक समाजवाद हो। त्यो समाजवाद हाम्रो नेपाली शैलीको हुनेछ। कृषि, उद्योग, राष्ट्रिय सुरक्षा र विज्ञान-प्रविधिमा आधुनिकीकरण गरेर हामी अगाडि जानेछौं। हाम्रो अहिलेको जिम्मेवारी नेपाली धर्तीमा मार्क्सवादलाई लोकप्रिय बनाउने र मार्क्सवादका सर्वसम्मत कथनलाई 'हाइलाइट' गर्ने हो। यो भूमण्डलको अहिले पनि सबैभन्दा ऊर्जाशील, समस्या समाधानका लागि अचुक 'रामवाण' भनेको मार्क्सवाद नै हो। मार्क्सवादलाई गहिराइमा गएर बुझ्ने, व्याख्या गर्ने मात्रै होइन, मार्क्सवादमा हजारौं सत्य छन्, तिनलाई व्यवहारमा लागू गर्ने हो। सबैभन्दा मुख्य सत्य दुनियाँलाई बुझ्नु र व्याख्या गर्नु हो। त्योभन्दा कैयन् गुना महत्त्वपूर्ण कुरा दुनियाँ बदल्नु हो।

अहिलेसम्मका कमी-कमजोरी सच्याउँदै कुनै हालतमा कमजोरी नदोहोऱ्याउने संकल्पसाथ हामी अगाडि बढेका छौं। हामी अब जनतालाई बेवास्ता गर्नेछैनौं। ती महान् सहिदहरू, बेपत्ता व्यक्तिका परिवार र त्यो तल्लो वर्ग, महिला, आदिवासी, जनजाति, दलित, मजदुर, किसानका समस्यामा हामीले कतै न कतै नजरअन्दाज या बेवास्ता गरेकै हुनाले जनतासितको सम्बन्ध कमजोर भयो। अब जनतासँगको सम्बन्धलाई मजबुत बनाउनु हाम्रो संकल्प हो। हामीले राम्ररी बुझेका छौं, जनताको चित्त बुझ्यो भने, त्यसले संसार जित्छ, जनताको चित्त दुख्यो भने देश समाप्त हुन्छ। जनताको चित्त दुखाउने काम गरेका कारण देशमा समस्या र चुनौती आए। हामीले गरेका कमी-कमजोरीको गम्भीर समीक्षा गर्दै अन्तस्करणदेखि नै जनताबिच आत्मालोचना गरिराखेका छौं। जनतालाई हेप्ने, अपमान गर्ने, जनताका कुरा नसुन्ने, जनताको विश्वास नजित्ने पार्टीको एक दिन अवसान निश्चित छ। त्यही सत्य बुझेर हामी जनतामाझ गइराखेका छौं र साझा संकल्प गरेका छौं- अब हामी रूपान्तरित हुन्छौं। शुद्धीकरण अभियान चलाउँछौं। जनतालाई शीर्षस्थानमा राखेर हामी अगाडि बढ्छौं। जनताको आदेशअनुसार नेपाली कम्युनिस्ट पार्टी चल्छ।

---

३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **देवेन्द्र कार्की**लाई



■ हामीकहाँ भ्युटावर निर्माण गर्नु कति आवश्यक छ ?

पटक्कै आवश्यक छैन। भ्युटावर डाँडामा बनाइन्छन्। हाम्रा डाँडाकाँडा आफैंमा प्रकृतिले दिएका प्राकृतिक भ्युटावर हुन्। त्यहाँ कंक्रिटका भद्दा भ्युटावर ठड्याउनुको कुनै अर्थ छैन। फेरि अधिकांश भ्युटावर बनेका स्थानमा बाटोघाटोको सुविधा पुगेको हुँदैन। जसले गर्दा निर्माण सामग्री बोकेर टावर बनाइएकोसमेत देखिन्छ। यसले राज्यको अनावश्यक खर्च बढाएको छ। पर्यटकको 'फ्लो' बढी हुने एकाध स्थानमा भ्युटावर बनाउनु ठिकै पनि होला। तर, अधिकांश स्थानमा बनेका भ्युटावर आहा भन्ने खालका सुन्दर छैनन्। अहिले जहाँ पुगे पनि भ्युटावर, स्वागत या बिदाइ गेट आदि बनेका देखिन्छन्। तर, यो सब जनताले तिरेको करको दुरुपयोग हो, राज्यकोषको अनावश्यक खर्च हो।

■ भ्युटावर निर्माणको प्रतिस्पर्धा विकास हो कि विकासको प्राथमिकता निर्धारण गर्न नसकिएको हो ?

भ्युटावर निर्माणमा भइरहेको प्रतिस्पर्धा स्थानीय सरकार र उसको राजनीतिक नेतृत्वले विकासको प्राथमिकता निर्धारण गर्न नसक्नुको परिणाम हो। साथै, प्रशासनिक नेतृत्वले पनि विरोध गर्न या त्यसको आवश्यकता नभएकोबारे नेतृत्वलाई बुझाउन नसक्नुको परिणाम हो। सबै स्थानका भ्युटावर निर्माणमा इन्टेन्सन नै खराब छ भन्न त नमिल्ला, तर प्राथमिकता छुट्याउन नजानिएको भने पक्का हो।

■ बनिसकेका भ्युटावरको सदुपयोग कसरी गर्न सकिएला ?

यस्ता अधिकांश भ्युटावरमा मान्छे नै पुग्दैनन्। मान्छे पुगे भने पनि भ्युटावरमुनिकै डाँडाबाट सबै छर्लंग देखिन्छ। फेरि भ्युटावरको सदुपयोग अन्य काममा गर्न पनि सकिन्न। त्यहाँ बढीभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक पुऱ्याएर वरिपरि आर्थिक क्रियाकलाप बढाउन सके मात्र त्यसबाट लाभ लिन सकिने हो। तर, हैदैं अनाकर्षक भ्युटावर हेर्न र चढ्नकै लागि भने मान्छेहरूको भिड लाग्दैन। त्यसैले, भ्युटावरमा भइरहेको लगानी बालुवामा पानी हालेबराबर हो।

प्रेरक प्रसंग

पढाइको भोक मेट्ने बाटो

अमेरिकाको कुनै गाउँमा एउटा लुरे केटो बस्थ्यो। उसको परिवार अत्यन्त गरिब थियो। भीषण गरिबीकै कारण उसको शरीरमा हम्मेसी नयाँ र राम्रा लुगा पर्दैनथे। केटाको परिवारले उसको स्कुलको शुल्क तिर्नसमेत सक्दैनथ्यो। उनीहरूसित बस्नका लागि राम्रो घर पनि थिएन। यस्तोमा उसले ठिकसँग शिक्षा प्राप्त गर्न सकिरहेको थिएन। यसैकारणले गर्दा ऊ उदास रहन थाल्यो।



एक दिन ऊ सडकको किनारमा उदास भएर सोचिरहेको थियो। त्यति नै खेर एउटा मानिस टाउकामा धेरै सामान राखेर हिँडिरहेको उसले देख्यो। ऊ सोही मानिसलाई हेर्दै थियो। त्यति नै खेर त्यो मानिस कतै ठोक्किएर लड्यो। यो देख्नासाथ त्यो केटो उनको छेउमा गयो र उसलाई सहारा दिएर उठाइदियो।

त्यो मानिसले उसलाई आफ्ना केही सामान बोकेर स्टेसनसम्म पुऱ्याइदिन आग्रह गऱ्यो। यस केटाले पनि केही नबोली खुरुक्क केही सामान बोकेर रेलवे स्टेसनसम्म पुऱ्याइदियो।

केटाको त्यस सहयोगका लागि त्यो व्यक्तिले उसलाई पुरस्कारका रूपमा केही पैसा दियो। त्यो पैसाले उसले किताब किन्यो। त्यसपछि ऊ सधैं स्टेसन आउन-जान थाल्यो र यसरी मानिसको सहायता गरेर पैसा कमाउन थाल्यो। यसरी उसले अत्यन्त कडा मिहिनेत गरी पढाइ पूरा गऱ्यो। ऊ कानुन व्यवसायी बन्न चाहन्थ्यो। आखिर आफ्नो मिहिनेतको बलमा ऊ साँच्चै कानुन व्यवसायी बन्न सफल पनि भयो। यही केटो एक दिन अमेरिकाको सोह्रौं राष्ट्रपति बन्नसमेत सफल भयो। जसको नाम थियो, अब्राहम लिंकन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सांसदको हस्ताक्षर किन ?

कांग्रेस र एमाले दुवै पार्टीले आउँदो चुनावमा आफ्नो दल र नेता उत्तानो पर्ने निश्चित देखेपछि अहिले संसद् पुनर्स्थापनाको ढोल पिट्दै छन्। तर, सर्वोच्च अदालतले विवेक गुमाउनेछैन भन्नेमा आमसचेत नागरिक विश्वस्त छन्।

● **विनोदबाबु तिमिल्सिना**

चुनावसँग डराउनु भनेको जनमतसँग डराउनु हो। संसद् पुनर्स्थापना माग गर्नुको उद्देश्य केही समय आआफ्ना पालामा भए-गरेका कुकर्मका प्रमाण गायब पार्नु र नयाँ पुस्ता अनि परिवर्तन चाहने नौजवानलाई मिथ्या आरोपमा दुःख दिनु नै हो। यसो भएमा उनीहरू स्वयंलाई नै प्रत्युत्पादक हुने निश्चित छ।

● **टेकराज पन्थ**

यो हस्ताक्षर अभियान चलाउने कांग्रेसीहरूको पक्कै विदेशतिर घर, पैसा र भागेर जाने ठाउँ सुरक्षित छ। त्यसैले, निहुँ खोजिरहेका हुन्।

● **नारायण खत्री**

तीन दशकदेखि देशलाई लुट्ने पुराना पार्टी र तिनका नेतालाई अब जनताले छाड्नेछैनन्। यी भ्रष्ट नेतालाई बहिष्कार गरौं, नत्र देश अझै बर्बाद हुनेछ। सबै वैकल्पिक शक्ति एक हौं।

● **कृष्ण पनेरू**

अहिलेलाई चुनाव जित्ने सम्भावना छैन भन्ने कुरा विशेषतः दुई ठुला दलले बुझेका छन् र हार्ने चुनावमा भाग लिन के जाँगर होस त ?

● **गंगा पौडेल**

निभ्न लागेको बत्ती भर्भराउन थालेछ। आउँदो चुनावमा कहिल्यै बल्न नसक्ने गरी निभाउनुपर्छ यसलाई।

● **सुरेन्द्रकाजी प्रधानांग**

रवि बाहिर निस्केपछि यिनीहरूको रोदन सुरु भयो। आगामी चुनावमा पत्तासाफ हुने निश्चित देखेपछि संसद् पुनर्स्थापना भन्दै रोइकराइ गर्न थाले।

● **सुमन चुडाल**

जनताको विद्रोहलाई नजिस्क्याउनुहोला। जनताको इच्छाअनुसार काम गर्नुहोला। नत्र धोती न टोपी होला है !

● **दानी नाथ**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

निर्वाचनको विकल्प छैन

प्रायः सबैले संविधान नै ठुलो भन्छन्, तर यो पनि न भुलियोस् कि देश रहे मात्र संविधान रहने हो। देश नै छैन भने संविधानको कुरै आउँदैन। गत २४ भदौमा तत्कालीन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिई बालुवाटार छाडेर भागेपछि झन्डै एक साता देश अन्योलपूर्ण अवस्थामा थियो। यस अवधिमा कोही प्रधानमन्त्री बन्न तयार देखिएनन्। यस्तोमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले प्रधानमन्त्रीको पद सम्हालेर देश मात्र बचाइनन्, संविधान पनि बचाएकी छिन्। आज विषम परिस्थितिमा बनेको तिनै कार्की नेतृत्वको सरकारलाई असंवैधानिक भन्नु आफैंमा लाजमर्दो विषय हो। त्यसमा पनि देशलाई आगोको भुमरीमा छाडेर भाग्ने कांग्रेस र एमालेले त संविधानको कुरा गर्न कदापि सुहाउँदैन। एकातिर कार्की सरकारलाई असंवैधानिक भन्ने, सोही कार्की सरकारले गर्ने निर्वाचनमा भाग लिने निर्णय पनि गर्ने र अर्कातर्फ संसद् पुनर्स्थापनाको पनि माग राख्नु कतिको सुहाउँछ ? सुशीला कार्की प्रधानमन्त्री बनेको भोलिपल्टै अन्तर्राष्ट्रिय समुदायले समेत बधाई दिनु अनि तिनै अन्तर्राष्ट्रिय दातृ निकायले अर्बौंको सहयोग गर्नुले पनि प्रस्ट हुन्छ कार्की सरकार अवैध छैन। त्यसैले यस्तो अवस्थामा संसद् पुनर्स्थापनाको औचित्य छैन। अहिलेका एक मात्र विकल्प हो निर्वाचन।

● **महावीर लामा**, सिन्धुपाल्चोक
lamamahabir9@gmail.com

बेनिनको असफल सैन्य विद्रोहमा उजागर भएको भूराजनीति

भूराजनीतिक खेलको आशंकामा बेनिनको लोकतान्त्रिक सरकार 'कु'बाट जोगिँदासमेत धेरै मानिस खुसी देखिएनन्



देश/विदेश

● हावर्ड डब्लु फ्रेन्च

गत साता पश्चिम अफ्रिकी राष्ट्र बेनिनमा सेनाभित्रको एक समूहले देशका राष्ट्रपति प्याट्रिस ट्यालोनलाई अपदस्थ गर्ने असफल प्रयास गऱ्यो। बेनिनको 'कु' प्रयास अहिले केवल एक देशको आन्तरिक घटना नभएर पश्चिम अफ्रिकाभरको भूराजनीतिक गतिशीलता प्रकाश पार्ने विकासक्रम साबित भएको छ। यस प्रकरणमा पछिल्लो समय अस्थिर हुँदै गएको अफ्रिकाको यस भेगमा नाइजेरियाको बढ्दो भूमिकासमेत उजागर भयो।

पश्चिम अफ्रिकी देशको आर्थिक समुदाय 'इकोवास'का सदस्यले बेनिनमा समयमै सेना पठाएपछि ट्यालोनको सरकार मुस्किलले जोगियो। इकोवासको सैन्य संलग्नता नाइजेरियाको नेतृत्वमा भएको थियो। नाइजेरियाली वायु सेनाले बेनिनमा कुमा उत्रिएको सेनाको समूहका प्रमुख आश्रय स्थानमाथि बमबारी गरेर सरकार समर्थक सेनाका पक्षमा रहेको बलियो सन्देश दियो। लगत्तै नाइजेरिया र इकोवासलाई सावधानीपूर्वक पछ्याउँदै फ्रान्सले पनि आइभरिकोस्टमा रहेको आफ्नो सैन्य आधारबाट सरकार समर्थित सेनालाई एयर लिफ्ट र गुप्तचर समर्थन प्रदान गऱ्यो।

पछिल्लो समय फ्रान्सको नाम मात्रले पनि विगतमा उसको उपनिवेश रहेको पश्चिम अफ्रिकी जनमत विभाजित हुने गर्छ। यसपटक पनि फ्रान्सेली सेनाको सामान्य संलग्नताले पनि धेरै मानिस आक्रोशित र सशंकित बन्न पुगे। यस प्रकरणमा फ्रान्सलाई पर्दापछाडिको कठपुतली चलाउने शक्ति भएको आरोप लगाइँदै छ। त्यसमाथि नाइजेरियाले भर्खरै फ्रान्ससँग करसम्बन्धी तथ्यांक साझा गर्ने सम्झौतामा हस्ताक्षर गरेको थियो। यस पृष्ठभूमिमा पेरिसले आफ्नो व्यापार सुनिश्चित गरिदिएबापत नाइजेरियालाई बेनिनमा हस्तक्षेप गर्न मद्दत गरेको आलोचकको आरोप छ।

फ्रान्सको संलग्नताकै कारणले होला, निर्वाचित ट्यालोन सरकार कु प्रयासबाट बच्दासमेत त्यहाँ ऊप्रति खासै सहानुभूति देखिएन। जबकि, पश्चिम अफ्रिकाभर लोकतान्त्रिक अभ्यास गर्ने देशको घट्दो संख्याबिच ट्यालोनले दोस्रो कार्यकाल सकिएपछि स्वेच्छाले पद छाड्ने तयारी गरिरहेका छन्। यस भेगका अधिकांश नेतामा संविधानले तोकेको सीमा नाघेपछि पनि शासन लम्ब्याउन संविधान नै संशोधन गर्ने लहर चलिरहेको वेला हो यो। ट्यालोनले आफ्नो शासनकालभरि प्रतिपक्षी राजनीतिज्ञमाथि गरेको कडाइले पनि उनीप्रति सहानुभूति घट्यो होला। साथमा भूराजनीतिक खेलको भूमिका पनि रह्यो।

यस प्रकरणमा नाटकीयताको कुनै कमी रहेन। ट्यालोनका पक्षमा नाइजेरियाली हस्तक्षेप चलिरहेकै वेला उत्तरपश्चिममा बेनिनसँग जोडिएको बुर्किनाफासोले आफ्नो भूमिमा अनधिकृत रूपमा अवतरण गरेको नाइजेरियाली सैन्य विमानलाई अस्थायी रूपमा नियन्त्रणमा लियो। बुर्किनाफासोले पछिल्लो समय माली र निजेरसँग मिलेर सहेल क्षेत्रमा 'अलायन्स अफ सहेल स्टेट्स (एइएस)' नामक गठबन्धन बनाएको छ। एइएसले आफ्नो भूमिमा तैनाथ फ्रान्सेली फौजलाई निष्कासित गर्दै फ्रान्सको प्रभाव कम गर्ने प्रयासको अग्रसरता लिएको छ।

विश्वकै सबैभन्दा गरिबमध्येका यी तीन भूपरिवेष्ठित देश बुर्किनाफासो, माली र निजेरले गठबन्धनमार्फत मिलेर आफ्नो भूमिको रक्षा गर्न र विगतमा भन्दा



तीव्र गतिमा विकास गर्न सकिने बताएका छन्। फ्रान्ससँग घनिष्ठ रहेको भन्दै ती मुलुकले यसै वर्ष जनवरीमा इकोवासको सदस्यता त्यागेका थिए। यी सबै घटनाक्रमले यो संकटग्रस्त क्षेत्र थप विभाजित हुँदै गएको देखाउँछ।

फ्रान्ससँग जोड्ने प्रयास भए पनि छिमेकी देश बेनिनको सरकारको पक्षमा नाइजेरिया सक्रिय रूपमा उत्रिनुमा उसका आफ्नै कारण छन्। नाइजेरिया सरकार आफैं देशभित्र इस्लामिक सशस्त्र समूह र स्थानीय डाकु समूहको सुरक्षा चुनौतीसँग लडिरहेको छ। त्यस्तोमा अर्को एउटा छिमेकी अस्थिर सैन्य शासनमा गएको हेरेर बस्नु उसका लागि उचित नलागेको हुन सक्छ। विशेषतः यसअघि उसका अन्य छिमेकी देश एकपछि अर्को सफल सैन्य विद्रोहमा फस्दा ऊ मौन रहेको थियो। अहिले उसले छिमेकी देशका सैन्य विद्रोहबाट देशभित्रका सैन्य समूहको आत्मविश्वास बढ्न सक्ने ठानेको हुनुपर्छ। बेनिनमा पनि सैन्य सरकार बनेको भए नाइजेरियाको चारैतिर सैन्य-सञ्चालित राज्य हुने थियो। पूर्वतर्फको क्यामरुनमा मात्र सैन्य सरकार हुने थिएन। तथापि, त्यहाँको सरकार पनि अत्यन्त भ्रष्ट र अलोकतान्त्रिक मानिन्छ।

अफ्रिका मामिला हेर्ने पश्चिमी विश्लेषक प्रायः यस महाद्वीपका राष्ट्रिय राजनीतिको जटिलतामाथि एकदम कम ध्यान दिन्छन्। उनीहरू देशभित्रका द्वन्द्व र संकटलाई 'जातीय विग्रह' वा 'जनजाति' मुद्दा वा तानाशाही नेताको हर्कतको भाष्यमा सीमित गर्छन्। तर, अफ्रिकी देशका राजनीतिमा पनि अन्य क्षेत्रका देशको जस्तै अनेक पहलु र जटिलता हुन्छन्।

हालै बेनिनमा भएको विद्रोह प्रयासलाई दबाउन नाइजेरियाको हस्तक्षेपले धेरैलाई नाइजेरियाको यस्तै सैन्य सक्रियताको पुरानो दिनको सम्झना गराएको हुनुपर्छ। विशेषतः सिएरालियोन र लाइबेरियामा भएको क्रूर गृहयुद्धमा उसले यस्तै पक्षधरता लिएको थियो। त्यो समय नाइजेरिया आफैं इतिहासको सबैभन्दा कठोर सैन्य तानाशाहीको अधीनमा थियो। तर, उसले छिमेकी देशमा भने विद्रोही सेनाबाट राष्ट्रिय राजधानी कब्जा हुन नदिन इकोवासको ब्यानरमा सेना तैनाथ गरेको थियो। नाइजेरियाको सेनाको व्यवहार सधैं उदाहरणीय देखिन्छ। उसको संलग्नताले ती साना देश गम्भीर युद्धबाट जोगिएको इतिहास छ।

(फ्रेन्च कोलम्बिया विश्वविद्यालयका पत्रकारिता संकायका प्राध्यापक हुन्)
फरेन पोलिसीबाट

अमेरिकाले ताइवानलाई १० अर्ब डलरभन्दा बढीको हतियार बेच्ने

वासिंटन डिसी / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले ताइवानलाई १० अर्ब डलरभन्दा बढीको हतियार बिक्रीको विशाल प्याकेज घोषणा गरेको छ। यसमा मध्यम दूरीको क्षेप्यास्त्र, हाविट्जर र ड्रोनहरू समावेश छन्। घोषणाप्रति चीनले भने आक्रोश जनाएको छ।



बुधबार हतियार बिक्रीसम्बन्धी आठ सम्झौता घोषणा गरिए। यसमा ८२ वटा उच्च-गतिशीलता सैन्य रकेट प्रणाली (वा हिमार) र ४२० वटा सैनिक रणनीतिक मिसाइल प्रणाली (वा एटाक्सहरू) समावेश थिए। बाइडेन प्रशासनले युक्रेनलाई रुसी आक्रमण रोक्न यस्तै एटाक्स दिएको थियो। यी दुई प्रणालीको मात्र चार अर्ब डलरभन्दा बढी मूल्य रहेको छ।

त्यस्तै, चार अर्ब डलरभन्दा बढी मूल्यको ६० वटा स्वचालित हाविट्जर प्रणाली र त्योसँग सम्बन्धित उपकरण पनि बिक्रीमा समावेश छ। साथमा एक अर्ब डलरभन्दा बढीका ड्रोन पनि समेटिएका छन्। ताइवानलाई बेचिने हतियार प्याकेजमा एक अर्ब डलरभन्दा बढीको सैन्य सफ्टवेयर, ७० करोड डलरभन्दा बढीको जेभलिन तथा मिसाइल, ९.६ करोड डलरको हेलिकोप्टरको पार्टपुर्जा र ९.१ करोड डलरबराबरको हार्पुन मिसाइलका पार्ट समावेश छन्।

हतियार बिक्रीको घोषणापछि अमेरिकी विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै भनेको छ कि 'प्रस्तावित बिक्रीले प्राप्तकर्ताको सुरक्षा सुधार गर्न र सो क्षेत्रमा राजनीतिक स्थिरता, सैन्य सन्तुलन र आर्थिक प्रगति कायम राख्न मद्दत गर्नेछ।'

उता चीनको विदेश मन्त्रालयले भने यस कदमको विरोध जनाएको छ। यस कदमबाट बेइजिङ र वासिंटनबिचको कूटनीतिक सम्झौता उल्लंघन भएको, क्षेत्रीय स्थिरतामाथि प्रहार भएको र चीनको सार्वभौमसत्ता, सुरक्षा तथा क्षेत्रीय अखण्डतालाई गम्भीर हानि पुऱ्याउने बेइजिङले बताएको छ।

उता बिहीबार नै एक विज्ञप्ति जारी गर्दै ताइवानको रक्षा मन्त्रालय र विदेश मन्त्रालयले हतियार सहयोगका लागि अमेरिकालाई धन्यवाद व्यक्त गरेको छ।

इतिहासमा आज

डिसेम्बर २२



सन् १९९४ : इटलीका तत्कालीन प्रधानमन्त्री सिल्भियो बर्लुस्कोनीले उनको पहिलो कार्यकालबाट राजीनामा दिए।

सन् १८४९ : सरकारविरोधी गतिविधिमा सहभागी भएको आरोपमा प्रख्यात रुसी उपन्यासकार फ्योदोर दोस्तोयभ्स्कीलाई आजकै दिन गोली हानेर मृत्युदण्ड दिन लगिएको थियो। तर, अन्तिम समयमा उनलाई उक्त सजायको सट्टा निर्वासन पठाइयो।

सन् १८५१ : भारतको रुक्कीमा देशको पहिलो मालबाहक रेलसेवा सुरु।

सन् १८८५ : इटो हिरोबुमी जापानका पहिलो प्रधानमन्त्री बने।

सन् १९४२ : जर्मन अत्याधुनिक रकेट भी-२ लाई दोस्रो विश्वयुद्धमा हतियारको रूपमा प्रयोग गराउन एडोल्फ हिटलरले आदेश दिने अध्यादेशमा हस्ताक्षर गरे।

सन् १९७४ : सम्पूर्ण आयरल्यान्डलाई बेलायती शासनबाट अलग गर्न संघर्षरत आइरिस रिपब्लिकन आर्मी(आइआरए)ले बेलायतका पूर्वप्रधानमन्त्री एड्वार्ड हिथको आवासमा बम विस्फोट गरायो।

सन् १९९० : पोल्यान्डको कम्युनिस्ट शासनविरुद्ध सफल आन्दोलनको नेतृत्व गरेका लेबर अभियन्ता लेक बालेसा पोल्यान्डको पहिलो प्रजातान्त्रिक निर्वाचनमा राष्ट्रपति चुनिए।

सन् २००१ : अमेरिकाले तालिबान अपदस्थ गरेपछि देशको शासन नेतृत्व सम्हालिरहेका 'अफगान उत्तरी गठबन्धन'का नेता बुरहानुद्दिन रब्बानीले शासनसत्ता हमिद कार्जाईको नेतृत्वलाई सत्ता हस्तान्तरण गरे।

सन् २०१६ : इबोलाविरुद्धको विश्वको पहिलो प्रमाणित खोप 'भिएसभी-इबिओभी' ७०-१०० प्रतिशत प्रभावकारी रहेको अध्ययन चर्चित वैज्ञानिक जर्नल ल्यान्टेन्समा प्रकाशित भयो।

Dalit Jan Kalyan Yuba Club (DJKYC)

Lahan Municipality, Ward# 10, Gudigaun, Siraha District, Nepal

Invitation for Bids

(First date of Publication: 22 Dec 2025)

Dalit Jan Kalyan Yuba Club (DJKYC) is implementing Sabal Balbalika and Sabal Samudaya (SaBaSS) project in financial and technical support from Plan International Nepal in Arnama Rural Municipality of Siraha District, Madhesh Province, Nepal. As part of this project, DJKYC will construct and/or repair WASH facilities in selected schools within Arnama Rural Municipality.

DJKYC have invited qualified and experienced construction companies registered in Nepal, with demonstrated capacity in WASH infrastructure construction, installation, and repair works, to participate in this tender process. Interested and eligible construction companies are encouraged to submit their bids in accordance with the tender requirements.

Instructions to Bidders

- Bid documents will be available from 22 December 2025 onwards on the online portal and can also be collected from the DJKYC office (address below) and email request djkycprocurement2000@gmail.com
  The deadline for submission of tender documents is 05 January 2026 by no later than 4:00 PM.Tender document collection and submission time: 10:00 AM to 4:00 PM, Sunday to Friday (except DJKYC holidays).
  No online submissions of tender documents will be accepted. Only hard copy submissions will be considered with authorized signed and stamped in each page.
- To collect the tender document, interested bidders must visit the address below with copies of:
  - Company/ Business Registration Certificate
  - VAT Registration Certificate
  - Tax Clearance Certificate for FY 2081/2082
- Technical bids will be opened on 06 January 2026 at 11:00 AM, and financial bids will be opened on 9 January 2026 at 11:00 AM at the DJKYC Office, Lahan Municipality, Ward# 10, Gudigaun, Siraha District, Nepal. Only the qualified technical proposals will be considered for further evaluations of financial proposals.
- Bidders must submit a Bid Security (Bank Guarantee) amounting to 2.5% of the total proposed bid amount, deposited in the name of this office. Detailed information related to the Bid Security is specified in the bid form.
- If any additional information or clarification related to the bid is required, such information and notices may also be obtained from the office of this organization.
- The Procurement Committee of DJKYC, Siraha, reserves full authority to accept or reject any bid, in whole or in part, with or without assigning any reason, and to cancel or re-invite the bid process at any stage.
- Any bid submitted without following the prescribed procedures, found to be incomplete, or received after the deadline, shall not be subject to any action and shall be automatically disqualified.
- The terms and conditions mentioned in this notice, along with other necessary provisions, shall be governed by this notice, DJKYC procurement and financial policy.

The Procurement Committee
Dalit Jan Kalyan Yuba Club (DJKYC)
Lahan Municipality, Ward# 10,
Gudigaun, Siraha District, Nepal
Please visit us www.djkyc.org

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध-६, काठमाडौं, फोन : ४-५८९२५७

शिलबन्दी बोलपत्र आह्वानको सूचना नं.- ०३/०८२/८३

प्रकाशित मिति : २०८२/०९/०७

यस श्री बौद्धनाथ क्षेत्र विकास समिति अन्तर्गत पर्ने का.म.पा.वडा नं. ६ स्थित विभिन्न स्थानहरूमा निर्माण कार्यहरू गर्न नेपाल सरकारबाट मान्यता प्राप्त फर्म/कम्पनीहरूबाट रु. १० को टिकट सहित शिलबन्दी बोलपत्रको माध्यमबाट गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित विवरण अनुसार शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

शर्तहरू

१. बोलपत्रको ग्राह्यता (इलिजिबिलिटी)को आधार तथा त्यस्तो आधार प्रमाणित गर्ने बोलपत्रदाताले बोलपत्र साथ देहायका कागजातहरू पेश गर्नु पर्नेछ। (क) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणको प्रमाणित प्रतिलिपि, (ख) मु.अ.क.दर्ता प्रमाणपत्र र प्यान (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, (ग) आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (घ) Letter of Bid (ङ) Power of Attorney of bid signatory (च) J.V. agreement (J V Bids only) (छ) Bid security(Bank Gurantee)

२. शिलबन्दी बोलपत्र फारामको लागि इच्छुक फर्मबाट निवेदन साथ देहाय अनुसारको दस्तुर बुझाई का.म.न.पा.वडा नं. ६ स्थित आनन्दपुरको गुरु रिन्पोछेको मन्दिरमा थान्का लेखन,धातुको छाना र फिनिसिङ गर्ने कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने साथै महांकालथान मन्दिरमा धातुको छाना हाल्ने,घण्टी,रेलिङ र अन्य फिनिसिङ गर्ने कार्य र ऐतिहासिक तिनचुलिको इतिहास संरक्षणको लागी मा भ्याजिमाको मन्दिर निर्माण,थान्का लेखन, मूर्ति स्थापना र तिनचुलिको पुन स्थापाना गर्ने कार्य गर्नको लागि यो सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र बोलपत्र खरिद गरी ३१ औं दिन दिनको १२:०० बजेभित्र दर्ता गराई सक्नुपर्ने र सोही दिनको २:०० बजे समितिको कार्यालयको मातहत भित्र बोलपत्र खोलिनेछ। बोलपत्रको खाम बाहिर के सम्बन्धी बोलपत्र हो सो सम्बन्धी स्पष्ट उल्लेख हुनु पर्नेछ।

३. म्यादभित्र पर्न आएको शिलबन्दी बोलपत्र बोलपत्रदाता निजको अधिकार प्राप्त प्रतिनिधिको उपस्थितमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

४. तल उल्लेखित गरिएको रकममा नघटाई नगद वा "क" वर्गको मान्यता प्राप्त बैंकबाट यस समितिको नाममा जारी गरिएको बैंक ग्यारेण्टी (विल्ड बोण्ड) को सक्कल प्रति पेश गर्नु पर्नेछ। बैंक ग्यारेण्टी(विल्ड बोण्ड) बोलपत्र पेश गरेको दिनदेखी १२० दिन अवधिको पेश गर्नु पर्नेछ। नगद जमानतको लागि कुल ठेक्का लागत अंकको २.५ प्रतिशत धरौटी रकम नविल बैंक, बौद्ध शाखामा रहेको श्री बौद्धनाथ क्षेत्र विकास समितिको खाता नं.०४०१०११० ९९७०१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।

५. बोलपत्रमा आईटमवाईज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

६. बोलपत्र खरिद गर्ने, खोल्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा क्रमश :सो दिनको भोलिपल्टको दिनलाई अन्तिम दिन मानिनेछ।

७. रित पूर्वक भरी नआएको,शिलबन्दी भई नआएको र म्यादभित्र दाखिला हुन नआएको बोलपत्रलाई मान्यता दिईने छैन।

८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस श्री बौद्धनाथ क्षेत्र विकास समितिमा सुरक्षित रहनेछ।

९. नियमानुसार लाग्ने सबै प्रकारका करहरू बोलपत्रदाता आफैले नै व्यहोर्नु पर्नेछ।

१०. जुन फर्मको नाममा बोलपत्र बिक्री भएको हो, सोही फर्मको तर्फबाट दररेट भरी बोलपत्र दस्तावेजको हरेक पानामा बोलपत्रदाताको सहिछाप र फर्मको मोहोर लागेको हुनु पर्नेछ।

११. उपरोक्त शर्तहरू बाहेकको अन्य शर्तहरू तथा सामानको परिमाण बोलपत्र दस्तावेजमा खुलाईनेछ। साथै अन्य थप जानकारीको लागि श्री बौद्धनाथ क्षेत्र विकास समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१२ बोलपत्र फाराम दस्तुर नगद समितिको कार्यालयमा बुझाउनुपर्नेछ अन्यथा समिति जिम्मेवारी हुने छैन।

तपशिल

ठे.नं.	कामको विवरण	बोलपत्र जमानी रकम (ठेक्का लागत अंकको)	लागत अनुमान (मु.अ.कर समेत)	फाराम दस्तुर
BNADC/ TEM-06-82/83	का.म.न.पा.वडा नं. ६ स्थित आनन्दपुरको गुरु रिन्पोछेको मन्दिरमा थान्का लेखन, धातुको छाना र फिनिसिङ गर्ने कार्य	२.५ प्रतिशत	१९,९८,५३४.६१	१,०००
BNADC/ TEM-07-82/83	महांकालथान मन्दिरमा धातुको छाना हाल्ने, घण्टी, रेलिङ र अन्य फिनिसिङ गर्ने कार्य	२.५ प्रतिशत	३०,२८,९१३.६९	१,५००
BNADC/ TEM-08-82/83	ऐतिहासिक तिनचुलिको इतिहास संरक्षणको लागी मा भ्याजिमाको मन्दिर निर्माण,थान्का लेखन,मूर्ति स्थापना र तिनचुलिको पुन स्थापाना गर्ने कार्य	२.५ प्रतिशत	३९,९८,६३९.५५	१,५००

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगाको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ। साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१	**१) ऋणी फर्म : ब्रदर्श बहुउद्देशिय कृषि तथा पशुपंक्षी फर्म**, प्रोप्राईटर तथा जमानतकर्ता : सबिना सुवेदी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गुलरिया बर्दियामा प्रा.फ.दर्ता : १९९०-१२-२०७९/८०, मिति २०७९/०९/१२, ठेगाना : जिल्ला बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ५ **धितोको विवरण** १) मनहरी शर्मा पौडेलको नाति, नवराज शर्मा पौडेलको छोरा बर्दिया जिल्ला, सोरहवा गा.वि.स. वडा नं. ८ बस्ने **लक्ष्मण पौडेलको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय, गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, सोरहवा गा.वि.स. वडा नं. ८ (हाल : बढैयाताल गा.पा. वडा नं. ३) स्थित कित्ता नं. १७२९ को क्षेत्रफल ३२१२ (ब.मि.) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) मनहरी शर्माको नाति, नवराज शर्मा पौडेलको छोरा बर्दिया जिल्ला, सोरहवा गा.वि.स. वडा नं. ८ बस्ने **लक्ष्मण पौडेलको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स. वडा नं 3/ग (हाल : कोहलपुर न.पा. वडा नं. ११) स्थित कित्ता नं. २८५८ को क्षेत्रफल ०-१-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। ३) **ब्रदर्श बहुउद्देशिय कृषि तथा पशुपंक्षी फर्म** को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। **२) ऋणी फर्म : ब्रदर्श स्टेशनरी सप्लायर्स**, प्रोप्राईटर तथा जमानतकर्ता : लक्ष्मण पौडेल दर्ता नं.: वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, नेपालगञ्ज, बाँकेमा प्रा.फ.र.नं. : २९५१३/०७५/०७६, मिति २०७५/१०/०७ ठेगाना : जिल्ला बाँके, कोहलपुर न.पा. वडा नं. ११ **धितोको विवरण** १) मनहरी शर्माको नाति, नवराज शर्मा पौडेलको छोरा बर्दिया जिल्ला, सोरहवा गा.वि.स. वडा नं. ८ बस्ने **लक्ष्मण पौडेलको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स. वडा नं 3/ग (हाल : कोहलपुर न.पा. वडा नं. ११) स्थित कित्ता नं. २८५८ को क्षेत्रफल ०-१-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) **ब्रदर्श स्टेशनरी सप्लायर्स** को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। **३) ऋणी : लक्ष्मण पौडेल** स्थायी ठेगाना : बर्दिया जिल्ला, सोरहवा गा.वि.स. वडा नं. ८, हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११, बाबु : नवराज शर्मा पौडेल, बाजे : मनहरी शर्मा तथा **सबिना सुवेदी** स्थायी ठेगाना : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ८, हालको ठेगाना : बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११, बाबु : डिल्ली राज शर्मा, ससुरा : नवराज शर्मा पौडेल, पति : लक्ष्मण पौडेल **धितोको विवरण** मनहरी शर्माको नाति, नवराज शर्मा पौडेलको छोरा बर्दिया जिल्ला, सोरहवा गा.वि.स. वडा नं. ८ बस्ने **लक्ष्मण पौडेलको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स. वडा नं 3/ग (हाल : कोहलपुर न.पा. वडा नं. ११) स्थित कित्ता नं. २८५८ को क्षेत्रफल ०-१-० (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।
२	**१) ऋणी फर्म: ष्टटिन प्लस कलेक्सन, प्रोप्राईटर तथा जमानीकर्ता : कृष्णलाल श्रेष्ठ** दर्ता नं.: वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ५१६८१/०७८/७९, दर्ता मिति: २०७८/०५/१७, ठेगाना: जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा वडा नं. ४ **२) ऋणी : दिपा श्रेष्ठ** स्थायी ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८, बाबु : ललित बहादुर घर्ति पुन, ससुरा : राम लाल श्रेष्ठ, पति : कृष्णलाल श्रेष्ठ **३) ऋणी : कृष्णलाल श्रेष्ठ** स्थायी ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८, हालको ठेगाना : रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ८, बाबु : राम लाल श्रेष्ठ, बाजे : गणेश कुमार श्रेष्ठ **धितोको विवरण** १) गणेश कुमारकी बुहारी, राम लाल श्रेष्ठकी पत्नि, रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ८ बस्ने **मन देवी श्रेष्ठको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा वडा नं. १० (हाल बुटवल उ.म.न.पा वडा नं. ८) स्थित कित्ता नं. २०६ को क्षेत्रफल १०८ (व.मि) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) **ष्टटिन प्लस कलेक्सन**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
३	**ऋणी: चमरु चौधरी** स्थायी ठेगाना :मोरङ जिल्ला, केरौन गा.वि.स. वडा नं. १, हालको ठेगाना : मोरङ जिल्ला, कानेपोखरी गा.पा. वडा नं. ५ बाबु : चैतु चौधरी, बाजे : तिलाई चौधरी **धितोको विवरण** मान बहादुर दनुवारकी छोरी, चैतु चौधरकी बुहारी, चमरु चौधरीकी पत्नी, मोरङ जिल्ला, केरौन गा.वि.स. वडा नं. १ बस्ने **रौती कुमारी दनुवारको** नाममा मालपोत कार्यालय बेलबारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, केरौन गा.वि.स. वडा नं. १च (हाल कानेपोखरी गा.पा वडा नं. ५) स्थित कित्ता नं. २५५ र २५६ को क्षेत्रफल क्रमश: ०-१-८$^{१/२}$ र ०-०-१५$^{१/२}$(विगाहा)को घरजग्गा तथा सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।
४	**ऋणी: तनुकलाल चौधरी** स्थायी ठेगाना : सुनसरी जिल्ला, भा.सी. गा.प. वडा नं. ८, हालको ठेगाना : सुनसरी जिल्ला, रामधुनी न.पा. वडा नं. २, बाबु : गुली राम चौधरी, बाजे : कानून लाल चौधरी **धितोको विवरण** भजनलाल चौधरीकी छोरी, तनुकलाल चौधरीकी पत्नी, सुनसरी जिल्ला, रामधुनी भा.सी. न.पा. वडा नं. ४, बस्ने **विमला देवी चौधरीको** नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको, सुनसरी जिल्ला, भादगाउँ सिनुवारी गा.वि.स. वडा नं. ८ क, स्थित कित्ता नं. ६५१ को क्षेत्रफल ०-१-०-० (विगाहा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत।

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ)।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट (आइतबार देखी बिहिबार सम्म) दिनको ३:०० बजे (शुक्रबार) दिनको ९:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला। सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन्।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ। अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ। उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उज्रुर वाजुर गर्न पाउनुहुने छैन। उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार ७ पुस ०८२

■ मकवानपुरगढी गाउँपालिकाको उदाहरणीय अभ्यास

रैथाने बालीको समर्थन मूल्य निर्धारण, खरिद गर्ने सहकारीलाई अनुदान दिएर प्रोत्साहन

मकवानपुरमा **पोष्टराज अधिकारी**

मकवानपुरगढी गाउँपालिकाले चालू आर्थिक वर्ष ०८२/८३ का लागि ६ प्रकारका रैथाने बालीको न्यूनतम समर्थन मूल्य निर्धारण गरेको छ। यसअघि चार प्रकारका बालीमा मात्रै समर्थन मूल्य तोक्दै आएको पालिकाले यस वर्ष कोसेबालीअन्तर्गत सेतो सिमी र कालो सिमी थप गरेपछि समर्थन मूल्य पाउने बालीको संख्या ६ पुगेको हो।

गाउँपालिकाका अनुसार कोदो र धानकोदो प्रतिकिलो ६० रुपैयाँ, तितेफापर ९० रुपैयाँ, मिठेफापर एक सय पाँच रुपैयाँ र जुनेलो प्रतिकिलो ८४ रुपैयाँ समर्थन मूल्य तोकिएको छ। यस्तै, सेतो सिमीको प्रतिकिलो एक सय २० रुपैयाँ र कालो सिमीको प्रतिकिलो एक सय ३० रुपैयाँ न्यूनतम समर्थन मूल्य निर्धारण गरिएको कृषि शाखा प्रमुख गोपाल लम्सालले जानकारी दिए।

यस वर्ष पनि गत आर्थिक वर्षकै दररेटलाई निरन्तरता दिइएको उनले बताए। रैथाने बालीको उत्पादन र बजारीकरण प्रवर्द्धनका लागि पालिकाले कृषक तथा सहकारीलाई अनुदान पनि निरन्तर दिइरहेको कृषि शाखा प्रमुख लम्सालले बताए।

गाउँपालिकाले तोकेको समर्थन मूल्य (प्रतिकिलो)

कोदो : ६०
धानकोदो : ६०
तितेफापर : ९०
मिठेफापर : १०५
जुनेलो : ८४
सेतो सिमी : १२०
कालो सिमी : १३०

सहकारीमा बिक्री गर्ने किसानलाई ६ रुपैयाँ र खरिद गर्ने सहकारीलाई चार रुपैयाँ प्रतिकिलो अनुदान

'कोदो र फापर सहकारीमार्फत बिक्री गर्ने किसानलाई प्रतिकिलो ६ रुपैयाँ र बजार व्यवस्थापन गर्ने सहकारीलाई प्रतिकिलो चार रुपैयाँ अनुदान उपलब्ध गराउँदै आएका छौं,' उनले भने। लम्सालका अनुसार रैथाने बाली खरिद-बिक्री अनुदान कार्यक्रमअन्तर्गत गत वर्ष करिब दुई सय घरधुरी किसान लाभान्वित भएका थिए। यस वर्ष भने किसान संख्या थपिएको उनले जानकारी दिए।

पालिकाले वडा नम्बर ४ स्थित अपांग तथा विपन्न कृषि सहकारी संस्था लिमिटेडमार्फत किसानले उत्पादन गरेका कोदोलगायतका रैथाने बाली संकलन गर्दै आएको छ। संकलित कोदोबाट पिठो उत्पादन गरी 'कालीखोला' ब्रान्डमा लेबलिङ तथा प्याकेजिङ गरी बजारमा वितरण गरिँदै आएको छ। कालीखोला ब्रान्डका एक, दुई र पाँच किलोका पिठोका प्याकेट हाल बजारमा उपलब्ध छन्। उचित मूल्य नपाएर निराश भएका किसान समर्थन मूल्य पाएपछि उत्साहित भएको पालिकाले जनाएको छ।

कोदोपछि फापर, कागुनोजस्ता अन्य रैथाने खाद्यवस्तुलाई पनि ब्रान्डिङ गरी बजारमा ल्याउने तयारी भइरहेको छ। आगामी वर्ष कागुनोको पनि समर्थन मूल्य निर्धारण गर्ने योजना पालिकाले बनाएको कृषि शाखा प्रमुख लम्सालले जानकारी दिए। रैथाने बालीलाई नयाँ पुस्तासँग जोड्ने उद्देश्यले गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा हप्तामा एक दिन रैथाने खाजाको व्यवस्था गरिएको उनको भनाइ छ। साथै, कोदोबाट व्यावसायिक रूपमा वाइन उत्पादन गर्ने सम्भावनाका विषयमा अध्ययन भइरहेको पनि उनले बताए।

गत आर्थिक वर्षमा गाउँपालिकामा सात सय ५० हेक्टर क्षेत्रफलमा कोदो खेती गरिएकोमा एक हजार एक सय २५ मेट्रिकटन उत्पादन भएको थियो। यस्तै, ६० हेक्टर क्षेत्रफलमा फापर खेती गर्दा ७८ मेट्रिकटन उत्पादन भएको छ। वडा नम्बर १, २, ४, ७ र ८ मा रैथाने बालीको उत्पादन बढी हुने गरेको कृषि शाखा प्रमुख लम्सालले जानकारी दिए।

चिनियाँ अदालतमा एक अर्ब जमानत जफतको मुद्दामा नबिल बैंकको जित

माथिल्लो त्रिशूली थ्री-बी जलविद्युत्को ठेक्का सम्झौताबाट हटाइएको चिनियाँ निर्माण कम्पनीले काउन्टर ग्यारेन्टीबापतको ७.४५ मिलियन डलर भुक्तानी नदिन सिचुआनको तल्लो र माथिल्लो अदालतमा दायर गरेको मुद्दा हाऱ्यो, नबिल बैंकले चाँडै भुक्तानी पाउने

सम्झौताभन्दा तीन वर्ष ढिलो हुँदासमेत निर्माणले गति नलिएपछि चिनियाँ कम्पनीसँगको ठेक्का तोडिएको थियो



नबिलका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईं भन्छन्-



चिनियाँ अदालतको आदेशपछि काउन्टर ग्यारेन्टीबापतको रकम चाइना एभरब्राइट बैंकबाट प्राप्त हुने भएको छ। हामीले चीनको लोअर र अपर कोर्टमा मुद्दा जितेका हौं।

पवन तिमिल्सिना/नयाँ पत्रिका

माथिल्लो त्रिशूली थ्री-बी जलविद्युत् आयोजनाको ठेक्का सम्झौता तोडेर जमानत जफत गरिएको चिनियाँ निर्माण कम्पनी सुइफा एएनएचई ग्रुपलाई सिचुआनको तल्लो र माथिल्लो अदालतले काउन्टर ग्यारेन्टीबापतको रकम भुक्तानी दिन आदेश दिएको छ। अदालतको आदेशपछि आयोजनाको काम अगाडि बढाउन काउन्टर ग्यारेन्टी बसिदिएको नबिल बैंकले ७.४५ मिलियन डलर (वर्तमान प्रचलित दररेटअनुसार करिब एक अर्ब ४ करोड रुपैयाँ) चाँडै भुक्तानी पाउने बाटो खुलेको छ।

नबिलका अनुसार चिनियाँ कम्पनी सुइफा एएनएचईले 'चाइना एभरब्राइट बैंक'बाट बैंक ग्यारेन्टी पेस गरेकाले सोही बैंकबाट काउन्टर ग्यारेन्टीबापतको रकम प्राप्ति गर्ने प्रक्रिया सुरु भइसकेको छ। नबिलका नायब प्रमुख कार्यकारी अधिकृत आदर्श बजगाईंले भने, 'चिनियाँ अदालतको आदेशपछि काउन्टर ग्यारेन्टीबापतको रकम चाइना एभरब्राइट बैंकबाट प्राप्त हुने भएको छ। हामीले चीनको लोअर र अपर कोर्टमा मुद्दा जितेका हौं।'

'जनताको जलविद्युत् कार्यक्रम'अन्तर्गत सबैभन्दा सुरुमा अगाडि बढाइएको ३७ मेगावाटको अपर त्रिशूली-३ बी समयमै निर्माण सम्पन्न हुन नसकेपछि चिनियाँ निर्माण कम्पनी सुइफा एएनएचईसँगको ठेक्का ३० मंसिर ०८० मा तोडिएको थियो। उक्त कम्पनीलाई तीन वर्षमा निर्माण सक्ने सर्तमा ३० फागुन ०७४ मा माथिल्लो त्रिशूली थ्री-बी आयोजनाको ठेक्का दिइएको थियो। त्यतिबेला ६ अर्ब १४ करोड रुपैयाँ लागतमा ठेक्का सम्झौता भएको थियो। तर, समयमै काम नसकेर थप तीन वर्ष व्यतीत हुँदासमेत ठेकेदारले निर्माणको गति नबढाएपछि आयोजनाले सम्झौता तोडेको थियो।

ठेक्का तोडेपछि चिनियाँ कम्पनी सुइफा एएनएचईले राखेको पफर्मेन्स ग्यारेन्टी र अग्रिम भुक्तानी ग्यारेन्टीबराबरको रकम फुकुवा गर्न माथिल्लो त्रिशूल थ्री-बी आयोजनाले चाइना एभरब्राइट बैंकलाई पत्राचार गरेको थियो। तर, निर्माण कम्पनी सुइफा एएनएचईले सिचुआनको तल्लो अदालतमा रिट दायर गरेर अन्तिम आदेश लिएको लियो। सो कम्पनी माथिल्लो अदालतसम्म पुगे पनि ठेक्का सम्झौताअनुसार काउन्टर ग्यारेन्टीबापतको रकम भुक्तानी दिन दुवै अदालतले फैसला गरेका हुन्।

सामान्यतया ठेकेदारले काम अधुरो छाडेर नभागोस् भन्नका लागि क्षतिपूर्ति सुनिश्चित गर्न बैंक ग्यारेन्टी लिने गरिन्छ। विदेशी निर्माण कम्पनीको हकमा विदेशी बैंकबाटै काउन्टर-ग्यारेन्टी पनि लिने गरिएको छ। विद्युत् प्राधिकरण र टेलिकमको संयुक्त लगानीमा स्थापित कम्पनीले माथिल्लो त्रिशूली थ्री-बीलाई अगाडि बढाइरहेका छन्।

विदेशी कम्पनीसँग यसअघि पनि भएको थियो झमेला

मेलम्ची खानेपानीले एक दशक मुद्दा खेपेर जित्यो २०.६२ लाख डलर

सन् २०१२ मा चिनियाँ ठेकेदार चाइना रेलवे १५ ब्युरो ग्रुपले समयमै काम नगरेको भन्दै ठेक्का तोडिएपछि मेलम्ची खानेपानी विकास समितिले बैंक ग्यारेन्टी रकम जफत गर्ने निर्णय गरेको थियो। तर, चिनियाँ कम्पनीले स्थानीय अदालतको आदेशमार्फत चाइना कन्स्ट्रक्सन बैंकबाट काउन्टर ग्यारेन्टी फुकुवा हुनबाट रोकेको थियो।



त्यसवेला हिमालयन बैंक र तत्कालीन बैंक अफ काठमाडौंले ६.६२ मिलियन डलर र १४ लाख युरोबराबरको पफर्मेन्स ग्यारेन्टी तथा अग्रिम भुक्तानीको ग्यारेन्टी दिएका थिए। चिनियाँ बैंकले काउन्टर-ग्यारेन्टी नदिएपछि ती बैंकहरूले पनि मेलम्ची आयोजनालाई रकम भुक्तानी गर्न अस्वीकार गरेका थिए। पछि तत्कालीन पाटन पुनरावेदन अदालत (हाल उच्च अदालत, पाटन)ले मेलम्चीको पक्षमा फैसला गर्दै रकम फुकुवा गर्न आदेश दिएको थियो। उक्त आदेशअनुसार रकम लिन दुवै बैंकले चिनियाँ अदालतमा झन्डै एक दशक लामो कानुनी लडाइँ लडेका थिए। अन्ततः उक्त मुद्दामा पनि नेपाली बैंककै पक्षमा फैसला भएको थियो।

तनहुँ जलविद्युत् आयोजनाको पनि कानुनी लडाइँ

तनहुँ जलविद्युत् आयोजनामा इटालियन ठेकेदार सिएमसीसँग जोडिएको काउन्टर-ग्यारेन्टी विवादमा तत्कालीन नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेडले पनि इटालीको अदालतमा कानुनी लडाइँ लडेको थियो। इटालियन बैंक इन्टेसा सानपाओलोले तल्लो अदालतको आदेशका कारण एक अर्ब ६० करोड रुपैयाँबराबरको काउन्टर-ग्यारेन्टी रोकेको थियो, तर माथिल्लो अदालतले नेपाली बैंकको पक्षमा फैसला गरेको थियो।

GREEN DRIVE
FIXED INTEREST RATE STARTING FROM
7.49 % p.a.
GLOBAL AUTO LOAN
Global IME Bank
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

अनलाईन सेक्युरिटिज लिमिटेडको
१८औं बार्षिक साधारण सभा सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/९/७

यस कम्पनीको मिति २०८२ पुष ६ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस अनलाईन सेक्युरिटिज लिमिटेडको १८ औं बार्षिक साधारण सभा देहाय बमोजिम हुने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क. सभा हुने स्थान, मिति र समय :
स्थान : पुतलीसडक स्थित कम्पनीको कार्यालय
मिति : २०८२ पुस २८ गते सोमबार
समय : दिनको ३:०० बजे

ख. छलफलका बिषयहरू :
१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू ले प्रस्तुत गर्नु हुने आ.ब. २०८१/८२ को कम्पनीको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखा परिक्षकको आ.ब. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
३. आ.ब. २०८२/८३ को लागी लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

ग. विशेष प्रस्ताव
१. रणनैतिक साझेदार खोज्ने तथा समान प्रकृतिका संस्था खोजी गरी गाभ्ने वा गाभिने कार्यका लागी सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

घ. विविध

संचालक समितिको आज्ञाले

Invitation to Tender

(First date of Publication: 22 Dec 2025)

TRN/FY2025/26-009

Rural Development Centre (RDC) Nepal in partnership with Plan International Nepal is implementing Sabal Balika Sabal Samudaya (SaBaSS) project in Chakraghatta Rural Municipality of Sarlahi District, Madhesh Province, Nepal. As part of this project, RDC Nepal will construct/upgrade/ renovate WASH facilities in four selected schools of Chakraghatta Rural Municipality.

We hereby invite qualified and experienced construction companies registered in Nepal, with demonstrated capacity in WASH infrastructure construction, installation, and repair works, to participate in this tender process. Interested and eligible firms are encouraged to submit their bids in accordance with the tender requirements.

Tender Instructions

- Tender documents will be available from 22 December 2025 to 31 December 2025 upon request via procurement@rdcnepal.org and may also be collected in person from RDC Nepal's office (address below) with copies of:
  - Company/ Business Registration Certificate
  - VAT Registration Certificate
  - Tax Clearance Certificate for FY 2081/2082
- The deadline for submission of tender documents is 05 January 2026 by 4:00 PM. Tender document collection and submission time: 10:00 AM to 4:00 PM, Sunday to Friday (except RDC Nepal holidays). No online submissions of tender documents will be accepted. Only hard copy submissions will be considered.
- Technical bids will be opened on 06 January 2026 at 11:00 AM, and financial bids will be opened on 11 January 2026 at 11:00 AM at the RDC Nepal's Head Office, Chandrapur-4, Rautahat. Only the qualified technical proposals will be considered for further evaluations of financial proposals.
- Bidders must submit a Bid Security (Bank Guarantee) amounting to 2.5% of the total proposed bid amount, deposited in the name of this office. Detailed information related to the Bid Security is specified in the bid form.
- If any additional information or clarification related to the bid is required, such information and notices may also be obtained from the office of this organization.
- The Procurement Committee of Rural Development Centre (RDC) Nepal, Rautahat, reserves full authority to accept or reject any bid, in whole or in part, with or without assigning any reason, and to cancel the bid process at any stage.
- Any bid submitted without following the prescribed procedures, found to be incomplete, or received after the deadline, shall not be subject to any action and shall be automatically disqualified.
- The terms and conditions mentioned in this notice, along with other necessary provisions, shall be governed by this notice, the organization's procurement and financial regulations (2023), and the prevailing laws of the Government of Nepal.

Rural Development Centre (RDC) Nepal
Head Office : Chandrapur-4, Rautahat
Telephone : + 977- 55 540203
Email : procurement@rdcnepal.org

किराना पसलबाट अनुदानको रासायनिक मल जफत



कपिलवस्तुमा **डिलाराम भुसाल**

किसानका लागि अनुदानमा उपलब्ध गराएको रासायनिक मल अवैध रूपमा भण्डारण गरी कालोबजारी गर्ने धन्दामा संलग्न एक व्यक्तिलाई कपिलवस्तु प्रहरीले पक्राउ गरेको छ। कपिलवस्तु नगरपालिका- १०, पचेहरास्थित मनोज किराना पसलमा लुकाइछिपाई राखिएको एक सय दुई बोरा मलसहित पसल सञ्चालक गोरखनाथ बनियाँलाई प्रहरीले नियन्त्रणमा लिएको हो।

अवैध मल भण्डारण गरिएको भन्ने गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय, पकडीबाट प्रहरी निरीक्षक सुवास खतिवडाको नेतृत्वमा खटिएको टोलीले एक लाख ३६ हजार चार सय रुपैयाँ मूल्यको ६२ बोरा डिएपी र ३० हजार दुई सय मूल्यको ४० बोरा युरिया गरी कुल एक लाख ६६ हजार ६ सय रुपैयाँको मल बरामत गरेको हो।

पछिल्लो समय कपिलवस्तुमा अनुदानको मल अभाव सिर्जना गराई कालोबजारी र अवैध भण्डारणका घटना बढ्दै गएको भन्दै प्रहरीले निगरानी कडा पारेको जनाएको छ। 'किसानलाई सहुलियतमा उपलब्ध गराइने अनुदानको मल लुकाएर राख्नु गम्भीर अपराध हो। यस्ता कार्यले कृषक मारमा पर्छन्,' जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक रिपेन्द्रकुमार सिंहले भने।

■ हिमालको काखमा किसानको फसल



धानको कुनिउँ : संखुवासभाको खाँदबारी नगरपालिका- ११, आंलामा धान काटेर किसानले थन्क्याएको कुनिउँ।

तस्बिर : नवीन गुरुङ/नयाँ पत्रिका

मौला कालिका हाइड्रोपावर कम्पनी लि.
वार्षिक साधारण सभाको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०७

यस **मौला कालिका हाइड्रोपावर कम्पनी लि.** को मिति २०८२/०९/२८ गतेका दिन देवपुर, देवघाट गाउँपालिका, तनहुँ स्थित कम्पनीको साईट कार्यालयमा अपरान्ह ३:०० बजे हुने वार्षिक साधारण सभामा निम्न बमोजिमका विषयहरूमा छलफल हुने हुँदा उक्त दिनको साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ। सम्पूर्ण शेयरधनीहरूलाई लिखित तथा मौखिक जानकारी समेत गरि सकिएकोमा यदि उक्त सूचना प्राप्त गर्न नसक्नु भएका शेयरधनीहरूले यसै सूचनालाई आधिकारिक सूचना मानी उल्लेखित मितिमा हुने वार्षिक साधारण सभामा उपस्थित हुन अनुरोध गरिन्छ।

छलफलको विषयहरू :
१. आ.व. ०८१/०८२ को अध्यक्षज्यूले पेश गर्नु हुने वार्षिक प्रतिवेदन अनुमोदन सम्बन्धमा।
२. आ.व. ०८१/०८२ को कम्पनीका तर्फबाट लेखा परीक्षकज्यूले पेश गर्नु हुने लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा।
३. आ.व. ०८२/०८३ का निम्ती लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने बारे।
४. परियोजना निर्माण सम्बन्धि गरिएको कार्य तथा भएको खर्चलाई अनुमोदन गर्ने सम्बन्धमा।
५. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा।
६. विविध।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत

सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'बाट बाहिरिन प्रधानमन्त्रीको चासो

काठमाडौं/ प्रधानमन्त्री सुशीला कार्कीले सम्पत्ति शुद्धीकरणको खैरो सूचीबाट नेपाललाई बाहिर निकाल्न भएका तयारीबारे सम्बन्धित निकायहरूको बिफ्रिङ लिएकी छिन्।

आइतबार दिउँसो अर्थमन्त्री रामेश्वर खनाल, राजस्व सचिव भूपाल बराल र राष्ट्र बैंकका गभर्नर डा. विश्व पौडेलसमेतको उपस्थितिमा प्रधानमन्त्री कार्कीले विभिन्न अनुसन्धान गर्ने निकायहरूबाट ब्रिफिङ लिएकी हुन्। ती निकायका प्रमुखहरूले सम्पत्ति शुद्धीकरण कसुरमा समयमै अनुसन्धान तथा अभियोजनको प्रक्रियामा लैजाने, अपराधबाट आर्जित सम्पत्ति रोक्का र जफत गर्ने विषयमा भएको प्रगतिबारे जानकारी गराएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले काठमाडौं उपत्यकाभित्र एक हजार ६ सय रोपनी जग्गा रोक्का राखेको जानकारी गराएको थियो।



फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई 'ग्रे' सूचीमा राखेको छ। एफएटिएफको गत ९ फागुनमा नेपाललाई सम्पत्ति शुद्धीकरण र आतंककारी गतिविधिमा हुने लगानी नियन्त्रणका लागि आवश्यक कदम चाल्न नसकेको भन्दै 'ग्रे लिस्ट'मा राख्ने निर्णय गरेको थियो।

कामना सेवाद्वारा दुई स्वास्थ्य केन्द्रलाई सहयोग

काठमाडौं/ कामना सेवा विकास बैंकले दुईवटा स्वास्थ्य केन्द्रलाई वाटर प्युरिफायर र डिस्पेन्सर हस्तान्तरण गरेको छ। बैंकले झापास्थित दमक नगरपालिका- ५ स्थित आधारभूत स्वास्थ्य केन्द्र र कमल गाउँपालिका- ५ स्थित सामुदायिक स्वास्थ्य केन्द्र सिम्लेलाई एक-एक थान प्युरिफायर र डिस्पेन्सर हस्तान्तरण गरेको हो। बैंकका कोशी प्रदेश प्रमुख खिमलाल भुसालले कमल गाउँपालिका- ५ का वडाध्यक्ष इन्द्र गुरुङ र कमल गाउँपालिका- ५ का वडाध्यक्ष लालबहादुर विष्टलाई यी सामग्री हस्तान्तरण गरे। बैंकको यस सहयोगबाट वडामा सेवा लिन आउने सबैजना लाभान्वित हुने विश्वास वडाध्यक्ष गुरुङ तथा विष्टले बताए।

हिम स्टारको कम्पनी सचिवमा पाण्डे



काठमाडौं/ हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको कम्पनी सचिवमा अधिवक्ता गोमा पाण्डे नियुक्त भएकी छिन्। कम्पनीको ४ पुसमा बसेको सञ्चालक समितिको बैठकले पाण्डेलाई कम्पनी सचिवमा नियुक्त गरेको कार्यकारी निर्देशक दीपक तिवारीले जानकारी दिए।

सिन्धु विकास बैंकको वित्तीय अवस्थामा सुधार

काठमाडौं/ सिन्धु विकास बैंकले आफ्नो वित्तीय अवस्थामा उल्लेखनीय सुधार भएको जनाएको छ। विगतमा पुँजीकोष अनुपात ६ प्रतिशतहाराहारीमा रहेका कारण नेपाल राष्ट्र बैंकले 'शीघ्र सुधारात्मक कारबाही' गरेको थियो। हाल पुँजीकोष अनुपात १३.०७ रहेको बैंकले जनाएको छ। यो सुधार गत वर्ष बैंकको कार्यकारी प्रमुखमा अनुभवी बैंकर सुरेश देवकोटा नियुक्त भएपश्चात् भएको बैंकको दाबी छ। बैंकका अनुसार अघिल्लो आर्थिक वर्ष ०८०/८१ को तुलनामा आव ०८१/८२ को वित्तीय सूचकमा प्रगति भएको देखिएको छ।

Citizen Life™ Insurance
समृद्धि तपाईको, साथ हाम्रो

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौ ।
फोन: ०१-५९७०२९७
Email: info@citizenlifenepal.com
URL: www.citizenlifenepal.com

बैंक खाता तथा प्यान नम्बर अद्यावधिक सम्बन्धमा

आदरणीय शेयरधनी महानुभावज्यू,

यस कम्पनीको वार्षिक साधारण सभाबाट पारित हुने नगद लाभांश यथासमयमा नै सरल र सुरक्षित रुपमा शेयरधनीको बैंक खाताबाट वितरण गर्न र लाभांश वितरण हुंदा श्रोतमा कट्टी हुने कर निजहरुको स्थायी लेखा नम्बरमा नै दाखिला गर्न नियामक निकायहरुको निर्देशन बमोजिम शेयरधनीहरुको बैंक खाता विवरण तथा स्थायी लेखा नम्बर (PAN) अद्यावधिक हुन आवश्यक रहेकोले हाल सम्म आफ्नो बैंक खाता विवरण तथा प्यान नम्बर सम्बन्धित हितग्राही खाता रहेको डिपोजिटरी पार्टिसिपेन्ट (DP) मार्फत अद्यावधिक नगर्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरुले बैंक खाता विवरण तथा स्थायी लेखा नम्बर (प्यान) अद्यावधिक गराई सुनिश्चित गर्नुहुन सम्बन्धित शेयरधनी महानुभावहरुमा हार्दिक अनुरोध गर्दछौं।

शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना
एनआइएमबि एस क्यापिटल लिमिटेड
लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४५२५२८०, फ्याक्सः ४००५०८४
इमेलःinfo@nimbacecapital.com
वेबसाइटः www.nimbacecapital.com

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.

धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, वितामोड शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०७ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल जेष्ठ महिना २४ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल चैत्र महिना २ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** र **मिति २०८२ साल आषाढ महिना १ गतेको "कान्तिपुर" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगाावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

ऋणीको नाम र ठेगाना :
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २६३९०३/७७/०७८ कायम भई मिति २०७८/०३/१४ मा दर्ता भएको झापा जिल्ला, वितामोड न.पा. वडा नं. ३ विराटपोखर स्थित **रारा एम्बिकल्चर एण्ड मल्टीपर्पोज फार्म प्रा. लि.** ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :
नन्द लाल न्यौपानेको नाती, माधव प्रसाद न्यौपानेको छोरा, झापा जिल्ला, अनारमनि गा.वि.स./उ.म.न.पा. वडा नं. ७ बस्ने **रविन्द्र न्यौपाने...१**
होम प्रसाद खरेलको छोरी, रविन्द्र न्यौपानेको श्रीमती, मोरङ जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं. ४ बस्ने **अनुपमा खरेल...१**
नन्द लाल न्यौपानेको नाती, माधव प्रसाद न्यौपानेको छोरा, झापा जिल्ला, वितामोड न.पा. वडा नं. ३ बस्ने **कपिल न्यौपाने...१**
लक्ष्मी प्रसाद चुडालको छोरी, कपिल न्यौपानेको श्रीमती, झापा जिल्ला, वितामोड न.पा. वडा नं. ३ बस्ने **विमला चुडाल न्यौपाने...१**
धितो सुरक्षणको विवरण :
१. **कपिल न्यौपाने**को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. १ (नक्सा सिट नं. १८०००४३) को क्रमशः कित्ता नं. १४५८ र १४६० को क्रमशः ५९५.०० र १०९८.१८ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।
२. **कपिल न्यौपाने**को नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, डाँगीबारी गा.वि.स./न.पा. वडा नं. ८ (नक्सा सिट नं. ८) को क्रमशः कित्ता नं. १८२६, १६६, १२५३, १८२५, १६४ र १६५ को क्रमशः ४४०२.१९, २८४४.४८, २२३४.९४, ३३८६.३०, २५९०.५० र ५२४८.७५ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००० मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा वितामोड शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल पौष महिना १३ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :

मिति : २०८२ साल पौष महिना १६ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

सानिमा बैंक
www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

सम्मानित उच्च अदालत पाटनको परमादेशको आदेश (मुद्धा नं.०८१-WO-२२२१) बमोजिम यस अघि नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०३/१२ मा रिलायन्स स्पिनिङ्ग मिल्स लि. को विवरणपत्र स्वीकृत भई सर्वसाधारणमा शेयरको सार्वजनिक निष्कासन गर्ने प्रयोजनार्थ मिति २०८१/०३/१५ गते कारोबार दैनिक तथा निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनीको आधिकारिक वेभसाइटमा प्रकाशित आह्वानपत्र पुनः प्रकाशित गरिएको र लगानीकर्तालाई कम्पनीको पछिल्लो प्राविधिक, वित्तीय, व्यवस्थापन लगायत अन्य कामकारवाहीको सम्बन्धमा अद्यावधिक जानकारी तथा सु-सुचित गराई लगानी सम्बन्धी निर्णय लिन सहज होस् भन्ने हेतुले सो समेत थप गरी यो सूचना प्रकाशित गरिएको छ।

रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड
Reliance Spinning Mills Limited

रजिष्टर्ड कार्यालय (कर्पोरेट) : का.म.न.पा.वडा नं. २८, कमलादी, गणेशस्थान, काठमाण्डौं
फोन न : ०१-५३४१८५३, ०१-५३२६०८१
Email: info@reliancespinningnepal.com, Website: www.reliancespinningnepal.com

साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

कम्पनीको जारी पूँजी १,९०,००,००,०००/- (अक्षेरेपी एक अर्ब नब्बे करोड) को १०.१४ प्रतिशत रु.१९,२६,६०,०००/- (अक्षेरेपी उन्नाइस करोड छब्बिस लाख साठी हजार) बराबरको १९,२६,६०० कित्ता मध्ये सार्वजनिक निष्काशन गरिने ११,५५,९६० (एघार लाख पचपन्न हजार नौ सय साठ्ठी मात्र) कित्ता साधारण शेयरको १० प्रतिशत अर्थात १,१५,५९६ (एक लाख पन्ध्र हजार पाँच सय छयानब्बे मात्र) कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरि वैदेशिक रोजगारीमा रहीरहेका नेपाली नागरिकहरुका लागि, ५ प्रतिशत अर्थात ५७,७९८ (सन्ताउन्न हजार सात सय अन्ठानब्बे मात्र) कित्ता साधारण शेयर कम्पनीका कर्मचारीहरुका लागि र ५ प्रतिशत अर्थात ५७,७९८ (सन्ताउन्न हजार सात सय अन्ठानब्बे मात्र) कित्ता शेयर सामूहिक लगानी कोषहरुको लागि सुरक्षित गरेको शेयर निष्कासन तथा बाँडफाँट गरे पश्चात बाँकी रहेको ९,२४,७६८ (नौ लाख चौबीस हजार सात सय अठ्सठ्ठी मात्र) कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि **आज मिति २०८२ पुस ०७ गते सोमबार**देखि निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

सर्वसाधारणहरूका लागि	
दरखास्त दिनुपर्ने न्युनतम शेयर संख्या :	५० कित्ता
दरखास्त दिन पाउने अधिकतम शेयर संख्या :	२०,००० कित्ता

प्रति शेयर अंकित मूल्य रु.१००।- दरको

बुक बिल्डिङ्ग निर्देशिका, २०७७ को दफा (१३) को उपदफा (१) बमोजिम बोलकबोल प्रणाली मार्फत आवेदन दिने योग्य संस्थागत लगानीकर्ताहरुलाई ७,७०,६४० (अक्षेरेपी सात लाख सत्तरी हजार छ सय चालिस मात्र) कित्ता शेयर मिति २०८०/१०/१४ गते नेपाल स्टक एक्सचेञ्ज लि.मा बाँडफाँट गर्दा कट अफ मूल्य रु.५१२।०० निर्धारण भएको र सोही निर्देशिकाको दफा (१४) मा भएको व्यवस्था बमोजिम कट अफ मुल्यमा १० प्रतिशत छुट दिंदा कायम हुन आउने प्रति शेयर मूल्य रु.८२०।८० का दरले दरखास्त साथ शत्प्रतिशत भुक्तानी माग गरिएको ।

सि.नं.	विवरणपत्र हेर्ने तथा प्राप्त गर्न सक्ने स्थानहरु	वेभसाइट
१	निष्काशनकर्ता कम्पनी : श्री रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड, गणेशस्थान, कमलादी, काठमाण्डौं ।	www.reliancespinningnepal.com
२	निष्काशन तथा बिक्री प्रबन्धक : श्री ग्लोबल आइएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं ।	www.globalimecapital.com
३	नियामक निकाय : श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।	www.sebon.gov.np
सर्वसाधारणका लागि दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :		
नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. द्वारा सञ्चालित सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।		

सर्वसाधारणको लागि साधारण शेयरको बिक्री खुल्ला अवधि:	
निष्काशन खुल्ला मिति :	२०८२/०५/०७ गते
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/०५/११ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/०५/२१ गते (बैंकिङ्ग समय पश्चात्)

नेटवर्थ सम्बन्धि विवरण:

विवरण	नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०३/१२ गतेको स्वीकृत विवरणपत्र अनुसार							मिति २०८१/०३/१२ गते पश्चात्का वित्तिय विवरणहरु		
	वास्तविक			आ.व.०८०/८१ चैत्र मसान्त (अपरिष्कृत)*	प्रक्षेपित			वास्तविक		आ.व.०८२/८३ आश्विन मसान्त (अपरिष्कृत)*
	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०		आ.व. ०८०/०८१	आ.व. ०८१/०८२	आ.व. ०८२/०८३	आ.व. ०८०/०८१	आ.व. ०८१/०८२	
प्रति शेयर नेटवर्थ (सम्पत्तिमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम बाहेक) (रु.)	१६६।८३	१८७।७१	२४२।०५	२२३।५९	२१२।११	२२५।१२	२५९।१५	२२२।७९	२५०।८०	२५४।८३
प्रति शेयर नेटवर्थ (विद्युत महसुलको दायित्व गणना गर्नु पर्दाको अवस्थामा) (रु.)**				१७९।४५	१७२।४४	१८५।४६	२१९।४९			२१०।६९
प्रति शेयर आम्दानी (रु.)	५३।९१	६१।१२	५४।३४	२।०८	२।४३	३३।०२	५४।०३	२।९५	२७।८७	१५।८४
सञ्चित नाफा/(नोक्सान) (रु. हजारमा)	४३,५२,६३१#	४७,०८,९५९#	५६,३६,७८०#	५३,२१,६३६#	६८,००,५१७@	७०,४७,८५१@	७६,९४,४४९@	५३,४५,६९६#	५८,२३,८६०#	५८,९२,७५०#

नोट : आ.व. २०७७/०७८ देखि कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय प्रतिवेदन प्रस्तुत गरेको हुँदा आम्दानी, लागत खर्च, ह्रासकट्टी तथा प्रशासनिक खर्चहरु NFRS को मापदण्ड अनुसार लेखाङ्कन गरिएको छ।

* आ.व. २०८०/०८१ चैत्र मसान्तसम्मको तथा आ.व. २०८२/०८३ आश्विन मसान्तसम्मको (अपरिष्कृत) वित्तीय विवरण लेखापरिक्षकबाट प्रमाणित गरिएको छ।

** नेपाल विद्युत प्राधिकरणको प.स.२०८०/०८१, चं.नं १७७१, मिति २०८१/०३/०९ गतेको पत्रानुसार विद्युत महसुल बापतको रकम रु.७५,३६,८४,३३५।-घटाई नेटवर्थ गणना गरिएको छ।

आर्थिक वर्षहरु क्रमशः ०७७/७८, ०७८/७९, ०७९/८० तथा आ.व. ०८०/८१ र आ.व. ०८१/०८२ को वास्तविक तथा आ.व. ०८०/८१ को चैत्र मसान्तसम्मको र आ.व. २०८२/०८३ आश्विन मसान्तसम्मको अपरिष्कृत विवरणमा पुर्नमूल्याङ्कन जगेडा समावेश गरिएको।

@आर्थिक वर्षहरु क्रमशः ०८०/८१, ०८१/८२ र ०८२/८३ को प्रक्षेपित विवरणमा पुर्नमूल्याङ्कन जगेडा र शेयर प्रिमियम सहितको विवरण समावेश गरिएको।

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/०३/१२ स्वीकृत विवरणपत्र अनुसार

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गर्नु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्ग नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट Issuer Rating गराईएको र कम्पनीले "[CARE-NP A – (Is)" [Single A Minus (Issuer)]" प्रमाणपत्र प्राप्त गरेको छ। "[CARE-NP A – (Is) " [Single A Minus (Issuer)]" ले Adequate Degree of Safety Regarding Timely Serving of Financial Obligations भन्ने बुझिन्छ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा "CARE-NP AAA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ।

इस्युअर रेटिङ्ग प्रदान गरेको मिति : २०७९/०८/२२ (तदनुसार डिसेम्बर ०८, २०२२) बहाल रहने अवधिः २०८१/०६/१८ (तदनुसार अक्टुबर ०४, २०२४)

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था:

मिति २०८१/०३/१२ गते पश्चात्को विवरण

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त केयर रेटिङ्गस नेपाल लि., पुतलीसडक, काठमाण्डौंबाट Issuer Rating गराईएको र कम्पनीले "[CARE-NP A – (Is)" "[Single A Minus (Issuer)]" (credit watch with developing Implications) प्रमाणपत्र प्राप्त गरेको छ। "[CARE-NP A – (Is)" "[Single A Minus (Issuer)]" ले Adequate Degree of Safety Regarding Timely Serving of Financial Obligations भन्ने बुझिन्छ। केयर रेटिङ्ग नेपाल लि.ले CARE-NP AAA (Is) देखि CARE-NP D (Is) सम्मको ग्रेडिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड "CARE-NP AAA(Is)" ले सकारात्मक आधार जनाउँछ भने "CARE-NP D (Is)" ले नकारात्मक आधारहरू जनाउँछ।

इस्युअर रेटिङ्ग बहाल रहने मिति २०८३/०६/१८ (तदनुसार अक्टुबर ०४, २०२६) सम्म रहेको छ।

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ मंसिर २७ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेबसाइट www.reliancespinningnepal.com अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.globalimecapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US

ग्लोबल आइएमई क्यापिटल लिमिटेड
वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं ।
फोन: ९७७-०१-५९७०१३८ फ्याक्स नं.: ९७७-०१-४५४५७०२
Email: info@gicl.com.np; Web: www.globalimecapital.com

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

टी-२० विश्वकपको प्रारम्भिक टोलीमा अटाए विनोद, अविनाश र शेर

नयाँ पत्रिका


नेपाल क्रिकेट संघ (क्यान)ले आगामी आइसिसी पुरुष टी-२० विश्वकपका लागि आइतबार प्रारम्भिक नेपाली राष्ट्रिय टोलीको घोषणा गरेको छ। गत २७ मंसिरमा सम्पन्न दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा उत्कृष्ट प्रदर्शन गरेका विनोद भण्डारी तथा अविनाश बोहरा पनि प्रारम्भिक टोलीमा समावेश भएका छन्। क्यानले २४ खेलाडीलाई सोमबारबाटै प्रशिक्षणमा बोलाएको छ।

एनपिएलको फाइनलमा लुम्बिनी लायन्ससँग पराजित सुदूरपश्चिम रोयल्सका विकेटकिपर ब्याट्समयान विनोद र सुदूरपश्चिमकै बलर अविनाशले प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेका थिए। विनोद दोस्रो एनपिएलकै तेस्रो सर्वाधिक रन बनाउने ब्याट्समयान थिए। अविनाशले सर्वाधिक १७ विकेट हात पारेका थिए। विराटनगर किंग्सका सन्दीप लामिछानेसँग रनरेटमा पछि पर्दा अविनाश दोस्रो स्थानमा रहे।

> आगामी फेब्रुअरीमा भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने १०औं टी-२० विश्वकपका लागि क्यानले २४ खेलाडीलाई बन्द प्रशिक्षणमा राखेको छ



● विनोद भण्डारी



● अविनाश बोहरा



● शेर मल्ल

क्यानले रोहित पौडेललाई कप्तानी र दीपेन्द्रसिंह ऐरीलाई उपकप्तानीको जिम्मेवारी दिएको छ। क्यानले एनपिएलका इमर्जिङ प्लेयर शेर मल्ललाई पनि अवसर दिएको छ। लुम्बिनीलाई पहिलोपटक एनपिएल च्याम्पियन बनाउन स्पिनर शेरले पनि १७ विकेट हात पारेका थिए। एनपिएलमा खासै प्रभावशाली प्रदर्शन गर्न नसकेका स्पिनर ललितनारायण राजवंशी पनि टोलीमा अटाएका छन्। प्रशिक्षक स्टुवार्ट लले राजवंशीलाई अनुभवी खेलाडीका रूपमा समावेश गरेका हुन्। सुदूरपश्चिमबाट सात खेलमा नौ विकेट लिएका बलर हेमन्त धामीले भने प्रारम्भिक चरणमा स्थान बनाउन सकेनन्। विनोदले अन्तिमपटक नेपालबाट सन् २०२४ को मार्चमा पपुवा न्युगिनीविरुद्ध प्रतिस्पर्धा गरेका थिए।

यस्तो छ प्रारम्भिक टोली

रोहितकुमार पौडेल, दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, अविनाश बोहरा, सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, कुशल मल्ल, सन्दीप जोरा, गुल्सन झा, सोमपाल कामी, नन्दन यादव, ललित राजवंशी, लोकेश बम, आरिफ शेख, आदिल आलम, करण केसी, साहब आलम, शेर मल्ल, भीम सार्की, ईशान पाण्डे, बसिर अहमद, प्रतिश जिसी र रूपेशकुमार सिंह

खेलाडी छनोट आधार एनपिएल

सुदूरपश्चिमका विकेटकिपर विनोदले एनपिएलमा जति उत्कृष्ट प्रदर्शन गरे पनि राष्ट्रिय टोलीमा समावेश हुन नसकिने प्रतिक्रिया दिएका छन्। 'जस्तोसुकै उत्कृष्ट ब्याटिङ वा बलिङ प्रदर्शन गरे पनि राष्ट्रिय टोलीमा छनोट हुन सकिँदैन,' एनपिएलमा दुई अर्धशतकीय इनिङ्स खेलेपछि उनले भनेका थिए, 'यसकारण यहाँ राम्रो प्रदर्शन गरेर राष्ट्रिय टोलीमा स्थान बनाउन सकिन्छ भन्ने विश्वास राख्दिनँ।' गत वर्षको संस्करणमा पनि विनोदले ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेका थिए। तर, उनी त्यसवेला टोलीमा पर्न सकेनन्। यसकारण उनले एनपिएललाई छनोट आधार नभएको मानेका थिए।

तर, क्यानले भने एनपिएललाई टी-२० विश्वकपका लागि खेलाडी छनोटको मुख्य आधार मानेको देखिन्छ। विनोद एनपिएलमा नौ इनिङ्समा २६४ रन बनाएका थिए। उनीभन्दा अगाडि नेपाली खेलाडीमा कप्तान रोहितले २७६ रन बनाएका थिए। राष्ट्रिय टोलीको प्रारम्भिक टोलीमा स्थान बनाएका अविनाश भने एनपिएल सकिएलगत्तै अस्ट्रेलिया पुगिसकेका छन्। उनी पछिल्लो समय अस्ट्रेलिया बस्दै आएका छन्।

एनपिएलमा कमजोर प्रदर्शन गरेका आदिल आलम, सन्दीप जोरा र ओपनर आसिफ शेखले पनि प्रारम्भिक प्रशिक्षणमा स्थान बनाएका छन्। देव खनाल, पवन सर्राफजस्ता खेलाडीलाई समिटिएको छैन। एनपिएपलमा उत्कृष्ट प्रदर्शन गरेपछि क्याम्पमा विनोद र अभिनाशसँगै ईशान पाण्डे, बसिर अहमद, रुपेशकुमार सिंह, भीम सार्की र प्रतिश जिसीलाई प्रशिक्षणमा बोलाइएको छ।

नेपालको समूहमा दुई विश्वविजेता

भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी पुरुष टी-२० विश्वकपमा नेपालले आफ्नो समूहमा पूर्वविश्वकप विजेतासँग प्रतिस्पर्धा गर्नेछ। नेपाल रहेको समूह 'सी'मा सन् २०१२ र ०१६ को विजेता वेस्ट इन्डिजसँगै एकपटकको विजेता इंग्ल्यान्ड रहेका छन्। यसैगरी, बंगलादेश र इटाली यसै समूहमा रहेका छन्। इटाली पहिलोपटक विश्वकपमा पुगेको हो। इटालीले युरोपियन छनोटमा स्कटल्यान्डलाई स्तब्ध पार्दै स्थान सुरक्षित गरेको हो।

नेपालका सबै खेल मुम्बईको वाङखडे रंगशालामा हुनेछ। नेपालले पहिलो खेल ८ फेब्रुअरीमा इंग्ल्यान्डसँग खेल्नेछ। दोस्रो खेल १२ फेब्रुअरीमा इटालीसँग, १५ फेब्रुअरीमा वेस्ट इन्डिज र १७ फेब्रुअरीमा बंगलादेशसँग खेल्ने तालिका छ।

तेस्रो टी-२० कोशी लिग फागुनको दोस्रो साता



केपिएल अक्सनको क्याटगोरी 'सी'मा अधिकतम २५ हजार र क्याटगोरी 'ए'का खेलाडीलाई ६५ हजार रुपैयाँसम्म बोली लगाउन पाउने

नयाँ पत्रिका

तेस्रो संस्करणको टी-२० कोशी प्राइड लिग (केपिएल) ९ देखि २१ फागुनसम्म हुने भएको छ। नेपाल क्रिकेट संघ (क्यान)ले स्वीकृति दिएको लिगमा कोशी प्रदेश क्रिकेट संघले प्राविधिक सहयोग गर्नेछ। केपिएलका निर्देशक अफजल हुसैनले लिगमा सात टोलीको सहभागिता रहने बताएका छन्। आइतबार आयोजित पत्रकार सम्मेलनमा सहभागी सात फ्रेन्चाइज टोलीका मालिक पनि सार्वजनिक गरिएको छ।

आयोजकले अक्सनमा सहभागी हुन खेलाडीको दर्ता प्रक्रिया सुरु गरिसकेको छ। खेलाडीले आफ्नो नाम दर्ता माइपे एपबाट गर्न सक्नेछन्। अक्सनमा क्याटगोरी 'ए'को मूल्य न्यूनतम ४५ देखि ६५ हजारसम्म रहेको छ। यसैगरी, क्याटगोरी 'बी'का खेलाडीको पारिश्रमिक २५ देखि ४५ हजारसम्म हुने हुसैनले बताए। क्याटगोरी 'सी'को मूल्य पाँच हजारदेखि २५ हजारसम्म तोकिएको छ। सहभागी टोलीले कम्तीमा १८ खेलाडी राख्नैपर्ने नियम छ। जसमा एक मार्की, एक आइकोनिक, तीनजना ड्राफ (राष्ट्रिय टोलीका खेलाडी), क्याटगोरी 'ए'का तीन, क्याटगोरी 'बी'का दुई तथा क्याटगोरी 'सी'का एक खेलाडी रहनेछन्।

यस्ता छन् सात टोली

तेस्रो संस्करणको केपिएलमा नमुना ब्लास्टर्स, इटहरी आदर्श जायन्ट्स, बिर्तामोड हिट्स, पूर्वेली सुपर किंग्स, एभरेस्ट थन्डर्स, बिएन कोशी अर्नाज र गोर्खा एभेन्जर्स सहभागी हुनेछन्। नमुना ब्लास्टर्सका मालिक धर्म न्यौपाने, इटहरी आदर्श जायन्ट्सका कल्पित ढकाल, बिर्तामोड हिट्सका अनुराग प्रमानिक तथा प्रतिनिधिमा जीवनकुमार यादव छन्। त्यस्तै, पूर्वेली सुपर किंग्सको मालिक संजोक राणा, महेन्द्र मैनाली, सन्तोष तिमल्सिना, रविन विष्ट र सन्देश सिग्देल हुन्।

एभरेस्ट थन्डर्सका मालिक आकाश खड्का हुन्। बिएन कोशी अर्नाजको मार्कीमा मोहम्मद सेराज अन्सारी तथा गोर्खा एभेन्जर्सबाट विजय खड्का, पूजनबाबु भट्टराई, किरण खड्का, अमरदीप सापकोटा मार्की र रघुनाथ सापकोटा मालिक हुन्।

केपिएलका निर्देशक हुसैनले केपिएल आयोजनासँगै कोशी प्रदेश क्रिकेटको विकास र ग्रासरुट कार्यक्रम अझै प्रभावकारी हुने बताए। राष्ट्रिय टोली तथा एनपिएलका लागि नयाँ-नयाँ खेलाडी उत्पादन हुनेमा आफू आशावादी रहेको उनको भनाइ छ।

खेल संक्षेप

बौद्ध चिल्ड्रेन हेभेन च्याम्पियन

काठमाडौं/ आयोजक मातृभूमि 'ए' र बौद्ध चिल्ड्रेन हेभेन स्कुलले दोस्रो मातृभूमि कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्। मातृभूमि 'ए' पुरुष तथा बौद्ध चिल्ड्रेन महिलामा च्याम्पियन भएका हुन्। पुरुषतर्फको आइतबार भएको फाइनलमा मातृभूमि 'ए'ले आफ्नै 'बी'लाई ५६-२४ ले पराजित गऱ्यो। मातृभूमि 'ए'का आभास राउतले १८ स्कोर गरेका थिए। महिलातर्फ बौद्ध चिल्ड्रेनले चेल्सी वर्ल्ड स्कुललाई ३४-२८ ले हराउँदै उपाधि हात पाऱ्यो। बौद्ध चिल्ड्रेनकी जस्मिन गुरुङले १८ स्कोर गरिन्। फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय आभास र जस्मिन आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।

फुटसलमा एभिएमलाई स्वर्ण

काठमाडौं/ तेस्रो थन्डर बोल्ट्स कपअन्तर्गत यू-१६ छात्रा फुटसलमा एभिएमले पुष्पाञ्जली स्कुललाई ३-० ले पराजित गर्दै स्वर्ण पदक जितेको छ। यू-१२ क्रिकेटको उपाधि न्यु एराले जित्यो। न्यु एराले जेम्स स्कुललाई ५ रनले पराजित गर्दै पहिलो स्थान हात पारेको हो। बास्केटबलतर्फ यू-१६ छात्रामा मातृभूमि स्कुल, रातो बंगला स्कुल, जेम्स स्कुल र एलआरआई स्कुल सेमिफाइनलमा प्रवेश गरेका छन्।

एमेच्योर गल्फको उपाधि पोखरेललाई

कास्की/ काठमाडौंका दीपक पोखरेलले पोखरा एमेच्योर गल्फ प्रतियोगिताको उपाधि हात पारेका छन्। पार ६९ को हिमालयन गल्फ कोर्समा भएको गल्फमा ९५ जना खेलाडीलाई पछि पार्दै ३९ अंकसहित पोखरेलले उपाधि जितेका हुन्। काठमाडौंका एक्स सिंगापुरे विश्वमोहन गुरुङ ३६ अंकका साथ दोस्रो तथा पोखराका बलराम थापाले ३५ अंक बटुल्दै तेस्रो स्थान हात पारे। विजेताले १५ हजार, दोस्रोले १० हजार र तेस्रो हुने खेलाडीले पाँच हजार रुपैयाँ पाएका छन्।

बास्केटबल लिगका लागि छनोट हुँदै

काठमाडौं/ नेपाल बास्केटबल संघको आयोजनामा ७ देखि १२ पुससम्म ली निङ बास्केटबल प्रतियोगिता आयोजना हुने भएको छ। बौद्धको डंकमान्डुमा हुने प्रतियोगिता हिमालयन जाभा राष्ट्रिय बास्केटबल लिगको छनोट प्रतियोगिता हुनेछ। प्रतियोगितामा सहभागी १२ टोलीको प्रतिस्पर्धाबाट चार टोली राष्ट्रिय बास्केटबल लिगका लागि छनोट हुनेछन्। जहाँ पहिले नै छनोट भइसकेको चार टोलीसहितको आठ टोलीबिच प्रतिस्पर्धा हुनेछ। ली निङ बास्केटबल प्रतियोगिताका संयोजक नोर्बु गुरुङका अनुसार कीर्तिपुर क्लब, गोल्डेन गेट कलेज, टाइम्स कलेज र हन्ड्स एकेडेमी राष्ट्रिय लिगमा छन्।

पाकिस्तानले जित्यो यू-१९ एसिया कप



एजेन्सी

पाकिस्तानले युएईमा भएको एसिसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। दुबईमा आइतबार भएको फाइनलमा पाकिस्तानले भारतमाथि १९१ रनको सानदार जित निकाल्दै एसिया कप हात पारेको हो। पाकिस्तानले पहिलो ब्याटिङ गर्दै ५० ओभरमा आठ विकेट गुमाएर ३४७ रन बनाएको थियो। प्रत्युत्तरमा भारत २६.२ ओभरमा १५६ रनमा अलआउट भयो। भारतका लागि ओपनर वैभव सूर्यवंशीले १० बलमा २६ रन बनाए। बलिङमा पाकिस्तानका अली राजाले तीन विकेट लिए। मोहमद सायान, अब्दुल सुभन र हुजैफा हसनले समान दुई विकेट हात पारे।

पाकिस्तानको ब्याटिङमा समीर मिन्हासले शतकीय इनिङ्स खेलेका थिए। उनले ११३ बलमा १७ चौका र नौ छक्काको मद्दतमा १७२ रन जोडे। अहमद हुसेनले ७२ बलमा ५६ रन बनाए। पाकिस्तानको ब्याटिङमा उस्मान खान र समिरबिच दोस्रो विकेटका लागि ९२ रनको साझेदारी भएको थियो। समिरले अहमद हुसेनसँग तेस्रो विकेटका लागि १३७ रन जोडेका थिए। उस्मानले ३५ रन बनाएका थिए। बलिङमा भारतका दीपेश देवेन्धरनले तीन विकेट लिए। हेलिन पटेल र खिलान पटेलको नाममा समान दुई विकेट रह्यो।

यसअघि सेमिफाइनलमा भारतले श्रीलंकालाई हराएको थियो। पाकिस्तानले बंगलादेशलाई पराजित गरेर फाइनलमा स्थान बनाएको थियो। प्रतियोगितामा नेपालले पनि भाग लिएको थियो। नेपाल समूह 'बी'मा रहेको थियो। नेपालले बंगलादेश, श्रीलंका र अफगानिस्तानविरुद्धका तीनै खेलमा हारको सामना गरेको थियो।

कुमारी बैक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०९/०७ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

कोटेश्वर

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
सरोज खड्का ना.प्र.नं.- ३४१०६९/१९० जारी मिति - २०६६/०४/०४ जि.प्र.का. पर्सा बाबु - विजय सिंह खड्का क्षेत्री बाजे - अम्बरध्वज खड्का स्थायी ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स. वडा नं.०१ हालको ठेगाना- काठमाण्डौं जिल्ला, कागेशवरी मनोहरा न.पा. वडा नं. ०७	१. **मिना देवी**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स./न.पा. वडा नं. १ स्थित कित्ता नं. ३५३ को क्षे.फ. ५८२०.२७ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **मिना देवी** ना.प्र.नं.- ८११६०००६ जारी मिति - २०४५.०१.२१, जि.प्र.का. पर्सा बाबु - कृष्ण बहादुर थापा बाजे - दिल्ली बहादुर थापा पति - विजय सिंह खड्का क्षेत्री स्थायी ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स. वडा नं. ०१ हालको ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.पा. वडा नं. ०२	२. **विरेन्द्र सिंह खड्का** ना.प्र.नं.- ८११६२५३६ जारी मिति - २०५५.११.०१ जि.प्र.का. पर्सा बाबु - विजय सिंह खड्का क्षेत्री बाजे - अम्बरध्वज खड्का स्थायी ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स. वडा नं. ०१ हालको ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.पा. वडा नं. ०२
३. **विजय सिंह खड्का क्षेत्री** ना.प्र.नं.- ८११६०००५ जारी मिति - २०३८.०६.०४ जि.प्र.का. पर्सा बाबु - अम्बरध्वज खड्का बाजे - रणदल सिंह खड्का स्थायी ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स वडा नं. ०१ हालको ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.पा. वडा नं. ०२	४. **श्याम सिंह खड्का** ना.प्र.नं.- ८११६२२३२ जारी मिति - २०५५/०२/०४ जि.प्र.का. पर्सा बाबु - सिन्धु बहादुर खड्का बाजे - अम्बर ध्वज खड्का स्थायी ठेगाना- पर्सा जिल्ला, सखुवाप्रसौनी गा.वि.स. वडा नं. ०१ हालको ठेगाना- काठमाण्डौं जिल्ल, कागेशवरी मनोहरा न.पा. वडा नं. ०८

विरगंज, पर्सा

१. ऋणीहरुको विवरण	धितो सुरक्षणको विवरण
क. **प्रदिप कुमार कानु** ना.प्र.नं.- १६०३२८६६८ जारी मिति - २०५९/०२/०६, जि.प्र.का. पर्सा बाबु - केदार प्रसाद साह कानु बाजे - देव सुन्दर प्रसाद कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंज म.न.पा., वडा नं. १३, (साविक वीरगंज उ.म.न.पा., वडा नं. १६)	१. **प्रदिप कुमार कानु**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज गा.वि.स./न.पा. वडा नं. १६, स्थित कित्ता नं. ४८५ को क्षे.फ. ०-०-१९ (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
ख. प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय पर्सा, वीरगंन्जमा मिति २०६८/०९/२६ मा घ.तथा सा.उ.का.प्रा.फ.पर्सा नं. ५६७७/०६८/६९ कायम भई दर्ता रहेको पर्सा जिल्ला, वीरगंन्ज म.न.पा. वडा नं. १३, (साविक वीरगंन्ज उ.म.न.पा., वडा नं.१६) स्थित रजिष्टर्ड कार्यालय रहेको **शिबशक्ति इन्जिनियरिङ्ग एण्ड सिमिल वर्क्स ।** **प्रोपाईटर - संदिप कुमार कानु**	१. **प्रदिप कुमार कानु**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १६ स्थित कित्ता नं. २७५ को क्षे.फ. ३८ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत । २. **केदार प्रसाद सा कानु**को नाममा मालपोत कार्यालय, पर्सामा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा., वडा नं. १६ स्थित कित्ता नं. ३०३, २७६ र ३०४ को क्षे.फ. क्रमश: ४२.३२, १३ र १०.६८ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **प्रदिप कुमार कानु** ना.प्र.नं.- १६०३२८६६८ जारी मिति - २०५९/०२/०६, जि.प्र.का. पर्सा बाबु - केदार प्रसाद साह कानु बाजे - देव सुन्दर प्रसाद कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३, (साविक वीरगंन्ज उ.म.न.पा., वडा नं. १६) २. **संदिप कुमार कानु** ना.प्र.नं.- १६०३२८७३० जारी मिति -२०५९/०२/१५, जि.प्र.का. पर्सा बाबु - केदार प्रसाद साह कानु बाजे - देव सुन्दर प्रसाद कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३, (साविक वीरगंन्ज उ.म.न.पा., वडा नं. १६)	३. **दिपक कुमार कानु** ना.प्र.नं.- ४२४/१६०३२२०५० जारी मिति -२०५२/०९/११, जि.प्र.का. पर्सा । बाबु - केदार प्रसाद साह कानु बाजे - देव सुन्दर प्रसाद कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३, (साविक वीरगंन्ज उ.म.न.पा., वडा नं. १६) ४. **केदार प्रसाद सा कानु** ना.प्र.नं.- .१६०३११४८१ जारी मिति -२०३३/१०/१३ जि.प्र.का. पर्सा बाबु - देव सुन्दर प्रसाद कानु बाजे - रामधनी साह कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३,
५. **मधुमति देवी कनुईन** ना.प्र.नं.- ४१२४ जारी मिति -२०४६/०३/१४,गृह मन्त्रालय बाबु - रामचन्द्र सा कानू बाजे - भगलु साह पति - केदार प्र. साह कानू स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३, (साविक वीरगंन्ज उ.म.न.पा., वडा नं. १६) ६. **सरिता देवी** ना.प्र.नं.- ३४-०१-८०-००२८३ जारी मिति -२०८०/०१/१०, जि.प्र.का. पर्सा बाबु - सुरेन्द्र साद बाजे - नागु लाल साह पति - दिपक कुमार कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३,	७. **सीमा देवी** ना.प्र.नं.- ३४-०१-८०-००२८३ जारी मिति -२०८०/०१/१०, जि.प्र.का. पर्सा बाबु - कन्हैया प्रसाद बाजे - रामचन्द्र साहु पति - प्रदिप कुमार कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३, ८. **सिता कुमारी देवी** ना.प्र.नं.- ३४-०१-७७-०८८६५ जारी मिति - २०७७/१२/२०, जि.प्र.का. पर्सा बाबु - भरत प्रसाद कानु बाजे - गणेश साह पति - संदिप कुमार कानु स्थायी ठेगाना- पर्सा जिल्ला, वीरगंन्ज म.न.पा., वडा नं. १३,

चन्द्रगढी, झापा

ऋणीहरुको विवरण	व्यक्तिगत जमानीकर्ताहरुको विवरण
१. **सुरज कार्की** ना.प्र.नं.- १८६०२६६१, जारी मिति - २०५५/०९/०८, जि.प्र.का. झापा बाबु - मोहन सिंह कार्की बाजे - एन्द्र सिंह काकी स्थायी ठेगाना- झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १० हालको ठेगाना- ऐ ऐ.....१ र **स्वस्तीका न्यौपाने** ना.प्र.नं.- ६६९०८, जारी मिति - २०५९/०२/०५, जि.प्र.का. मोरङ्ग बाबु - प्रशुराम न्यौपाने बाजे - रण बहादुर न्यौपाने स्थायी ठेगाना- मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा., वडा नं. ०६ हालको ठेगाना- झापा जिल्ला, भद्रपुर न.पा., वडा नं. १०.....१ को संयुक्त नाममा	१. **मोहन सिंह काकी** ना.प्र.नं.- १८६०३९०० जारी मिति - २०४४/०५/०९, जि.प्र.का. झापा बाबु - एन्द्र सिंह काकी बाजे - कर्णबिर कार्की स्थायी ठेगाना- झापा जिल्ला, भद्रपुर न.पा., वडा न १० हालको ठेगाना- ऐ ऐ २. **दुर्गादेवी कार्की** ना.प्र.नं.- १८६०३९०१ जारी मिति - २०३८/०९/२६, जि.प्र.का. झापा बाबु - भिम बहादुर विष्ट बाजे - नर बहादुर विष्ट स्थायी ठेगाना- झापा जिल्ला, भद्रपुर न.पा., वडा न १० हालको ठेगाना- ऐ ऐ

धितो सुरक्षणको विवरण

१. **दुर्गादेवी कार्की**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ८६८९ र ८६८६ को क्षे.फ. क्रमश: ०-१-३.५-० र ०-०-१२.५-० (वि.क.धु.क) जग्गा र सो जग्गामा निर्माण भएको घर जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

२. **मोहन सिंह कार्की**को नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चन्द्रगढी गा.वि.स./न.पा., वडा नं. ६ स्थित कित्ता नं. २८८४ को क्षे.फ. ०-०-१८ (वि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु ।

पुतलीसडक

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
संगीता देवी फुयल ना.प्र.नं.- ७०२७० जारी मिति - २०६१/०८/०८, जि.प्र.का. उदयपुर बाबु - कृष्ण प्रसाद फुयल बाजे - परशुराम फुयल स्थायी ठेगाना- उदयपुर जिल्ला, सुन्दरपुर गा.वि.स., वडा नं.०६ हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. २८	१. ऋणी **संगीता देवी फुयल** तथा निज प्रोपाईटर रहेको **रश्मी फेन्सी स्टोर**को सम्पुर्ण चलअचल श्री सम्पति तथा आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धित्तो सुरक्षण लिखत वा हाइपोथिकेसन तमसुक ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **रोहित प्रसाद देवकोटा** ना.प्र.नं.- ३६५२/३१७९ जारी मिति - २०४४/१२/२१, जि.प्र.का.सिन्धुली बाबु - भवनाथ देवकोटा बाजे - गणपति देवकोटा स्थायी ठेगाना- सिन्धुली जिल्ला, आम्बोटे गा.वि.स., वडा नं. ०६ हालको ठेगाना- काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. २८	२. **विनोद अधिकारी** ना.प्र.नं.- २०१००७/३३ जारी मिति - २०६७/०५/०७, जि.प्र.का.सिन्धुली बाबु - रुक्म राज अधिकारी बाजे - रत्न राज अधिकारी स्थायी ठेगाना- सिन्धुली जिल्ला, बाहुनतिल्पुङ गा.वि.स., वडा नं. ०२ हालको ठेगाना- भक्तपुर जिल्ला, सुर्यविनायक न.पा., वडा नं. १०

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौं फोन नं. ०१-५३४६९९१

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com